सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ असोज २०८२, शुक्रबार (10 Oct 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भिजिट भिसामा मानव तस्करी प्रकरण

छानबिन समितिले दियो टालटुले प्रतिवेदन

समिति नै तत्कालीन गृहमन्त्री रमेश लेखकसहितका उच्चपदस्थलाई 'क्लिन चिट' दिने नियतसहित बनाइएको थियो, नभन्दै दैनिक ५० लाखसम्मको असुली धन्दाबारे छानबिन नै नगरी सामान्य सुधारका विषय समेटेर प्रतिवेदन तयार गरिएको छ



तीर्थराज भट्टराई, विमानस्थल अध्यागमनका तत्कालीन प्रमुख

▲ **रमेश लेखक**, तत्कालीन गृहमन्त्री

तत्कालीन गृहमन्त्री रमेश लेखकले नै अध्यागमनबाट भिजिट भिसाको नाममा असुली धन्दा चलाएको आरोप लागेपछि छानबिनको माग उठेको थियो। भिजिट भिसामा संस्थागत असुली चलेको सूचनापछि अख्तियारले त्रिभुवन विमानस्थलस्थित अध्यागमनका तत्कालीन प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई घुससहित पक्राउ गर्ने तयारी गरिरहँदा गृह मन्त्रालयले ७ जेठमा उनको सरुवा गरेको थियो। सरुवा गरेकै दिन आयोगले उनलाई पक्राउ गरी अनुसन्धान थालेको थियो। त्यसपछि गृहमन्त्रीमाथि समेत छानबिनको माग तीव्र भएको थियो। यद्यपि, सरकारले सुरुदेखि नै छानबिनसमेत गर्न चाहेको थिएन। जबकि, अध्यागमनमा दिनमै ५० लाखभन्दा धेरै असुली हुने गरेको र सो पैसा गृह मन्त्रालयदेखि शक्तिकेन्द्रसम्म पुग्ने गरेको अख्तियारको प्रारम्भिक छानबिनमा देखिएको थियो। रास्वपालगायत दलले सो विषयमा संसदीय छानबिन समिति वा जाँचबुझ आयोग गठनको माग गरे पनि सरकारले अस्वीकार गर्दै छानबिन समिति बनाएको थियो।

नवराज मैनाली/नयाँ पत्रिका

अध्यागमनबाट भिजिट भिसामा भएको असुली र मानव तस्करीको विषयमा गठन गरेको छानबिन समितिले टालटुले प्रतिवेदन दिएको छ। असुलीका विषयमा कुनै छानबिन नै नगरी सामान्य सुधारका विषय समेटेर तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालय पठाइँदै छ।

विपक्षी दलहरूले लामो समय संसद् अवरोध गरेपछि केपी ओली नेतृत्वको तत्कालीन सरकारले पूर्वमुख्यसचिव शंकरदास बैरागीको अध्यक्षतामा भिजिट भिसाको सम्बन्धमा छानबिन समिति गठन गरेको थियो। समितिले ९ असोजमा प्रतिवेदन बुझाएकोमा बिहीबारको मन्त्रिपरिषद् बैठकले कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने निर्णय गरेको हो।

स्रोतका अनुसार प्रतिवेदनमा भिजिट भिसामा भएको अनियमितताको विषय केही उल्लेख छैन। भिजिट भिसाको विषयलाई कसरी नीतिगत रूपमा सम्बोधन गर्न सकिन्छ भनेर सुझाव मात्र दिइएको छ। समितिका सदस्यसचिवसमेत रहेका गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले समितिलाई समस्याबारे अध्ययन गर्ने कार्यादेश मात्र भएकाले सोहीअनुसार प्रतिवेदन तयार पारिएको बताउँछन्।

विपक्षी दलहरूसँग भिजिट भिसामा भएको बदमासीको विषयमा छानबिन नै गर्ने सहमति भए पनि पछि ओली सरकारले समितिलाई अध्ययनको मात्र जिम्मेवारी दिएको थियो। छानबिन गर्दा गृह नेतृत्व नै तानिने भएपछि त्यसरी सुरुदेखि नै छलछाम भएको थियो।



अख्तियार पनि पुगेन राजनीतिक नेतृत्वसम्म

भिजिट भिसाका नाममा भएका असुलीबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ। तर, उसले पनि राजनीतिक नेतृत्वलाई छोएको छैन। सहसचिव तीर्थराज भट्टराई र उनका केही सहयोगीविरुद्ध भने पहिलो चरणमा मुद्दा दायरको तयारी गरेको छ। तिहारअघि नै मुद्दा दायर हुनसक्ने आयोगका एक अधिकारी बताउँछन्।

तत्कालीन गृहमन्त्री रमेश लेखकले नै अध्यागमनबाट भिजिट भिसाको नाममा असुली धन्दा चलाएको आरोप लागेपछि छानबिनको माग उठेको थियो। भिजिट भिसामा संस्थागत असुली चलेको

» पृष्ठ २ मा क्रमशः

ओलीमा अझै उस्तै अहंकार

अन्तरिम सरकार र चुनाव अस्वीकार गर्दै मुठभेडलाई निम्ता

संसद् पुनर्स्थापनाका लागि सडक र कानुनी दुवै संघर्षको बाटो अपनाउने सार्वजनिक घोषणा गर्दै एमाले अध्यक्ष ओलीले आगामी दिन थप तनावपूर्ण बनाउने संकेत गरेका छन्

शुरोजंग पाण्डे/नयाँ पत्रिका
तस्बिर : **अमुल थापा**

सत्ताच्युत भएको एक महिनामै एमाले अध्यक्ष केपी ओलीले अन्तरिम सरकार र आसन्न निर्वाचन अस्वीकार गर्दै पुनः सत्ता फिर्तीको एजेन्डा अघि सारेका छन्। संसद् पुनर्स्थापनाका लागि सडक र कानुनी दुवै संघर्षको बाटो अपनाउने सार्वजनिक घोषणा गर्दै ओलीले आगामी दिन थप तनावपूर्ण र मुठभेडमुखी गराउने संकेत पनि गरेका छन्। ओलीले गृहमन्त्री र जेन-जी आन्दोलनको दमन एवं विध्वंसको जाँचबुझ गर्न गठित आयोगका अध्यक्षको समेत खिसीटिउरी गरेका छन्।

पार्टीभित्रकै नेताहरू र सार्वजनिक वृत्तमा उनको नेतृत्वमाथि प्रश्न उठाउँदै सम्मानजनक बहिर्गमन गर्न चौतर्फी दबाब भए पनि ओलीले आफूले नै समग्र जित हासिल गरेजस्तै गरी आक्रामक भाषणमार्फत सत्ता पुनः प्राप्तिको मार्गचित्र सार्वजनिक गरेका हुन्। पार्टी सचिवालय र केन्द्रीय कमिटी बैठकको पूर्वसन्ध्यामा ओलीले पार्टीले लिने सम्भावित निर्णय अग्रिम रूपमा सुनाएका छन्। ओलीले सत्ता आर्जनका लागि चुनाव होइन, संसद् पुनर्स्थापनालाई भन्याङ बनाउन खोजेका छन्। उनले स्वास्थ्यले साथ दिने सीमासम्म पार्टीको नेतृत्व निरन्तर गर्नेसमेत उद्घोष गरेका छन्।

भक्तपुरको गुन्डुमा एमालेले आयोजना गरेको सभामा बोल्दै ओलीले कांग्रेससहित

» पृष्ठ २ मा क्रमशः



● गुन्डुमा भक्तपुर एमालेले गरेको कार्यक्रममा अध्यक्ष ओलीले भने–

देशलाई सही बाटोमा फर्काउनका लागि असंवैधानिक रूपमा विघटन गरिएको संसद् तत्काल फिर्ता गर्ने माग राखेर अघि बढ्नेबाहेक अरू विकल्प छैन। एमाले यही बाटोमा अघि बढ्नेछ। मेरो विश्वास छ- कांग्रेस आफू पनि यही बाटोमा अघि बढ्नेछ र अरू पार्टी पनि अघि बढ्नेछन्।

अहिलेको सरकार संविधानसम्मत छैन। चुनावको नाटक मञ्चन गरेर, नेताहरूलाई जेल हालेर, मुद्दा लगाएर, अपमान गरेर, बुथ कब्जा गरेर, कसैलाई चुनाव लड्न नदिएर र आफू मात्र चुनाव लडेर दिग्विजयी घोषणा गर्ने सपना देखिरहेको होला। तर, त्यो सपनाको टाउकोमा एमालेले, लोकतान्त्रिक शक्तिहरूसमेत मिलेर, नेपाली जनताले र नेपालका जेन-जी युवाले चिसोपानी खन्याउनेछन्।

पहिले नै केपी ओली थुन्नुपर्छ भन्नेहरूको आयोग बनाएर प्रतिवेदन बनाउने नाटक एमालेलाई स्वीकार्य छैन। तपाईंहरू प्रतिवेदन लेख्नुस्, बुझ्नुस्, फैसला गर्नुस्। एमालेलाई मान्य छैन। जे गर्नु छ गर्नुस्, नेपाली जनतालाई मान्य छैन।'

केपी ओलीलगायत केही मान्छेको पासपोर्ट रोक्का गर्ने रे! अर्को तमासा छ- काठमाडौं भ्याली काटेर जान नपाइने रे! यो सडक तमासा नभए के हो? सुशीला कार्कीको डरले के केपी ओली भाग्छ, गुटुटु ...। के सोचेको?

गृहमन्त्री बाबुलाई धेरै नचाम्किन सल्लाह छ। राजनीति ख्यालठट्टा होइन। देश चलाउने कुरा ख्यालठट्टा होइन। यसलाई बुझेर चल्न सुझाव दिन चाहन्छु।

■ कांग्रेसको सर्त

विश्वसनीय र शान्तिपूर्ण वातावरण सुनिश्चित नभए निर्वाचनमा नजाने

● **डा. प्रकाशशरण महत**, प्रचार विभाग प्रमुख



सरकारले अहिलेसम्म दलहरूसँग वार्ता गरेको छैन, यसले निर्वाचनबारे सरकारको गम्भीरतामा प्रश्न उठाएको छ। राजनीतिक हिसाबले निर्वाचनका लागि कांग्रेस जहिले पनि तत्पर हुने पार्टी हो। तर, सरकार नै यसप्रति गम्भीर देखिएको छैन। त्यस्तो अवस्थामा प्रतिनिधिसभा पुनर्स्थापनाको विकल्प पूरै बन्द गर्ने भन्ने कुरा आउँदैन। तर, शान्ति सुरक्षा सुनिश्चितता हुने हो भने निर्वाचनबारे हामीले एउटा निर्णय लिनुपर्छ। आइतबारको केन्द्रीय कार्यसमितिले आगामी रणनीति तय गर्छ।

प्रेम गौतम/नयाँ पत्रिका

विघटित संसद्को ठुलो दल कांग्रेसले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा भाग लिन विश्वसनीय र शान्तिपूर्ण वातावरण सुनिश्चित गर्न सरकारसँग सर्त राखेको छ। २४ भदौको घटनाका दोषीलाई उन्मुक्ति दिने गरी गृह मन्त्रालयबाट जारी विज्ञप्तिले निर्वाचन शान्तिपूर्ण

» पृष्ठ २ मा क्रमशः

■ महामन्त्रीद्वयको प्रस्ताव

मंसिरमा नियमित महाधिवेशन नभए विशेष महाधिवेशन



'कार्यसमितिको म्याद थपिन्न, नियमित महाधिवेशन हुन्छ, नभए विशेष महाधिवेशन हुन्छ'



चारवटै सुरक्षा निकायको निष्कर्ष

लुटिएका हतियार, खोसिएका बर्दी र जेलबाट फरार कैदीबन्दी ठुलो सुरक्षा चुनौती



प्रहरीको तथ्यांकमा १२ सयभन्दा धेरै हतियार गायब छन्। त्यसमध्ये एक सय हतियार जलेको अवस्थामा फेला परेका छन्। बाँकी ११ सय हतियार आन्दोलनका क्रममा लुटिएका हुन्। लुटिएकामध्ये अधिकांश हतियार थ्री नट थ्री राइफल र एसएलआर छन्। जुन अझै फेला पर्न सकेका छैनन्।

(विस्तृत पृष्ठ ३)

जेन-जी आन्दोलनमा भएको क्षतिबापत सवा २३ अर्ब बिमा दाबी

जेन-जी आन्दोलनका कारण भएको क्षतिबापत नेपालमा सञ्चालित १४ निर्जीवन र चार लघु निर्जीवन बिमा कम्पनीमै दाबी परेको छ। यो हकवालाहरूले गरेको दाबी मात्रै हो। अब सर्भेयरले बिमा दाबीयोग्य क्षतिको मूल्यांकन गर्नेछन्। त्यसका आधारमा अन्तिम दाबी रकम निर्क्योल गरिनेछ। त्यस्तो गर्दा प्रक्रिया केही लामो हुन सक्नेछ। यद्यपि, अग्रिम दाबी भुक्तानी दिन भने सुरु गरिएको नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्रीले बताए।

(विस्तृत पृष्ठ ६)

■ इजरायल-प्यालेस्टाइन युद्धविराम सम्झौता

सोमबार छुट्ने २० बन्दीको सूचीमा छैनन् विपिन

युद्धविराम सम्झौताको स्वागत गर्दै विपिनलाई मुक्त गर्न नेपालको आग्रह



इजराइल-हमास युद्धविरामपछि खुसी साट्दै गाजाको खान युनिसका स्थानीय

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्यालेस्टाइनको हमास समूहले सोमबारभित्र आफ्नो कब्जामा रहेका २० जीवित युद्धबन्दी छाड्ने भएको छ। इजरायल र हमासबिच बिहीबार बिहान इजिप्टमा भएको युद्धविराम सम्झौताअनुसार हमासले उनीहरूलाई छाड्ने भएको हो। तर, उक्त २०

» पृष्ठ २ मा क्रमशः



इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डित भन्छन्-



हमासले छाड्न लागेका २० जना युद्धबन्दीहरूको सूचीमा विपिन जोशीको नाम भएको जानकारी छैन। विपिनको जे-जस्तो अवस्था छ, त्यो पनि चाँडै नै जानकारीमा आउनेछ भन्ने आशामा छौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राप्ती स्वास्थ्य प्रतिष्ठानमा एमआरआई मेसिन खरिद प्रकरण

१२ करोड भ्रष्टाचारको आरोपमा उपकुलपतिसहित १३ विरुद्ध मुद्दा

नयाँ पत्रिका



प्रतिष्ठानकी तत्कालीन उपकुलपति प्राडा संगीतासिंह भण्डारी प्रमुख प्रतिवादी, १२ करोड सात लाख ६० हजार ९४६ रुपैयाँ बिगो दाबी

बिगोबमोजिम जरिवाना तथा खर्च भएको नौ करोड ३४ लाख २६ हजार ६१९ रुपैयाँ असुलउपर गर्न र तीन महिनादेखि तीन वर्षसम्म कैद तथा सार्वजनिक संस्थाको प्रमुखका रूपमा तीन वर्षसम्म कैद सजायको मागदाबी

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमआरआई मेसिन खरिदमा १२ करोड भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यसमा संलग्नविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। प्रतिष्ठानकी तत्कालीन उपकुलपति प्राडा संगीतासिंह भण्डारी र तत्कालीन कायममुकायम रजिस्ट्रार भन्कार लामिछानेसहित १३ जनालाई अख्तियारले प्रतिवादी बनाएको छ।

खरिद प्रक्रियामा कानुनविपरीत कार्य गरेको र ठेकेदारसँग न्यून गुणस्तरको मेसिन स्वीकार गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। अख्तियारले मुख्य प्रतिवादी बनाएकी भण्डारी विवादित कर्मचारी हुन्। हाल बिपी

» पृष्ठ २ मा क्रमशः

संयम राख्न र हिंसाको चक्र रोक्न प्रधानमन्त्री कार्कीको अपिल

जेन-जीलाई अर्थपूर्ण सहभागिता दिलाउन नयाँ संयन्त्र बनाउने प्रतिबद्धता

काठमाडौं/ अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले संयम राख्न र हिंसाको चक्र रोक्न सबैसँग अपिल गरेकी छिन् । जेन-जी आन्दोलनको एक महिना पुगेको अवसरमा बिहीबार एक भिडियो सन्देश जारी गर्दै उनले भविष्यको नेपाल निर्माणमा जेन-जीलाई अर्थपूर्ण रूपमा सहभागी गराउन नयाँ संयन्त्र स्थापना गर्ने प्रतिबद्धता पनि जनाएकी छिन् ।

'भविष्यको नेपाल निर्माणमा जेन-जीलाई अर्थपूर्ण रूपमा सहभागी गराउन नयाँ संयन्त्र स्थापना गर्नेछौं । आजका दिन म सबैलाई संयम राख्न र हिंसाको चक्र रोक्न अपिल गर्न चाहन्छु,' प्रधानमन्त्री कार्कीले सम्बोधनमा भनेकी छिन्, 'यो दुःखद घटनालाई नयाँ नेपाल निर्माणको जग बनाउन हामीहरूलाई आपसी सद्भाव र राष्ट्रिय एकता आवश्यक छ ।'



प्रधानमन्त्री कार्कीले युवा पुस्ताले गरेको क्रान्तिलाई सबैले स्वीकार गर्नुपर्ने बताइन् । 'हाम्रा युवाहरूको बलिदान पछाडि राजनीतिक र आर्थिक सुधार देख्ने तीव्र चाहना छ । देशमा न्याय, विधिको शासनको अपेक्षा छ । देशमा भ्रष्टाचार र बेथिति उन्मूलन भएको हेर्ने चाहना छ । युवा पुस्ताले गरेको क्रान्तिलाई हामी सबैले स्वीकार गर्नुपर्छ,' प्रधानमन्त्री काकीले भनेकी छिन् ।

आफ्नो सरकार मात्र नभई भविष्यमा निर्वाचनमार्फत आउने नयाँ सरकारले पनि युवाहरूको आवाज सम्बोधन गर्नुपर्ने उनको भनाइ छ । 'एकातिर हाम्रा युवामा निराशा व्याप्त छ भने अर्कोतर्फ देशप्रति उत्कट प्रेम । उनीहरूको भावनालाई म सम्मान गर्न चाहन्छ । विगतका सरकारहरूले युवाहरूको आवाज सुन्न सकेनन् । उनीहरूको माग सुन्न सकेनन् । यसका लागि हामी सबैले आफ्नो कमजोरी र गल्तीलाई विनम्रतापूर्वक स्वीकार गर्नुपर्छ,' उनले भनेकी छिन्, 'हामी युवा पुस्ताले चाहेको परिवर्तनप्रति प्रतिबद्ध छौं । र नयाँ मार्गमा अघि बढिरहेका छौं । यो माग आगामी निर्वाचनपछि पनि निरन्तर कायम रहनुपर्छ । यसका लागि हामी सबै युवा सचेत हुन जरुरी छ भने राजनीतिक दलहरूले आफूलाई सुधार गर्न पनि जरुरी छ ।'

प्रधानमन्त्री कार्कीले युवाहरूले गरेको राजनीतिक क्रान्तिको भावनालाई सबैले आत्मसात् गर्न जरुरी रहेकी बताइन् । साथै, उनले सरकारले विभिन्न क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता जनाएकी छिन् । 'हामीले पीडित परिवारलाई राहत र घाइतेको उपचारका लागि विशेष कार्यक्रम अघि ल्याएका छौं । उनीहरूको कल्याणका लागि थप संयन्त्र बनाउने क्रममा छौं । भ्रष्टाचार, बेरोजगारी, विभेदजस्ता समस्यालाई सम्बोधन गर्न हामी राजनीतिक र प्रशासनिक सुधार गर्ने प्रतिबद्धता जनाउन चाहन्छौं,' उनले भनेकी छिन् ।

प्रधानमन्त्री कार्कीले सहिदहरूको बलिदान खेर जान नदिन सकेसम्मको प्रयास गर्नेसमेत प्रतिबद्धता जनाएकी छिन् । 'मलाई आशा छ, यो वर्तमान सरकार र निर्वाचनपछि आउने नयाँ सरकार दुवैले युवाहरूको सपना साकार पार्न, समृद्ध नेपाल बनाउन ठोस कदम चाल्नेछन् । अन्तिममा दोहोऱ्याउन चाहन्छु, हामी सहिदहरूको बलिदान खेर जान नदिन सकेसम्मको प्रयास गर्नेछौं । मलाई आशा छ, संकटको यो घडीमा हामी सबै एक भएर अघि बढ्नेछौं,' उनले भनिन् ।

अन्तरिम सरकार...

पृष्ठ १ बाट क्रमशः

अन्य दलसँग मिलेर संसद् पुनर्स्थापनाका लागि सडक आन्दोलन र कानुनी दुवै विकल्प अवलम्बन गर्ने योजना प्रस्तुत गरे। ओलीकै 'रोडम्याप'अनुसार राष्ट्रिय युवा संघ र अनेरास्ववियुले हालै प्रहरीको हत्या, सिंहदरबारलगायतका सरकारी सम्पत्तिमा आगजनी र तोडफोडविरुद्ध जाहेरी दर्ता गराएका छन् ।जसमा काठमाडौंका मेयर बालेन शाह र 'हामी नेपाल संस्था'का संयोजक सुदन गुरुङको नाम जोडिएको छ । त्यसै क्रममा राष्ट्रिय युवा संघले आइतबार तीनकुनेबाट उपत्यकाभर बृहत् मोटरसाइकल ऱ्याली आयोजना गर्ने जनाएको छ ।

यसअघि लगातार तीन दिनसम्म जिल्ला र प्रदेश नेतृत्वसँगको भर्चुअल बैठकमार्फत ओलीले विदेशी शक्तिको सहयोगमा षड्यन्त्रपूर्वक आफूलाई हटाइएको दाबी गर्दै पुनः एमालेकै नेतृत्वमा देशको राजनीति आउने सुनाएका थिए । जबकि कतिपयले जेन-जी आन्दोलन उठ्नुमा तत्कालीन प्रधानमन्त्री ओलीको भूमिका र अहंकारलाई जिम्मेवार ठहराएका छन् ।

२१ फागुनका लागि तय प्रतिनिधिसभा निर्वाचनका लागि सरकार र निर्वाचन आयोगले तयारी गरिरहेका वेला ओलीले त्यसलाई अस्वीकार गर्दै आन्दोलनलाई प्राथमिकतामा राखेका छन् । 'देशलाई सही बाटोमा फर्काउनका लागि असंवैधानिकरूपमा विघटन गरिएको संसद् तत्काल फिर्ता गर्ने माग राखेर अघि बढ्नेबाहेक अरू विकल्प छैन । एमाले यही बाटोमा अघि बढ्नेछ । मेरो विश्वास छ-कांग्रेस आफू पनि यही बाटोमा अघि बढ्नेछ र अरू पार्टी पनि अघि बढ्नेछन्,' ओलीले भने, 'देशलाई लोकतान्त्रिक बाटोमा फर्काउने योबाहेक अन्य बाटो छैन । हामीले समयमा दृढतापूर्वक उपयुक्त कदम चाल्न सकेनौं भने पछि ढिला भएछ भनेर पछुतो मान्नुपर्नेछ । फागुन २१ गते पर्खिनुपर्दैन । नेपाली जनताले आन्दोलनको आँधीबेहेरी सिर्जना गर्नुपर्नेछ । शान्ति र जनताको सुरक्षाको प्रबन्ध राजनीतिक दलको अगुवाइमा गर्नेछौं ।'

ओलीले सरकारले चाहे पनि चुनाव गर्नै नदिने घोषणा गरे । 'कसैले भ्रम पाल्नैपर्दैन, अहिलेको सरकार संविधानसम्मत छैन । चुनावको नाटक मञ्चन गरेर, नेताहरूलाई जेल हालेर, मुद्दा लगाएर, अपमान गरेर, बुथ कब्जा गरेर, कसैलाई चुनाव लड्न नदिएर र आफू मात्र चुनाव लडेर दिग्विजयी घोषणा गर्ने सपना देखिरहेको होला,' उनले भने, 'तर, त्यो सपनाको टाउकोमा एमालेले, लोकतान्त्रिक शक्तिहरूसमेत मिलेर, नेपाली जनताले र नेपालका जेन-जी युवाले चिसोपानी खन्याउनेछन् ।'

त्यसअघि ओलीले असंवैधानिक ढंगले र अरू कसैले बनाएको सरकारको कुनै औचित्य नभएको बताएका थिए । बिहीबार उनले फेरि भने, 'मैले अस्ति पनि भनैं र फेरि भन्छु-यो हा-हुमा बनेको सरकार हो । यो कसैको प्रतिनिधि होइन, नेपालीको चाहिँ होइन, अन्त कतैको भए थाहा छैन । यो कसैले छानेको सरकार होइन, उहाँहरू एउटा खास उद्देश्यले काम गरिरहनुभएको छ ।'

ओलीले पहिल्यै फैसला गरेर विरोधी अभिव्यक्ति दिने व्यक्तिलाई नै आयोगमा राखेर सरकारले पुरस्कृत गरेकाले उसले गरेको निर्णय नमान्ने पनि बताए । 'पहिले नै केपी ओली थुन्नुपर्छ र समाउनुपर्छ भन्नेहरूको आयोग बनाएर प्रतिवेदन बनाउने नाटक एमालेलाई स्वीकार्य छैन । एमालेलाई यो नक्कली आयोग मञ्जुर छैन किनभने आयोगमा बस्नुभन्दा अगाडिका अभिव्यक्तिहरू आइसकेपछि र प्रश्न उठिसकेपछि नैतिकताका आधारमा राजीनामा दिनुपर्दैनथ्यो ?' उनले भने, 'एउटा मान्छे अहिलेको अहिल्यै विरोधीबाट निष्पक्ष हुन सक्छ ? के गरेर उहाँहरू निष्पक्ष हुनुभयो ? बागमतीको पानी खानुभो ? गंगाजल खानुभो ? सुनपानी छर्किनुभो ?कसरी हामी निष्पक्ष भन्नसक्नुभो ? लुसुलुसु अघि बढ्नुभएको छ । तपाईंहरू प्रतिवेदन लेख्नुस्, बुझाउनुस्, फैसला गर्नुस् । एमालेलाई मान्य छैन । जे गर्नुछ गर्नुस्, नेपाली जनतालाई मान्य छैन ।'

सरकारले शीर्ष नेताहरूको सम्पत्ति छानबिन अगाडि बढाएको भए पनि ओलीले त्यसको पनि विरोध गरे । 'सम्पत्ति छानबिन गर्ने अरे । एकपटक होइन, दशपटक छानबिन गर । मन्त्रीजीहरू तपाईंहरू आफ्नै सम्पत्ति छानबिन गर्न सक्नुहुन्छ ?' उनले भने ।

सरकारले काठमाडौं छाडेर बाहिर नजान दिएको निर्देशनमा ओलीले भने, 'केपी ओलीलगायत केही मान्छेको पासपोर्ट रोक्का गर्ने रे ! अर्को तमासा छ-काठमाडौं भ्याली काटेर जान नपाइने रे ! यो सडक तमासा नभए के हो ? सुशीला कार्कीको डरले के केपी ओली भाग्छ, गुटुटु ...। के सोचेको ?'

एमाले अध्यक्ष ओलीले गृहमन्त्री ओमप्रकाश अर्याललाई सम्भावित तनावका लागि एमाले तयार रहेको चुनौती दिए । 'तपाईंहरू कतिले अहिलेको गृहमन्त्रीको नाम सुन्नुभएको थियो?मैले त नाम पनि सुनेको थिइनँ । मन्त्री भएपछि पो थाहा पाएँ । गृहमन्त्रीकोबारेमा धेरै भन्नु केही छैन । गृहमन्त्री बाबुलाई धेरै नउत्ताउलिन, नचम्किन सल्लाह छ । राजनीति ख्यालठट्टा होइन । देश चलाउने कुरा ख्यालठट्टा होइन,' ओलीले भने, 'यसलाई बुझेर चल्न सुझाव दिन चाहन्छु । देशको सार्वभौमसत्ता र स्वाभिमान रक्षाका लागि जुनसुकै बलिदान दिन तयार छौं । जिस्क्याइरहनुपर्दैन । यसका लागि लडेरै यहाँसम्म आएका हौं । यो देशमाथि, सार्वभौमसत्तामाथि र भौगोलिक क्षेत्रमाथि हमला छ । कोही यो षड्यन्त्रको मतियार भएर आउँछ भने हामी सामना गर्छौं ।'

ओलीले सामाजिक सञ्जाल बन्द गर्ने आफ्नो सरकारको निर्णयको पनि प्रतिरक्षा गरे । 'सामाजिक सञ्जालले नेपालमा व्यावसायिक क्रियाकलाप गर्छ भने दर्ता गर्नुपर्छ । नेपाल सार्वभौम राष्ट्र हो, हेप्न पाइँदैन । बरु म हेपिन तयार हुन्छु, सहन्छु, तर देशलाई हेपेको सह्य छैन भनेकै हो,' ओलीले दाबी गरे, 'टमाटार उमार्नेले ट्याक्स तिर्नुपर्छ भने सामाजिक सञ्जालबाट अर्बौं कमाउनेले ट्याक्स तिर्नुनपर्ने ?केही तत्त्वहरूले भाँडेर उचालेर दर्ता नभएको हो । नत्र कुन व्यवसायीले अर्को देशमा गएर तिम्रो देशको संविधान, कानुन मान्दिनँ, दर्ता गर्दिनँ भन्छ ?'

■ प्राध्यापक कृष्ण पोखरेलको विश्लेषण-

ओलीले आफूमाथि उठेका प्रश्नको जवाफ दिनुभन्दा ठुलो स्वरमा बोलेर त्यसलाई दबाउन खोजेका छन्, चुनावबाहेक अर्को विकल्प देखिँदैन



'आक्रामकता नै प्रतिरक्षाको सर्वोत्तम नीति हो' भन्ने भनाइ राजनीतिमा पनि लागू हुन्छ । अहिले एमाले अध्यक्ष केपी ओलीले देखाएको आक्रामकता पनि त्यही रणनीतिक अभिव्यक्तिका रूपमा बुझ्न सकिन्छ । आफूमाथि उठेका प्रश्न र असन्तुष्टिको सिधा सामना गर्नुभन्दा आक्रामक शैलीमार्फत त्यसलाई दबाउने प्रयास उनले गरेको देखिन्छ ।

प्रधानमन्त्री स्वयं देशमा यति ठुलो राजनीतिक घटना भइरहँदा अनभिज्ञ देखिएपछि विपक्षी दलका लागि आक्रामक बन्ने सहज अवसर उपलब्ध भएको हो । जेन-जी आन्दोलनपछि बनेको सरकारले अहिलेसम्म आफ्नो नीति, दिशा र रोडम्याप स्पष्ट गर्न सकेको छैन । सरकारभित्रको त्यही अलमल र कमजोरीको फाइदा उठाउँदै ओलीले आक्रामक प्रस्तुति दिएर विपक्षी भूमिकालाई सुदृढ बनाउने प्रयास गरेका छन् । सरकार अपूर्ण छ, कामको लय पनि समात्न सकेको छैन । यो पनि ओलीका लागि सहज छ ।

जेन-जी आन्दोलन कुनै संगठित वा योजनाबद्ध अभियान थिएन । त्यसैले अहिलेको राजनीतिक परिवर्तन सबैका लागि एक प्रकारको झट्का बनेको छ । अब पुनर्स्थापनाको सम्भावना लगभग शून्य छ । एमालेभित्र पनि पूर्ण सहमति छैन, कांग्रेसभित्र बहस जारी छ । माओवादीले संसद् पुनर्स्थापनाको समर्थन गरेको छैन । यस्तो परिस्थितिमा चुनावबाहेक अर्को विकल्प देखिँदैन ।

ओली र लेखकविरुद्धको जाहेरी प्रहरीमै फिर्ता

काठमाडौं/ पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकविरुद्ध परेको किटानी जाहेरी जाँचबुझ आयोगले प्रहरीमै फिर्ता पठाइदिएको छ । फौजदारी घटनाको अनुसन्धानमा आयोगको कार्यक्षेत्र नभएको भन्दै बिहीबार जिल्ला प्रहरी परिसर, काठमाडौंमा फिर्ता पठाएको हो । ओली र लेखकमाथि राज्यविरुद्धको तथा मानवताविरुद्धको अपराधमा कारबाहीको माग गरी २३ भदौको आन्दोलनमा गोली लागेर मृत्यु भएका चार युवाका परिवारले मंगलबार प्रहरीमा जाहेरी दिएका थिए । प्रहरीले सो जाहेरी आयोगको कार्यक्षेत्रमा पर्ने भन्दै पठाएको थियो । तर, आयोगले फिर्ता पठाएपछि अब प्रहरीबाटै अनुसन्धान गर्नुपर्ने भएको छ ।

आयोगको काम घटनाको विषयमा विश्लेषण गर्ने भएको, तर जाहेरीउपर छानबिनको काम नभएकाले प्रहरीमै फिर्ता पठाउने निर्णय गरिएको प्रवक्ता विज्ञानराज शर्माले बताए । यसअघि नै आयोगले आन्दोलनमा भएका फौजदारी घटनाको अनुसन्धानका लागि प्रहरीले आयोगको प्रतिवेदन कुर्नु नपर्ने प्रस्ट पारिसकेको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकारी भने जाहेरी फिर्ता भए पनि तत्काल दर्ता हुने सम्भावना कम रहेको बताए । 'यो राजनीतिक प्रकृतिको विषय हो,' ती अधिकारी भन्छन्, 'यसरी सिधै जाहेरी दर्ता गरेर अनुसन्धान अघि बढाउन मिल्दैन, सायद होल्ड हुन्छ ।'

गत सोमबार यही विषयमा प्रधानमन्त्री, गृहमन्त्री र सुरक्षा प्रमुखबिचको बैठकमा विस्तृत छलफल भएको थियो । जसमा प्रधानमन्त्री र गृहमन्त्रीले जाहेरी दर्ता गरेरै अघि बढ्नुपर्नेमा जोड दिएपछि सुरक्षा प्रमुखहरूले मुठभेड बढ्ने भन्दै जाहेरी दर्ता गर्न नसकिने बताएपछि केही समयका लागि रोकिएको छ ।

त्यस्तै, बिहीबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले पनि राजनीतिक मुठभेडको जोखिम बढेको औंल्याएको छ । खासगरी पूर्वप्रधानमन्त्री ओलीको पछिल्लो अभिव्यक्तिपछि मुठभेडको जोखिम बढ्ने आकलन गरिएको हो । ओलीले बिहीबार चुनावमा नजाने र जाँचबुझ आयोगलाई समेत नमान्ने बताएका छन् । साथै, एमालेले केही दिनमा मोटरसाइकल ऱ्याली निकाल्न लागेकाले पनि विभिन्न पक्षबिच झडप बढ्न सक्ने भन्दै तयारीका लागि निर्देशन दिइएको छ । पछिल्लो समय एमालेले बालेन र सुदन गुरुङविरुद्ध पनि देशैभरका प्रहरी कार्यालयमा जाहेरी दिने अभियान सुरु गरेका छन् ।

सुन तस्करी प्रकरणमा अख्तियारले महरासँग लियो बयान

काठमाडौं/ सुन तस्करी गर्ने गिरोहसँग निकटता देखिएपछि अख्तियारले पूर्वसभामुख कृष्णबहादुर महरासँग बयान लिएको छ । दुई वर्षअघि उनले विमानस्थल भन्सारका तत्कालीन प्रमुख अरुण पोखरेललाई सुन लुकाइएको भेप (विद्युतीय चुरोट) छुटाउन दबाब दिएको प्रहरी अनुसन्धानमा खुलेको थियो । यसअघि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पनि उनलाई पक्राउ गरी बयान लिएको थियो । तर, तस्करीको समूहसँग अकाट्य प्रमाण जुटाउन नसकेपछि मुद्दा चलाउन सकेको थिएन । उनका छोरा राहुल भने सो मुद्दामा दोषी ठहर भई सजाय भुक्तान गरी छुटिसकेका छन् । अख्तियारले यही विषयमा महरामाथि विस्तृत अनुसन्धान थालेको हो ।

मोटरसाइकल हरायो

मिति २०८२/६/१ गते अ. १९:०० बजेको समयमा का.जि. गोकर्णेश्वर न.पा.-६, सुन्दरटोल स्थित घर अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : हुलास फिनसर्भ हायर पर्चेज लि. (ऋणी : सुमन प्रजा)
मो.सा.नं.: लु.प्र ०१-००७ प २०८५
चेसिस नं.: MD2A13EX6SCB83122
इन्जिन नं.: DKXCSB21989
सम्पर्क न.: 9863338813

१२ करोडको...

पृष्ठ १ बाट क्रमशः

कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्राध्यापकका रूपमा कार्यरत उनी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता तथा २०औंपटक मन्त्री भएका शरत्‌सिंह भण्डारीकी बहिनी हुन् । एमआरआई मेसिन खरिदका लागि आपूर्ति, ढुवानी र जडान गर्न बोलपत्र आह्वान गरिएको थियो । तर, बदनियत राखी मेसिन खरिद गर्न आवश्यकताको पहिचान तथा खरिद गुरुयोजना नै नबनाई बजेट माग गरेर स्वास्थ्य मन्त्रालयमा पत्राचार गरेको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको प्रतिकूल हुने गरी प्रक्रिया अघि बढाइएको अख्तियारको दाबी छ । एमआरआईको प्राविधिक मूल्यांकन गर्दासमेत बदनियत राखी मेसिनको प्रोसेसरको कार्यक्षमता स्पेसिफिकेसनमा उल्लेख भएभन्दा कम हुने गरी लुम्बिनीले प्रस्ताव गरेबमोजिम नै स्वीकार गरेकोसमेत भेटिएको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन, फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

एसवाई प्यानल नेपाल लिमिटेडको जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.४,९७,०९,२००/- (चार करोड सन्तानब्बे लाख नौ हजार दुई सय) रकम बराबरको रु.१००/- अंकित दरका ४,९७,०९२ कित्ता नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि मिति २०८२ असोज ०७ गते मंगलबारदेखि मिति २०८२ असोज १० गते शुक्रबारसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिनुहुने ५६,००० आवेदकहरु मध्ये ४९,७०९ जना आवेदकहरुलाई बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम मिति २०८२ असोज २३ गते बिहीबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं ।

साथै यस निष्काशन कार्यमा सहयोग तथा सदभाव प्रदान गर्नुहुने सम्पूर्ण वैदेशिक रोजगारीमा रहेका लगानीकर्ता आवेदकहरु, सि-आश्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको Website: www.prabhucapital.com अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित Website: iporesult.cdsc.com/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

साथै, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिनुहुने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु मार्फत रोक्का रहेको रकम फुकुवा हुने व्यहोरा समेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
PRABHU CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

विश्वसनीय...

पृष्ठ १ बाट क्रमशः

र निष्पक्ष हुने विश्वास दिलाउन नसक्ने कांग्रेसको टिप्पणी छ ।

गृह मन्त्रालयले नै कारबाही नगर भनेको अवस्थामा अशान्ति र असुरक्षाका बिचमा निर्वाचनमाथि प्रश्न उठ्ने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'गृह मन्त्रालयको भनाइप्रति हाम्रो गम्भीर आपत्ति छ,' उनले भने, 'यदि सरकारको यही नीति रह्यो भने देशमा अशान्ति र असुरक्षा बढ्नेछ र त्यस्तो अवस्थामा हुने निर्वाचनमाथि स्वाभाविक रूपमा प्रश्न उठ्छ ।'

सरकारले दलहरूसँग हालसम्म वार्तासमेत नगरेको भन्दै महतले असन्तुष्टि व्यक्त गरे । उनले निर्वाचन विश्वसनीय र शान्तिपूर्ण रूपमा हुने सुनिश्चित भए कांग्रेसले राजनीतिक निर्णय लिएर अगाडि बढ्ने बताए । 'सरकारले अहिलेसम्म दलहरूसँग वार्ता गरेको छैन, यसले निर्वाचनबारे सरकारको गम्भीरतामा प्रश्न उठाएको छ । राजनीतिक हिसाबले निर्वाचनका लागि कांग्रेस जहिले पनि तत्पर हुने पार्टी हो,' उनले भने, 'कांग्रेस जनमतबाट भाग्ने पार्टी होइन । तर, सरकार नै यसप्रति गम्भीर नभएको अवस्थामा भोलि अनन्तकालको अस्थिरता र अन्योलतातर्फ त लान सकिन्न नि । त्यस्तो अवस्थामा (प्रतिनिधिसभा) पुनर्स्थापनाको विकल्प पूरै बन्द गर्ने भन्ने कुरा आउँदैन । तर, विश्वसनीय ढंगबाट र सम्पूर्ण रूपमा शान्तिसुरक्षा सुनिश्चित हुने परिस्थिति हो भने निर्वाचनबारे हामीले एउटा राजनीतिक निर्णय लिनुपर्छ । आइतबार बस्ने केन्द्रीय कार्यसमितिले समग्र परिस्थितिको ठोस ढंगले विश्लेषण गरेर आगामी रणनीति तय गर्छ ।' केन्द्रीय कार्यसमिति बैठकको एजेन्डा तय गर्न शुक्रबार पनि पदाधिकारी बैठक बस्ने उनले जानकारी दिए ।

यस्तै, महतले २४ भदौको आगजनी र लुटपाटको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा बैठकमा कांग्रेसमा समान दृष्टिकोण रहेको बताए । '२४ भदौमा अराजकता, लुटपाट, आगजनी भयो । निजी सम्पत्तिमाथि आक्रमण भयो । हाम्रो पार्टी सभापतिसहितका नेताहरूमाथि आक्रमण भयो । व्यवसायीहरूमाथि आक्रमण भयो । संसद्, सर्वोच्च अदालत, सिंहदरबारलगायत देशैभरि आगजनी र लुटपाटको परिस्थिति उत्पन्न भयो । त्यसबारे तत्काल कारबाहीको दायरामा ल्याउनुपर्छ भन्नेमा समान दृष्टिकोण आएको छ,' महतले भने, '२३ भदौको घटनामा नवयुवा मारिएकामा हामीले चिन्ता व्यक्त गरेका छौं ।'

सामाजिक सञ्जालको प्रतिबन्ध हटाउनुपर्छ, देशलाई भ्रष्टाचारमुक्त बनाउनुपर्छ र सुशासन कायम गर्नुपर्छ भन्ने जेन-जीको माग रहे पनि भोलिपल्टको आगजनी र लुटपाटले ठुलो क्षति पुगेको उनले बताए । 'विश्व बैंकले ५.२ प्रतिशत आर्थिक वृद्धिको प्रक्षपण गरेको थियो, अहिले २.१ मा झरेको छ । ठुलो क्षति भएको छ । यसले युवा रोजगारीमा प्रतिकूल प्रभाव पारेको छ,' उनले भने, 'हाम्रो आत्मविश्वासमा प्रतिकूल प्रभाव पारेको छ । लगानीको कुरा छाडौं, अब भएकै पुँजी पलायन हुने खतरा बढेको छ ।'

विशेष महाधिवेशनबाट पछि हटे महामन्त्रीद्वय, मंसिरमै महाधिवेशनको प्रस्ताव

विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाएका कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आगामी मंसिरमा नियमित महाधिवेशनको प्रस्ताव गरेका छन् । उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा पार्टी कार्यालय सानेपामा बिहीबार बसेको पदाधिकारी र पूर्वपदाधिकारी बैठकमा महामन्त्री थापाले मंसिरमा नियमित महाधिवेशनको प्रस्ताव गरेका हुन् ।

कांग्रेसको वर्तमान कार्यसमितिको चारवर्षे कार्यकाल आगामी मंसिरमा सकिँदै छ । कांग्रेसको १४औं महाधिवेशन २०७८ मंसिरमा भएको थियो । मंसिरमा नियमित महाधिवेशन नभए विशेष महाधिवेशन गरेर जानुपर्ने तर्क थापाको छ । कांग्रेसको विधानमा कार्यसमितिको म्याद एक वर्ष थप्न सकिने व्यवस्था छ ।

आगामी आइतबार बस्ने केन्द्रीय कार्यसमिति बैठकमा महामन्त्री थापाले १५औं महाधिवेशनको कार्यतालिका प्रस्ताव गर्ने तयारी छ । थापाले कार्यसमितिको म्याद थप्ने प्रस्ताव आफूले केन्द्रीय कार्यसमिति बैठकमा नराख्ने बताएका छन् । पदाधिकारी बैठकपछि थापाले कार्यसमितिको म्याद थप नहुने बताए । 'पार्टी कार्यसमितिको म्याद चार वर्ष भए पनि सामान्यतया एक वर्ष थप गरी पाँच वर्ष बनाउने गरिएको थियो । यो कार्यसमितिको म्याद थप्ने प्रस्ताव केन्द्रीय कार्यसमितिमा म लैजान्नँ,' थापाले भने ।

मंसिरमा नियमित महाधिवेशन नभए विशेष महाधिवेशन हुने दाबी थापाको छ । 'यो कार्यसमितिको म्याद अब थपिन्न । त्यसपछि नियमित महाधिवेशन हुन्छ, नभए विशेष महाधिवेशन हुन्छ,' उनले भने ।

अर्का महामन्त्री शर्माले मंसिरभित्रै नियमित महाधिवेशन गर्नुपर्नेमा जोड दिए । मंसिरभित्र नियमित महाधिवेशन गर्न नसके विशेष महाधिवेशनको विकल्पमा जानुपर्ने उनको भनाइ छ । 'मंसिरभित्रै नियमित महाधिवेशन गर्न सकिन्छ । यसले सभापतिको बहिर्गमनलाई पनि सहज बनाउँछ । यदि, मंसिरभित्र नियमित महाधिवेशन हुन सकेन भने विकल्पमा विशेष महाधिवेशनमा जानुपर्ने हुन्छ,' शर्माले भने ।

महाधिवेशनका लागि रातदिन खट्न सक्ने नेतृत्व आवश्यक रहेको भन्दै उनले क्यालेन्डर बनाएर काम गर्नुपर्नेमा जोड दिए । महाधिवेशनका लागि कार्यवाहक तोक्ने वा अन्य कोही सिनियर नेतालाई संयोजनको जिम्मा दिने हिसाबले जान सकिने उनको सुझाव छ । उनले विधान संशोधन गरेर सबै तहमा युवाको उल्लेख्य सहभागिता सुनिश्चित गर्न सकिने पनि बताएका छन् ।

संस्थापन पक्षका नेताहरूले भने विशेष महाधिवेशन नहुने भन्दै नियमित महाधिवेशन मंसिरभित्रै सम्भव छ कि छैन भन्ने कोणबाट धारणा राखेका छन् । उनीहरूले मंसिरभित्र सम्भव नभए केही समय थपेर जानुपर्ने बताएका छन् । 'समयमा नियमित महाधिवेशन हुनुपर्छ भन्ने छ । मंसिरभित्रै सम्पूर्ण विधि प्रक्रिया पूरा गरेर महाधिवेशन गर्न सक्छौं कि सक्दैनौं ? त्यसका लागि केही थप समय पनि चाहिन सक्छ भन्ने कुरा पनि आएको छ,' बैठकपछि प्रवक्ता महतले भने । उनले महाधिवेशनमा सबैको सहभागिता सुनिश्चित हुने गरी व्यावहारिक रूपमा मिति टुंग्याउने दाबी गरे । 'हामी व्यावहारिक रूपमा टुंग्याउँछौं । सबैको सहभागिता सुनिश्चित हुन सकोस्, यो प्रक्रियाबाट कोही पनि वञ्चित नहोऊन् । र, त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न पनि सक्ने अवस्था आओस्,' डा. महतले भने ।

छानबिन...

पृष्ठ १ बाट क्रमशः

आरोपपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन अध्यागमन प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई घुससहित पक्राउ गर्ने तयारी गरिरहँदा गृह मन्त्रालयले ७ जेठमा उनको सरुवा गरेको थियो । सरुवा गरेकै दिन आयोगले उनलाई पक्राउ गरी अनुसन्धान थालेको थियो । त्यसपछि यसमा गृहमन्त्रीमाथि समेत छानबिनको माग तीव्र भएको थियो । यद्यपि, सरकारले सुरुदेखि नै छानबिनसमेत गर्ने आँट गरेको थिएन । छानबिनका नाममा यसमा संलग्नलाई योजनाबद्ध रूपमा चोख्याइएको छ ।

अध्यागमनमा दिनमै ५० लाखभन्दा धेरै असुली हुने गरेको र सो पैसा गृह मन्त्रालयदेखि शक्तिकेन्द्रसम्म पुग्न गरेको अख्तियारको प्रारम्भिक छानबिनमा देखिएको थियो ।

रास्वपालगायत दलले भने सो विषयमा संसदीय समिति तथा जाँचबुझ आयोग गठनको माग गरे पनि सरकारले अस्वीकार गर्दै आएको थियो ।

भूमि आयोग खारेज

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय पनि गरेको छ । केन्द्रीय आयोगसहित जिल्लास्तरका समिति पनि खारेज गर्ने निर्णय भएको सञ्चारमन्त्री जगदीश खरेलले बताए ।

सुकुम्बासीलाई जग्गा बाँड्न अघिल्लो सरकारले आयोग गठन गरेको थियो । आयोगमा सबै जिल्लामा कार्यकर्ता भर्ना गरिएको थियो । बैठकले नेपाल प्रहरीका डिआइजीहरू सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठको एआइजीमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ ।

नेपाल विद्युत् प्राधिकरणको जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापनका लागि २० अर्ब रुपैयाँको ऊर्जा बन्ड चरणबद्ध रूपमा निष्कासन गर्न स्वीकृति दिने निर्णय पनि गरेको छ । बाढीपहिरोका कारण ठुलो क्षति भएको इलाम जिल्लालाई तीन महिना अवधिका लागि विपत् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

त्यस्तै, तीन अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ । त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति, २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अध्यागमन र भिजिट भिसाको सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति, २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइएको छ । नागरिक उड्डयन क्षेत्रका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले पेस गरेको प्रतिवेदन, २०८२ कार्यान्वयनका लागि पर्यटन मन्त्रालयमा पठाउने निर्णय भएको सञ्चारमन्त्री खरेलले जानकारी दिए ।

सोमबार छुट्ने...

पृष्ठ १ बाट क्रमशः

जनाको सूचीमा नेपाली नागरिक विपिन जोशीको नाम भने छैन । हाल जीवित र मृतक गरी ५० जना हमासको कब्जामा छन् । जसमा विपिन पनि छन् । सोमबारभित्र छाड्ने भनिएका २० जीवितमा सबै इजरायली नागरिक छन् । दुईजनाको अवस्था अज्ञात छ । यिनै दुईमध्येमा विपिन पनि रहेको विश्वास गरिएको छ । अन्य २८ जनाको शव हमासको कब्जामा रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । 'हमासले छाड्न लागेका २० जना युद्धबन्दीहरूको सूचीमा विपिन जोशीको नाम भएको जानकारी छैन,' इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले भने, 'विपिनको जेजस्तो अवस्था छ, त्यो पनि चाँडै नै जानकारीमा आउनेछ भन्ने आशामा छौं ।'

इजरायल र हमास समूहबिच भएको सम्झौतालाई बिहीबारै इजरायलको मन्त्रिपरिषद् बैठकले अनुमोदन गरेको छ । इजरायल र हमास समूहबिच बुधबार इजिप्टको सर्म एल शेखमा अमेरिका, टर्की, कतार र इजिप्टका अधिकारीहरूले मध्यस्थता गरेको वार्तामा युद्धविराम सम्झौता भएको थियो । यसको सूत्राधार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प मानिन्छन्, जसले युद्धविराम सम्झौता इजरायल र हमासबिच मात्र नभएर सम्पूर्ण मध्यपूर्व (पश्चिम एसिया)को शान्तिका लागि महत्त्वपूर्ण रहेको टिप्पणी गरेका छन् । सम्झौताको ग्यारेन्टीकर्ताका रूपमा अमेरिका, कतार, इजिप्ट र टर्कीका प्रतिनिधिले पनि हस्ताक्षर गरेको इजरायलको आई २४ न्युजले समाचार दिएको छ ।

युद्धविराम सम्झौताअनुसार हमासको कब्जामा रहेका २० इजरायली युद्धबन्दीहरू सोमबारसम्म मुक्त हुँदा इजरायलले पनि जेलमा रहेका हमाससम्बद्ध व्यक्तिलाई छाड्नेछ । हमासले जीवित युद्धबन्दीलाई छाडेपछि दोस्रो चरणमा आफ्नो कब्जामा रहेका मृतकहरूको शव हस्तान्तरण गर्नेछ ।

मृतकका शव एकैठाउँमा नभएको जानकारी हमासका वार्ताकारहरूले बताएपछि मृतक पत्ता लगाउन कार्यदल गठन भएको जेरुसेलम पोस्टले जनाएको छ । 'इजरायली, अमेरिकी, कतारी र इजिप्टका प्रतिनिधि सहभागी कार्यदललाई मृतक खोज्न आवश्यक उपकरण र जनशक्ति उपलब्ध गराइने भएको छ,' जेरुसेलम पोस्टले बिहीबार समाचार प्रकाशित गरेको छ, 'मृतक राखिएको ठाउँ खोज्न कतिपय घरहरू नै भत्काउनुपर्ने हुन सक्छ, यसका लागि आवश्यक सबै उपकरण कार्यदललाई उपलब्ध हुनेछ ।'

बुधबारको निर्णायक वार्तामा इजरायलले युद्धबन्दीहरू तथा शव फिर्ता गर्ने समयसीमा तोक्नुपर्ने अडान राखेको थियो भने हमास पक्षले इजरायल पुनः युद्धमा नफर्किने लिखित विश्वसनीयता दिनुपर्ने अडान राखेको थियो ।

हमासले २३ असोज ०८० मा इजरायलको निर ओज र आलुमिम किबुजमा गरेको अन्धाधुन्ध हवाई आक्रमणमा नेपाली १० सहित विभिन्न देशका नागरिक र १२ सयभन्दा बढी इजरायली नागरिकको मृत्यु भएको थियो । हमास समूहले इजरायलबाट गाजापट्टीमा २५१ जनालाई लिएर गएको थियो । यिनैमध्येका जीवित र मृतक गरी ५० जना हमासको कब्जामा रहेका हुन् ।

विश्वप्रसिद्ध ब्राउन विश्वविद्यालयका अनुसार हमासले इजरायली नागरिकमाथि आक्रमण गरेपछिको दुई वर्षमा अमेरिकाले इजरायललाई २१ अर्ब ७० करोड अमेरिकी डलरबराबरको सैन्य सहायता उपलब्ध गराएको छ । युद्धविराम सम्झौतापछि अमेरिकी राष्ट्रपति ट्रम्प इजरायलको भ्रमणमा जाने भएका छन् । उनी शुक्रबार वार्षिक स्वास्थ्यजाँच गर्ने र शनिबार राति वा आइतबार बिहानसम्ममा इजरायल जाने भएका छन् । ह्वाइट हाउसकी प्रवक्ता क्यारोलिन लिभिटले बिहीबार सञ्चारमाध्यमलाई यो जानकारी दिएकी छिन् । युद्धविराम सम्झौतापछि इजरायल र गाजा क्षेत्रमा स्थानीयले खुसी व्यक्त गरेको र खुसियालीमा प्रदर्शन गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

सम्झौताको स्वागत गर्दै विपिनलाई मुक्त गर्न नेपालको आग्रह

नेपालले अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा प्रस्तावित 'मध्यपूर्व शान्ति योजना'को पहिलो चरणअन्तर्गत युद्धविराम सम्झौताको स्वागत गरेको छ । परराष्ट्र मन्त्रालयले बिहीबार साँझ जारी गरेको विज्ञप्तिमा २३ असोज ०८० देखि हमासद्वारा बन्दी बनाइएका नेपाली नागरिक विपिन जोशीसहित सबै बन्दीहरूको रिहाइको माग गरिएको छ ।

'हामी हमासद्वारा ७ अक्टोबर २०२३ (२३ असोज ०८०) देखि बन्दी बनाइएका नेपाली नागरिक विपिन जोशीसहित सबै बन्दीहरूको तत्काल रिहाइको माग गर्दछौं,' परराष्ट्रले भनेको छ । जोशी हमासको कब्जामा पुगेको एक महिनापछि खिचिएको भिडियो बुधबार मात्रै सार्वजनिक भएको थियो । भिडियोमा विपिन सकुशल देखिन्थे ।

'हामी सम्बन्धित सबै पक्षलाई सो शान्ति योजनाको सही मर्मअनुसार सम्झौता कार्यान्वयन गर्न, गाजाका जनतासम्म मानवीय सहायता सहज रूपमा पुऱ्याउन र क्षेत्रीय तथा विश्वव्यापी स्थायी शान्तिको मार्गप्रशस्त गर्न आग्रह गर्दछौं,' परराष्ट्रले भनेको छ । यसलाई नेपालले बहुप्रतीक्षित सहमति भएको भन्दै निर्णायक भूमिका खेलेका अमेरिका, कतार, इजिप्ट र टर्कीको नाम लिएरै प्रशंसा गरेको छ ।

■ चारवटै सुरक्षा निकायको निष्कर्ष

लुटिएका हतियार, खोसिएका बर्दी र जेलबाट फरार कैदीबन्दी ठुलो सुरक्षा चुनौती

● डिआइजी **विनोद घिमिरे**, प्रवक्ता, नेपाल प्रहरी



आन्दोलनका क्रममा प्रहरीका धेरै हतियार लुटिएका छन् । तीमध्ये अधिकांश फिर्ता भएका छैनन् । अहिलेको सबैभन्दा ठुलो सुरक्षा चुनौती यही छ । हतियार खोजीलाई पहिलो प्राथमिकतामा राखेका छौं । सबै युनिटलाई लुटिएका हतियार खोजी गर्न भनेका छौं । केही हतियार जलेको अवस्थामा फेला परेका छन् । बाँकी फेला पर्न सकेका छैनन् ।

टेकराज थामी/नयाँ पत्रिका

चारवटै सुरक्षा निकायले जेन-जी आन्दोलनका क्रममा लुटिएका हतियार, खोसिएका प्रहरीका बर्दी र जेलबाट भागेका कैदीबन्दी मुख्य सुरक्षा चुनौती रहेको निष्कर्ष निकालेका छन् । बिहीबार सिंहदरबारमा गृहमन्त्री ओमप्रकाश अर्यालले डाकेको नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना सम्मिलित बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

जेन-जी अभियन्ता र राजनीतिक दलनिकट संघसंस्थाले एक-अर्काविरुद्ध आन्दोलन गर्ने भनेपछि गृहमन्त्री आर्यालले मन्त्रालयमा बैठक राखेका थिए । बैठकमा गृहसचिव रामेश्वर दंगाल, नेपाल प्रहरीका आईजिपी चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की र नेपाली सेनाका उपरथी सहभागी थिए । उनीहरूले अहिलेको अवस्थामा आन्दोलनका क्रममा लुटिएका हतियार, खोसिएका बर्दी र जेलबाट भागेका कैदीबन्दी मुख्य सुरक्षा चुनौती रहेको बताएका थिए ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बैठकका सम्बन्धमा सबै विषय खुलाउन आवश्यक नरहेको बताए । 'गृह मन्त्रालयमा बसेको बैठकमा उठेको विषयबारे खुलाउन आवश्यक देखिनँ । अहिलेलाई यति नै भनौं,' उनले भने । नेपाल प्रहरीका अनुसार जेन-जी आन्दोलनका क्रममा प्रहरीको तथ्यांकमा १२ सयभन्दा धेरै हतियार गायब छन् । त्यसमध्ये एक सय हतियार जलेको अवस्थामा फेला परेका छन् । बाँकी ११ सय हतियार आन्दोलनका क्रममा लुटिएका हुन् । लुटिएकामध्ये अधिकांश हतियार श्री नट श्री राइफल र एसएलआर छन् । हतियार खोजी गर्न प्रहरीले मातहतको केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र मातहतका जिल्ला प्रहरी कार्यालयलाई सक्रिय तुल्याएको छ । तर, अझै फेला पर्न सकेका छैनन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले आन्दोलनका क्रममा लुटिएका हतियार अहिलेको मुख्य सुरक्षा चुनौती रहेको र खोजीकार्यलाई तीव्र पारिएको बताए । 'आन्दोलनका क्रममा प्रहरीका धेरै हतियार लुटिएका छन् । तीमध्ये अधिकांश फिर्ता भएका छैनन् । अहिलेको सबैभन्दा ठुलो सुरक्षा चुनौती यही छ । हतियार खोजीलाई पहिलो प्राथमिकतामा राखेका छौं । सबै युनिटलाई लुटिएका हतियार खोजी गर्न भनेका छौं । केही हतियार जलेको अवस्थामा फेला परेका छन् । बाँकी फेला पर्न सकेका छैनन्,' उनले भने ।

प्रहरीका अनुसार सबैभन्दा धेरै हतियार काठमाडौं उपत्यकाका प्रहरी युनिटबाट लुटिएका छन् । आन्दोलनका क्रममा काठमाडौं उपत्यकाभित्र रहेको १८ वृत्तमध्ये १७ वटामा आगजनी भएको थियो । त्यसमध्ये बलाजु, गौशाला र नयाँ बानेश्वर वृत्तमा सबैभन्दा धेरै क्षति पुगेको थियो । हतियार पनि सोही ठाउँबाट धेरै लुटिएका थिए । रानीपोखरीस्थित काठमाडौं उपत्यका प्रहरी कार्यालय पनि आन्दोलनका क्रममा आगजनी भएको थियो । कार्यालयको कोतमा राखिएका सबै हतियार आन्दोलनकारीले लुटेर लगेका थिए । सबैगरी काठमाडौं उपत्यकाबाट मात्रै १५ सय हतियार लुटिएको प्रहरीको भनाइ छ । त्यसमध्ये तीन सय हतियार भने सेनाको अपरेसनपछि फिर्ता गरिएको थियो ।

आन्दोलनका क्रममा प्रहरीको बर्दीसमेत उतार्न लगाएर लुटिएका थियो । त्यस्ता बर्दी अझै फेला पर्न सकेका छैनन् । पछिल्ला चरण गर्ने भनिएका आन्दोलनमा त्यस्ता हतियार र बर्दी प्रयोग हुने र त्यसले अकल्पनीय क्षति निम्त्याउने प्रहरीको बुझाइ छ । 'प्रहरीका बर्दी लुटिएका छन् । आपराधिक मानसिकता भएकाहरू त्यस्ता बर्दी लगाएर प्रहरीसँग मिसिन सक्छन् । अब गर्ने भनिएको आन्दोलनमा उनीहरूले आन्दोलनकारीसँग घुसपैठ गर्न सक्छन् । उनीहरूसँग हतियार पनि छ । लुटिएका बर्दी र हतियार जुनसुकै वेला दुरुपयोग हुन सक्छ । त्यसो हुँदा यो अहिलेको अर्को ठुलो सुरक्षा चुनौती हो,' डिआइजी घिमिरेले भने ।



जेन-जी आन्दोलनपछि सेनाले काठमाडौं उपत्यकाबाट बरामद गरेका हतियार ।

■ पूर्व र बहालवाला पदाधिकारीको सुरक्षाकर्मी कटौती

सुरक्षा चुनौतीकै बिच गृह मन्त्रालयले पूर्व र बहालवाला पदाधिकारीलाई स्वीकृत मापदण्डविपरीत प्रदान गरिएका सुरक्षाकर्मी तत्काल फिर्ता गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयमा बिहीबार बसेको चारवटै सुरक्षा निकायका प्रमुखको संयुक्त बैठकले मापदण्डविपरीत पूर्व र बहालवाला पदाधिकारीलाई प्रदान गरिएको सुरक्षाकर्मी तत्काल फिर्ता गर्ने निर्णय गरेको हो । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले गृहको निर्णय कार्यान्वयनमा गइसकेको र केही सुरक्षाकर्मी फिर्तासमेत भएको बताए । 'गृह मन्त्रालयमा आज भएको बैठकले पूर्व र बहालवाला पदाधिकारीलाई मापदण्डविपरीत प्रदान गरिएका सुरक्षाकर्मी तत्काल फिर्ता गर्ने निर्णय गरेको छ । निर्णय कार्यान्वयनमा गइसकेको छ । कतिपय सुरक्षाकर्मी फिर्तासमेत भइसकेका छन्,' उनले भने । गृहका अनुसार पूर्व तथा बहालवाल पदाधिकारीका लागि तीन सयभन्दा धेरै सुरक्षाकर्मी मापदण्डविपरीत खटाइएको छ ।

अझै पनि पाँच हजार ५३७ कैदीबन्दी फरार

प्रहरीका अनुसार जेलबाट फरार कैदीबन्दी सुरक्षा चुनौती बढाउने अर्को विषय हो । अझै पनि पाँच हजार ५३७ कैदीबन्दी फरार छन् । फरारमध्ये अधिकांश कैदीबन्दी जघन्य अपराधमा संलग्न भएकाहरू हुन् । मुलुकका सबै नाका, अध्यागमन कार्यालय, स्थानीय तहलगायत निकायमा गरिएको कडाइ, प्रहरीको खोजी र अनुसन्धानपछि उनीहरू सहरी क्षेत्रमा लुकिरहेको प्रहरीको बुझाइ छ । त्यसमध्ये पनि अधिकांश काठमाडौं उपत्यकाभित्र लुकेर बसेको प्रहरीको दाबी छ । पछिल्ला दिन हुने भनिएका विरोध र आन्दोलनमा उनीहरू घुसपैठ गर्न सक्छन् । अनुसन्धान गर्ने प्रहरी, मुद्दा अभियोजन गर्ने र बहस गर्ने वकिल, न्यायाधीशलगायत विशिष्ट व्यक्ति उनीहरूको निसानामा पर्न सक्छन् । त्यसो हुँदा उनीहरू सुरक्षा चुनौतीको अर्को महत्वपूर्ण पक्ष रहेको प्रहरीको भनाइ छ । 'जेलबाट भागेका साढे पाँच हजार कैदीबन्दी अझै फरार छन् । उनीहरूले जुनसुकै वेला अर्को जघन्य अपराध गर्न सक्छन् । त्यसो हुँदा उनीहरू सुरक्षाको अर्को चुनौतीका रूपमा देखापरेको छ,' डिआइजी घिमिरेले भने ।

फौजदारी प्रकृतिका अपराध अनुसन्धान प्रक्रिया अघि बढ्यो : प्रहरी

जेन-जी आन्दोलनका क्रममा भएका चोरी, डकैत, लुटपाट र हत्या घटनाको अनुसन्धान प्रक्रियालाई प्रहरीले अघि बढाएको छ । आन्दोलन दमनविरुद्ध गठन भएको जाँचबुझ आयोगले फौजदारी प्रकृतिका घटना अनुसन्धानमा कुनै अवरोध नहुने बताएपछि प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको हो । आयोग गठन भएलगत्तै प्रतिवेदन प्राप्त नभएसम्मका लागि आन्दोलनसँग जोडिएका घटनाको अनुसन्धान गर्न गृह मन्त्रालयले भनेपछि प्रहरीले सबै अनुसन्धान प्रक्रिया रोकेको थियो । गृहको निर्देशनका सम्बन्धमा चौतर्फी विरोध भएपछि आयोगले सोमबार विज्ञप्ति सार्वजनिक गर्दै फौजदारी प्रकृतिका अपराध अनुसन्धान गर्न प्रहरीलाई अवरोध नहुने प्रस्ट पारेको थियो । सोही पत्रपछि प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको नेपाल प्रहरीका प्रवक्ता डिआइजी विनोद घिमिरेले बताए । 'फौजदारी प्रकृतिका अपराध अनुसन्धान गर्न प्रहरी अघि बढिसकेको छ । आयोगले सार्वजनिक गरेको विज्ञप्तिले पनि फौजदारी प्रकृतिको अपराध अनुसन्धान गर्न अवरोध नहुने स्पष्ट पारेको छ । यससँगै चोरी, डकैत, लुटपाट र हत्या घटनाको अनुसन्धान प्रक्रियालाई प्रहरीले अघि बढाएको छ,' उनले भने ।

गत २४ भदौमा भएको आगजनी, तोडफोड, लुटपाट र हत्याजस्ता घटनाको अनुसन्धान प्रहरीले स्वतन्त्रपूर्वक गर्दै थियो । तर, गृह मन्त्रालयले आयोगको प्रतिवेदन नआएसम्म अनुसन्धान नगर्ने भनेपछि प्रहरीले अनुसन्धान कार्य तत्कालका लागि रोकेको थियो । प्रहरीले विशेषगरी घटनामा संलग्नविरुद्ध प्राविधिक अनुसन्धान सुरु गरेको थियो । प्रहरीले जल्नबाट जोडिएका सबै सिसिटिभी फुटेज संकलन गरेको थियो । त्यसबाहेक प्रहरीले सार्वसाधारणबाट पनि घटनामा संलग्नका फोटो र भिडियो संकलन गरेको थियो । यस क्रममा प्रहरीले सर्वसाधारणबाट ३५ हजारभन्दा धेरै फोटो र भिडियो संकलन गरेको थियो । तर, गृहले घटनाको अनुसन्धान नगर्न भनेपछि प्रहरीले सबै अनुसन्धान प्रक्रिया तत्कालका लागि स्थगन गरेको छ । अनुसन्धानका क्रममा प्रहरीले देशभरबाट तीन सयभन्दा धेरै शंकास्पद व्यक्तिलाई पक्राउ गरेको थियो । तर, गृहको आदेशलगत्तै उनीहरूलाई तारेखमा छाडिएको छ ।

आन्दोलनमा ढुंगाले हानेर टाउको फुटाइएका प्रहरीको बयान

ज्यान बचाउन बागमतीमा हामफालें, तर माथिबाट ढुंगा बर्सिरह्यो

शिवहरि घिमिरे/नयाँ पत्रिका

२४ भदौमा तीनकुनेस्थित नयाँ बानेश्वर प्रहरी वृत्तका असइ नरेन्द्रप्रसाद पटेल मुद्दा शाखामा मुद्दा लेख्न व्यस्त थिए । अचानक कार्यालयमा एउटा भिड छिरेर आगो सल्काउन र प्रहरीलाई धरपकड गर्न थाल्यो । प्रहरीको भागाभाग चल्यो ।

कसैका बर्दी, बुट र सञ्चार सेट लुटिए । कार्यालयमा आगो लगाउन थालेपछि थुनुवा कक्षको ढोका खोलेर पटेल बाहिर भागे । गेटबाहिर आउँदा अन्य प्रहरीको हालत बिजोग थियो । प्रहरीलाई लाइन लगाएर धम्क्याउँदै कुटपिट गरिँदै थियो । उनीहरूको बन्दुक, सञ्चार सेट र बर्दी खोसिँदै थियो ।

बाहिर निस्किएका असइ पटेलको पनि बर्दी र बुट प्रदर्शनकारीले लुटे । अन्य प्रहरीसँगै उनलाई पनि लाइनमा लगाए । कतिपय प्रहरी हाफकट्टु र गन्जीमा थिए । लाइनमा रहेका १५-२० जना प्रहरीले हात उठाउँदै माफी माग्दै थिए । पटेलले पनि माफ माग्दै हात उठाए । प्रदर्शनकारीले प्रहरीको लौरो र बुट खोसेर प्रहरीमाथि नै प्रहार गरिरहेका थिए । उनीहरूलाई प्रदर्शनकारीले कुट्दै बागमती नदीमा धकेले । पौडिन नसक्ने प्रहरीहरू नदीको किनारको झाडीमा लुके । पटेलसहित अन्य प्रहरी खोलैखोला भाग्न खोजिरहे । तर, माथिबाट प्रदर्शनकारीले अन्धाधुन्ध ढुंगा र इँटा वर्षाए ।

भाग्दै गरेका प्रहरीले ढुंगा नहान्न खोलाबाटै हात जोडेर अनुनयविनय गरे पनि प्रदर्शनकारीले ढुंगा हानिरहे । प्रदर्शनकारीले प्रहार गरेको ढुंगाले पटेलको टाउको फुट्यो । उनी खोलामै लडे । खोलाको पानी रगताम्य भयो । प्रदर्शनकारीको ढुंगाको चोट खाँदै अन्य प्रहरीले उनलाई उठाउँदै सडकमा निकाले । एम्बुलेन्समार्फत पटेललाई निजामती अस्पताल पुऱ्याइयो ।

निजामती अस्पतालले तत्कालै ट्रमा सेन्टरमा रिफर गऱ्यो । त्यहाँ पुगेपछि उनलाई रगत चढाइयो । आइसियूमा राखेर उपचार थालियो । प्रदर्शनकारीको ढुंगा प्रहारले उनको टाउकोको चोक्टा नै उडेको थियो । तर, भाग्यवश गहिरो चोटले मस्तिष्कमा चोट पुऱ्याएन । ट्रमा अस्पतालमा लगेको केहीबेरमै उनी ब्युँझिएका थिए । २९ दिनदेखि उनको राष्ट्रिय ट्रमा सेन्टरको चौथो तलामा उपचार जारी छ ।



ट्रमा सेन्टरमा उपचाररत अवस्थामा असइ नरेन्द्रप्रसाद पटेल ।

'जागिर खाएको २५ वर्ष पुग्यो, यस्तो अवस्था भोगिएको थिएन, तर त्यस दिनको दृश्य फिल्मजस्तै भयो, मुद्दा शाखामा काम गरिरहेको थिएँ, अचानक प्रदर्शनकारीले आगो सल्काउन र तोडफोड गर्न थाले,' उनले सुनाए, 'ज्यान बचाउँछु भनेर भाग्नेसम्म स्थिति थिएन, यतिसम्म त ०६२/६३ को आन्दोलनमा पनि भएको थिएन ।' उनले जेन-जी प्रदर्शनमा अराजक समूहले प्रहरीलाई निसाना बनाएको र शून्य अवस्थामा पुऱ्याएको बताए । त्यस दिन धन्न भाग्यले बाँचेका उनी अब छिट्टै डिस्चार्ज भएर काममा फर्किने सोचमा छन् । जागिर अवधि अझै पाँच वर्ष बाँकी रहेकाले आफू पेसामै फर्कने उनले सुनाए ।

पटेल जागिरको २५ वर्षे अवधिमा देशका कैयौं जिल्ला पुगे । उनको स्थायी घर रौतहटस्थित पराहमा पर्छ । उनको परिवार अहिले गाउँमै बस्छन् । जागिरे बनेपछि उनले छोराछोरीलाई काठमाडौंमा पढाउने सोच बनाए । तर, प्रहरीको तलबले नपुग्ने भएपछि गाउँमा छोराछोरीले पढ्दै आइरहेको उनले बताए । उनी घाइते भएपछि आएकी श्रीमती अस्पतालमा कुरुवा बसेकी छिन् । जेन-जी प्रदर्शनका क्रममा उपत्यकासहित देशभरका अधिकांश प्रहरी वृत्तमा आगजनी र तोडफोड भयो । प्रहरीको बिल्लीबाठ हुने गरी लखेटियो । पछिल्लो समय प्रहरी बिस्तारै ड्युटीमा फर्किए पनि उनीहरूको मनोबल भने कमजोर देखिएको छ ।

संक्षेप

जन्ती बोकेको जिप दुर्घटना हुँदा १२ जना घाइते

सल्यान/ जन्ती बोकेको जिप दुर्घटना हुँदा १२ जना घाइते भएका छन् । शारदा नगरपालिका- १० भागाचौरबाट थापाचौर जन्ती जाँदै गरेको लु.प्र ०२ -००१ ज ००२१ नम्बरको जिप शारदा नगरपालिका- ९ ज्वालापुरमा दुर्घटना भएको हो । जिप अनियन्त्रित भई सडकबाट करिब दुई सय मिटर तल खसेको थियो । घाइते हुनेमा शारदा नगरपालिका-१० भागाचौरकी ६० वर्षीया गुमी कँवर, १४ वर्षीया शोभा कँवर, १४ वर्षीया हरिकला कँवर, २० वर्षीया दुलही कमला गिरी, १८ वर्षीय प्रवीण कँवर, १४ वर्षीया रेनुका कँवर र १७ वर्षीय हेमराज कँवर रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । २६ वर्षीया कुमारी बुढाथोकी, ४२ वर्षीया प्रमिला गिरी, २४ वर्षीय दुलाहा चेतराम गिरी, १५ वर्षीया विमला गिरी र ३३ वर्षीय रूपराल गिरी पनि घाइते रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक बाबुराम बस्नेतले जानकारी दिए ।

बढी असुलिएको भाडा यात्रुलाई फिर्ता गर्ने सहमति

खोटाङ/ केपिलासगढी गाउँपालिकामा चाडपर्वको मौका छोपेर यातायात व्यवसायीले बढी भाडा लिएको विषयमा युवा समूहले आपत्ति जनाएपछि बढी लिएको भाडा यात्रुलाई फिर्ता गर्ने सहमति भएको छ । दसैँमा राजधानी काठमाडौंबाट केपिलासगढी गाउँपालिका क्षेत्रमा आउने सार्वजनिक सवारीसाधनले बढी भाडा लिएको भन्दै युवा समूहले आपत्ति जनाएपछि तोकिएभन्दा बढी लिएको भाडा प्रमाणको आधारमा व्यवसायीले सम्बन्धित यात्रुलाई फिर्ता गर्ने सहमति भएको हो । काठमाडौंबाट बाक्सिलासम्म टाटासुमो (जिप)को भाडादर दुई हजार सात सय रुपैयाँ कायम भए पनि व्यवसायीले तीन हजार पाँच सय रुपैयाँसम्म लिएको पाइएपछि युवा समूहले सम्बन्धित यात्रुलाई फिर्ता गराइदिन गाउँपालिकालाई ध्यानाकर्षण गराएको थियो । चाडपर्वको मौका छोपेर यातायात व्यवसायीले बढी भाडादर लिएकोलगायत विषयमा गाउँपालिकाको ध्यानाकर्षण गराउन युवा गाउँपालिकाको कार्यालयमा पुगेको थिए ।

लागुऔषधसहित युवक पक्राउ

सर्लाही/ प्रहरीले लागुऔषधसहित बागमतीबाट एक युवकलाई पक्राउ गरेको छ । बागमती नगरपालिका- ६, राधाकृष्ण मन्दिरनजिकैबाट लागुऔषधसहित २८ वर्षीय जीवन घिसिङ पक्राउ परेका हुन् । प्रहरीका अनुसार बाँसघारीनजिकै बसिरहेका घिसिङलाई शंका लागेर चेकजाँच गर्ने क्रममा उनको ब्यागबाट प्रहरीले ट्रामन-५० लेखेको क्याप्सुल २१४ पिस, स्पास्मो क्याप्सुल २०० पिस र २५ ग्राम गाँजा बरामद गरेको हो । प्रहरीले उनको साथबाट दुई हजार ५३० रुपैयाँ, एक थान मोबाइल र उनले प्रयोग गरेको बा प्र.०२-०३० प ५५७० नम्बरको मोटरसाइकलसमेत बरामद गरेको जनाएको छ । बरामद सामग्रीसहित घिसिङलाई आवश्यक कारबाहीका लागि सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर अनुसन्धान सुरु गरेको जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

बाँकेका तीन सरकारी भवन पूर्ण रूपमा क्षतिग्रस्त

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

जेन-जी आन्दोलनका क्रममा बाँकेका तीनवटा सरकारी कार्यालय भवन प्रयोग गर्न नमिल्ने गरी क्षति पुगेको छ । २४ भदौमा आगजनी गरिएकामध्ये तीनवटा कार्यालय भवन प्रयोग गर्न नमिल्ने गरी क्षति पुगेको सघन सहरी तथा भवन निर्माण आयोजना नेपालगन्जका आयोजना प्रमुख राजु न्यौपानेले जानकारी दिए । आन्तरिक राजस्व कार्यालय नेपालगन्ज, भूमिसुधार तथा मालपोत कार्यालय र राजस्व अनुसन्धान कार्यालय कोहलपुरको भवन प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेकाले रातो स्टिकर टाँस गरिएको उनले बताए । 'आगजनी भएकामध्ये तीनवटा सरकारी कार्यालय भवनमा पुनः प्रयोग गर्न नमिल्ने गरी अत्यधिक क्षति पुगेको छ । इन्जिनियरसहितको अध्ययन टोलीले परीक्षण गरी ती भवनमा रातो स्टिकर टाँस गरिएको छ,' उनले भने ।

अध्ययन टोलीले आगजनी भएका सरकारी कार्यालयको स्थलगत अध्ययन गरी प्रयोग गर्न मिल्ने र नमिल्ने भवनको वर्गीकरण गरेको छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, उच्च अदालत तुलसीपुर इजलास नेपालगन्ज र नेपालगन्ज भन्सार कार्यालयमा पहँलो स्टिकर टाँसिएको छ । उच्च अदालत सरकारी वकिलको कार्यालयमा हरियो स्टिकर टाँस गरिएको छ भने जिल्ला कारागार बाँके, क्षेत्रीय कारागार नौबस्ता, इलाका प्रशासन कार्यालय कोहलपुर र जिल्ला हुलाक कार्यालय नेपालगन्जको भवनमा सामान्य क्षति पुगेको उनले जानकारी दिए । 'पहँलो स्टिकर टाँस भएका भवनको पुनः अध्ययन गरी कुन-कुन क्षेत्र प्रयोग गर्न मिल्ने भन्ने यकिन गरी प्रयोगमा ल्याउन सिफारिस गरिने छ । हरियो स्टिकर टाँस गरिएको भवन प्रयोग गर्न मिल्ने छ भन्ने जनाउँछ,' आयोजना प्रमुख न्यौपानेले भने ।

नेपालगन्ज उपमहानगरले कम क्षति भएका भवन मर्मत गरी कार्यालय सञ्चालनमा ल्याएको छ । नेपालगन्ज उपमहानगरको मुख्य भवनमा क्षति पुगे पनि मर्मतपछि प्रयोगमा ल्याउन सकिने भएको प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले बताए । आगजनी र लुटपाटबाट २७ करोड रुपैयाँबराबरको क्षति पुगेको उनले बताए । 'क्षति अध्ययन गर्न बनेको समितिले तयार पारेको विवरणअनुसार नेपालगन्ज उपमहानगरको २७ करोड रुपैयाँबराबरको क्षति भएको छ,' उनले भने ।

अध्ययन तथा मूल्यांकन टोलीले रातो स्टिकर टाँस गरेपछि भूमिसुधार तथा मालपोत कार्यालय सञ्चालनमा आउन सकेको छैन । उक्त कार्यालयले भाडामा भवन खोजिरहेको प्रमुख मालपोत अधिकृत सविनसिंह चौधरीले बताए । उनले भाडामा घर लिएपछि मात्र कार्यालय सञ्चालन गर्न सकिने बताए । 'घर भाडामा लिन विभागको निर्देशन पर्खिरहेका छौं,' उनले भने, 'विभागबाट निर्देशन नआउँदासम्म घर भाडामा लिन र कार्यालय सञ्चालन गर्न सकिने अवस्था छैन ।'

राप्ती प्रादेशिक अस्पतालका सटरहरूको टेन्डर हुन सकेन

दाङ/ तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालका व्यापारिक सटरहरूको म्याद सकिए पनि टेन्डर हुन सकेको छैन । अस्पतालले दिएको मितिमा सटर खालीसमेत भएको छैन । १६ वटा सटरको सम्झौता मिति गत असार मसान्तमै सकिएको थियो । म्याद सकिएपछि ती सटर खाली गर्न अस्पताल प्रशासनले चिठी पठाउँदै सूचनासमेत जारी गरेको थियो । तर, सटरवालाहरूले त्यसलाई वास्ता गरेका छैनन् ।

सटरवालाहरूले अस्वाभाविक रूपमा चलखेल गर्दा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पदमराज अधिकारीले पदबाटै राजीनामा दिए । उनको राजीनामा हालसम्म पनि स्वीकृत भएको छैन । दुई वर्षअघि पदमप्रसाद न्यौपाने अध्यक्ष हुँदा ती सटरहरूमा टेन्डर गर्ने निर्णय भएको थियो । तर त्यो निर्णय कार्यान्वयन भएन । केही समयअघि अध्यक्ष नियुक्त भई आएका महेन्द्र लामिछानेले पनि सटरहरूको टेन्डर गर्ने निर्णय गराएका थिए । तर, न्यौपानेलाई नै अध्यक्ष कायम गर्न अदालतले आदेश दिएको थियो ।

■ कतारमा रहेका प्रवासी नेपाली भन्छन्-

नेपालमा घोषित मितिमै चुनाव होस्, स्थिर सरकार आओस्

कतारमा **सुरेन्द्रकुमार कामती**

प्रवासी नेपालीले जेन-जी आन्दोलनको बलमा गठन गरिएको सरकारले समयमै निर्वाचन गर्नुपर्नेमा जोड दिएका छन् । कतारमा रहेका नेपाली श्रमिक र व्यवसायीहरूले गठन गरेको दुई सयभन्दा बढी संघसंस्थाले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले घोषणा गरेअनुसार समयमै निर्वाचन हुनुपर्नेमा जोड दिएका हुन् ।

गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष कृष्ण पन्थीले स्थिर सरकार हुने गरी निर्वाचन हुनुपर्ने र २१ फागुनको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्ने बताए । जेन-जी आन्दोलनले भ्रष्टाचारविरुद्ध देशलाई सजग बनाएको भन्दै उनले कतारमा रहेका नेपाली समुदायको चासो निर्धारित समयमा निर्वाचन हुनुपर्ने बताए । कतारमा बस्दै आएका नेपाली समुदायको माग स्थिर सरकार हुनुपर्ने र घोषित निर्वाचनमा प्रवासमा रहेका नेपाली समुदायलाई मताधिकार प्रयोग गर्न अवसर दिनुपर्ने उनको भनाइ छ ।

कतारस्थित क्युएसटी ट्रेनिङ सेन्टरकी प्रमुख रहेकी जलेश्वरकी यास्मिन नाजले नेपालमा घोषित मितिमै निर्वाचन हुनुपर्ने बताइन् । जेन-जीले आफ्नो बलिदानी दिएर देशलाई भ्रष्टाचारबाट जोगाउन खोजेको भन्दै यास्मिन वर्तमान सरकारको प्राथमिकता निर्वाचन र ०४६ पछिको भ्रष्टाचारको छानबिन भएकाले त्यसैअनुसार अगाडि बढ्नुपर्ने बताउँछिन् ।



कृष्ण पन्थी



कृस्टिना माखिम



रिता पोखरेल



शम्भुनाथ शाह



यास्मिना नाज



सुनील घिमिरे

कतारमा कन्स्ट्रक्सन कम्पनी खोलेर व्यापार गर्दै आएका काठमाडौंका सुनीलकुमार घिमिरेले पनि नेपालमा निर्वाचन समयमा हुनुपर्ने धारणा राखे । जेन-जीको आन्दोलनले देशमा सरकार परिवर्तन भएको भन्दै अहिलेको राजनीतिक निकास र देशको विकास गर्न युवा पुस्ताको सहभागितासहितको सरकार गठन हुन आवश्यक भएको उनको भनाइ छ ।

काठमाडौं नैकापकी रिता पोखरेलले जेन-जीले आन्दोलनले देशमा भ्रष्टाचारविरुद्ध सकारात्मक सन्देश दिएकाले समयमै निर्वाचन हुनुपर्ने बताइन् । कतारबाटै मतदान गर्न व्यवस्था मिलाउनुपर्ने उनको माग छ । रोजगारी र अध्ययनका क्रममा अधिकांश युवा पुस्ता देशबाहिर रहेको भन्दै पोखरेलले विदेशमा रहेको नेपाली समुदायलाई निर्वाचनमा मत खसाल्न पाउने अवसर अहिलेको सरकारले दिनुपर्ने बताइन् ।

धनुषा ३ बाट प्रतिनिधिसभा निर्वाचनमा जनमत पार्टीबाट उम्मेदवारी दिएका कन्स्ट्रक्सन कम्पनीका प्रमुख इन्जिनियर शम्भुनाथ साहले भ्रष्टाचारले जरो गाडिएको देशमा युवा पुस्ताले बलिदान दिएर सही ट्र्याकमा ल्याउन खोजेको बताए । युवा पुस्ताको मागअनुसार नेपालमा घोषणा गरिएको प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्ने उनको भनाइ छ । नेपालमा निर्वाचन गर्दा विदेशमा रहेका नेपाली समुदायलाई पनि मतदानको अवसर मिल्नुपर्ने भन्दै इन्जिनियर साहले अब पनि जेन-जीको मागअनुसार देशलाई भ्रष्टाचारबाट मुक्त गर्न सक्ने स्थायी सरकार चयन गर्नबाट चुक्न नहुने बताए ।

काठमाडौं सिनामंगलकी कृस्टिना माखिमले भ्रष्टाचारविरुद्ध युवाहरू पहिलोपटक ठुलो संख्यामा सडकमा आएर सरकार ढालेको भन्दै अब नयाँ सरकार पाँच वर्ष चलाउन सक्ने गरी स्थायी हुनुपर्ने बताइन् । देशमा स्थायी सरकार नहुँदा अरू देशमा निर्भर हुनुपर्ने बाध्यता भएको भन्दै उनले आफू जेन-जी भएकाले पनि आगामी निर्वाचन समयमै हुनुपर्ने र स्थायी सरकार चयन गर्नुपर्ने धारणा राखिन् । निर्वाचनमा मतदान गर्न आफू निकै उत्साहित रहेको भन्दै उनले विदेशमा रहेका नेपालीलाई मतदानको अवसर मिल्नुपर्ने बताएकी छिन् ।

कतारको सनैयामा रहेको प्लाजा मलभित्रको एउटा पसलमा नौ वर्षदेखि कार्यरत दाङ तुलसीपुरका नवराज डाँगीको मत पनि कृस्टिनाकै जस्तो छ । चुनावमा मतदान गर्ने अवसर पाएमा परिवर्तनको पक्षमा मत खसाल्ने उनले बताइन् । कतारमा श्रम र व्यापार व्यवसायमा करिब साढे तीन लाख नेपाली छन् ।

जेन–जीका मागप्रति सबैको अपनत्व आवश्यक

जेन-जीले उठाएका मुद्दामा अहिले समाजको पिँधदेखि टुप्पाका हरेक नेपालीको मनलाई पोल्दै आएका विषय नै छन्



● वीणा झा

अग्रलेख



नेपालमा एक नपत्याएको पुस्ताले ठुलो परिवर्तन गरिदिएको छ। जुन पुस्तालाई माथिल्ला पुस्ताले घोप्टे पुस्ताको रूपमा चित्रण गर्थे, मोबाइलमा घोत्लिएर बस्ने भएकाले। परिवार, समुदाय र मुलुकका विषयमा संवेदनशील नरहेको र विदेश जान मात्रै लालायित रहेर आरोप पाउँदै आएको पुस्ताले गत भदौ २३ गते एक सचेत नागरिकको रूपमा सरकारसँग केही गम्भीर प्रश्न राखे। तर, प्रश्नको जवाफ दिनुको सट्टा सत्तापक्षबाट तिनको टाउको र छातीमा गोली हानियो। तिनले आफ्नो संघर्षमार्फत माथिका पुस्तालाई नै लज्जित, नाजवाफ र स्तब्ध तुल्याइदिएका छन्।

केही दिनदेखिको अविरल वर्षाले सडकमाथि पोखिएको ती निर्दोष, निहत्था जेन-जी पुस्ताका कलिला बालबालिकाको रगत त पखालियो होला। तर, राज्यद्वारा गरिएको त्यो हत्या हरेक नेपालीको मुटुमा कहिल्यै निको नहुने पीडा दिने घाउ बनेर बसेको छ।

वास्तवमा तिनले उठाएका मुद्दा तिनका मात्रै थिएनन्। भ्रष्टाचारको अन्त र सुशासनको अनुभूति गर्न माग गर्नु साँच्चै कुनै अपराध थियो ? यो प्रश्न अहिले समाजको पिँधदेखि टुप्पाका हरेक नेपालीको मनलाई पोल्दै छ। यसको जवाफ दिने दायित्व कसको हो ? तत्कालीन गठबन्धन सरकार, प्रतिपक्षी र राज्यका हरेक जिम्मेवार निकायले यसको जवाफ तयार गरिराख्नुपर्ने होला। किनकि, मुलुकप्रति चिन्तित पुस्तालाई अब जवाफ नदिई धर छैन।

आगामी दिनमा गर्नुपर्ने काम धेरै छन्। जस्तो कि जसरी नेपालमा जेन-जीको नाम त स्थापित भयो। त्यसैगरी, तिनका मुद्दा पनि स्थापित गरिनुपर्छ। देशभरिकै जेन-जी पुस्ताले अग्रसरता देखाएका साझा मुद्दालाई दस्ताबेजीकरण गरिनु जरुरी छ। विद्रोहको नेतृत्व एउटा पुस्ताले गरेको भए पनि तिनको माग सबैसँग सरोकार राख्ने विषय थियो। यस्तोमा बुद्धिजीवीको भूमिका बढ्छ। समाज अत्यधिक सकसमा र मुलुक गम्भीर मोडमा हुँदा समाजका अगुवा बुद्धिजीवी तथा नागरिक समाजको जिम्मेवारी थप बढ्छ।

कतिपय विषयवस्तुमा तिनलाई सही 'मेन्टरिंग' आवश्यक हुन सक्छ। तर, नियन्त्रण भने गरिनुहुँदैन। किनकि, तिनले नीतिहरू नबुझेको हुन सक्ला, तर तिनका नियत पवित्र छ। इतिहास साक्षी छ, मुलुकको कायापलट युवाबाटै हुने गरेको छ। त्यसैले नेपालको जेन-जी पुस्तालाई हाम्रो साथ र विश्वासको मात्रै आवश्यकता देखिन्छ।

गत भदौ २३ गतेको नरसंहार र त्यसको परिणामस्वरूप उत्पन्न २४ गतेको दुर्भाग्यपूर्ण विध्वंसबारे विभिन्न किसिमले व्याख्या, विश्लेषण र मूल्यांकन भइरहेको देखिन्छ। विद्रोहपछाडिको एउटा कारण भने निर्विवाद स्थापित छ, त्यो समाजको स्पन्दन बुझ्न नसकेको, समाजको पिँधसँग सम्बन्ध तोडेका सत्तासीन राजनीतिक दल नै हुन्। तिनको सत्तालिप्सा, अक्षम नेतृत्व र दम्भको कारण मुलुकले ठुलो पीडाबाट गुज्रिनुपरेको छ।

दुर्भाग्य, यति ठुलो उथलपुथलपछि पनि पुराना दलको दम्भ अझै पनि कम भएको देखिँदैन। तिनको आन्दोलनप्रतिको उपहासपूर्ण बोलीव्यवहारले पुराना दल र तिनका नेता जेन-जी आन्दोलनको भावनाप्रति पूर्णतः असंवेदनशील देखिन्छन्। जुन किसिमले भावनात्मक रूपले यो पुस्तालाई विश्वासमा लिँदै अगाडि बढ्नुपर्थ्यो, त्यसमा पूर्णतः असफल भएको स्पष्ट छ।

उदाहरणको रूपमा भदौ २३ गते नै गोली चलाउने आदेश दिनुभन्दा तिनलाई संवादमा बोलाएर छलफल गर्न सकिन्थ्यो। छलफलबाट माग सम्बोधन गर्न सकिन्थ्यो। तर, सदा चाटुकारबाट घेरिएर बस्ने नेतृत्व तहको अक्षमताले त्यो विध्वंस निम्त्यायो। अझै पनि सामाजिक सञ्जाल र मिडियामा आइरहेका तिनका भाषाशैली र प्रस्तुति उदेकलाग्दा नै छन्। ७६ नागरिकको हत्या भएको पीडाको पश्चात्ताप न तिनका अनुहारमा भेटिन्छ, न त अभिव्यक्तिमै। बरु छद्म छलको गन्ध फैलिँदो छ।

युवालाई युवासँग लडाउन खोज्ने तत्त्व सक्रिय भएकोझैं देखिन्छ। राजनीतिक दलका भाषाशैली र प्रस्तुतिमा समाजप्रतिको संवेदनशीलता देखिनुपर्नेमा दम्भ देखिँदै छ। राजनीतिक दलभित्रका युवा जमातमा निरीहता देखिन्छ। यस्तो अवस्थाले मुलुकलाई थप कठिन मोडमा नपुऱ्याउला भन्न सकिन्न। मुलुक कठिन अवस्थामा जान सक्ने अनुभूति समाजको पिँधका सर्वसाधारण नागरिकले समेत महसुस गर्न थालेका छन्। साथै देशलाई भ्रष्टाचारमुक्त गर्न र सुशासन कायम गर्न जेन-जी पुस्ताले गरेको त्याग र बलिदान त दिए, तर त्यो मुद्दा कार्यान्वयन नहुने हो कि भन्ने डर बढेको छ।

> दुर्भाग्य, यति ठुलो उथलपुथलपछि पनि पुराना दलको दम्भ अझै पनि कम भएको देखिँदैन। तिनको आन्दोलनप्रतिको उपहासपूर्ण बोलीव्यवहारले पुराना दल र तिनका नेता जेन-जी आन्दोलनको भावनाप्रति पूर्णतः असंवेदनशील देखिन्छन्।

हरेक नेपाली जहाँ जुन भूमिकामा छौं, त्यहीं रहेर गम्भीरताका साथ जेन-जी आन्दोलनका मुद्दाप्रति जवाफदेही हुनु नै आजको आवश्यकता हो। जेन-जी आन्दोलन एउटा सक्रिय युवापुस्ताले सुरु गरेको लडाइँ हो, जसले उठाएका विषयमा कुनै शंका र द्विविधा गर्नुपर्ने ठाउँ छैन। न त तिनका नियत र क्षमतामाथि शंका गर्न सकिन्छ। अनुभवको कमीले उनीहरू विधि र प्रक्रियामा पोख्त नहोलान्, त्यसमा राज्यका सबै निकायलगायत हरेक सचेत नागरिकले सघाउनुपर्ने आवश्यकता छ।

आगामी निर्वाचनमा कुनै पनि उम्मेदवारको हारजितमा निर्णायक भूमिका खेल्न सक्ने जनसंख्या भएको उमेर समूह हो, जेन-जी पुस्ता। नेपालको भविष्य कोर्ने जिम्मेवारी बोक्नुपर्ने पुस्ता नेपालको राजनीतिक कुसंस्कारले निम्त्याएको दुष्परिणाम झेल्दै आएकाले, त्यसप्रति अनभिज्ञ छैन। अब मुलुक नबनाई हुँदैन भनी आँट गरी अघि सरेका छन्। तिनलाई विभिन्न जालझेल गरी पन्छाउने कि साथ दिँदै अगाडि बढ्न उत्साहित गर्ने ? अहिलेको मुख्य प्रश्न यही हो।

आजको बढ्दो विज्ञान-प्रविधि र सञ्चार माध्यमको सहायतासहित विश्वका विभिन्न मुलुकको समृद्धि र दुर्गतिका विविध पक्षबारे जानकार रहेको पुस्ता हो, जेन-जी। यो पुस्ताले विश्वव्यापीकरणको अवसर र चुनौती पनि बुझेका छन्। तिनले नेपालमा १० वर्षमा नौ सरकार, संघमा १० वर्षमा दुई सय ८५ व्यक्ति तीन सय ८४ पटक मन्त्री, प्रदेशमा ३३ व्यक्ति ४१ पटक मुख्यमन्त्री र तीन सय ७७ व्यक्ति चार सय ९४ पटक मन्त्री भएको देख्यो। तिनको राजसी जीवनशैली, रातारात भएको आर्थिक प्रगतिपछाडि भ्रष्टाचारको फैलँदो क्यान्सर देखेको छ।

भ्रष्टाचारले समाजका तलदेखि माथिसम्मको हरेक संरचना प्रभावित हुँदा देखिने ढिलासुस्ती असमानता तिनले आफैंले भोगेका छन्। यसबाट वाक्कदिक्क भएर समाधान खोज्न हिँडेका पुस्ताका भावना नबुझी विगतभरि दबाउने, धपाउने र सिध्याउने सोच राखियो। अब पनि तिनको भावना नबुझी मुलुक अघि बढ्न खोज्यो भने देश थप संकटमा जाने प्रायः निश्चित छ।

भदौ २३ र २४ दुई दिनका जे-जति घटना घटे, त्योसँग जोडिएका सम्पूर्ण पक्ष र पात्रका भूमिकाबारे भविष्यमा खुल्दै जाला। अध्ययन अनुसन्धान सुरु पनि भइसकेको छ। तर, वर्तमान परिवेशमा मुलुकलाई बेथितिको चंगुलबाट निकाल्नु केही कदम चालिहाल्नुको विकल्प छैन। यसका लागि अपनाउन सकिने केही कदम यहाँ चर्चा गरिएको छ :

- यो आन्दोलन एउटा पुस्ताले गरेको भए पनि यसको माग सबै देशवासीको हो। त्यसैले, आन्दोलनमा उठेका मागलाई ओझेलमा पर्न दिन हुँदैन।
- राजनीतिक दलका लागि पुस्तान्तरण र पश्चात्तापसहित समाजको पिँधसँग जोडिने यो एक अवसर हो। यसको सही उपयोग गर्दै दलहरूको संरचनागत तथा कार्यगत शैलीमा रुपान्तरण गर्न सकिन्छ।
- समाजको पिँधले अपनत्वको अनुभूति गर्न सक्ने बलियो नागरिक समाजको उपस्थितिको प्रबल सम्भावना देखिन्छ।
- समाजभित्र रहेका विभिन्न उत्पादनसँग सम्बन्धित सम्भावनाको खोजी र सहकार्यको सम्भावनासहित युवाका लागि प्रचुर अवसरको निर्माण गर्न सकिन्छ।
- देशमा अवसर बढाएर युवाहरूको विदेश पलायन घटाउने उपाय खोज्नुपर्छ, यसले सामाजिक सम्बन्धहरूको बढ्दो विग्रह घटाउने र सम्बन्धहरू बलियो बनाउने आधारहरू निर्माण गर्न सक्छ।

यदि समयमै गम्भीर नहुने हो भने यसले मुलुकलाई उल्लिखित संकटतर्फ धकेल्ने सम्भावना बढ्छ। विशेषतः विभिन्न स्वार्थ समूह युवाहरूको विग्रहमा खेल्ने प्रयास गर्न सक्छन्। तिनले जेन-जी नेतृत्व समूहलाई प्रयोग गरेर आफ्नो स्वार्थअनुरूपको संरचना निर्माण गराउने गरी खेल्न सक्छन्। यसको दीर्घकालीन असर मुलुकको सार्वभौमिकता र वैदेशिक सम्बन्धमा पर्न सक्छ। सिर्जनशील युवाहरू रुमल्लिने सम्भावना बढ्न सक्छ। र, मुलुकमा अशान्ति, असुरक्षा र द्वन्द्व बढ्न सक्छ। बिस्तारै मुलुक नै लामो संकट वा गृहयुद्धतर्फ बढ्न सक्छ। अनि, विभिन्न बहाना र कारण देखाई बाह्यशक्तिको चलखेल बढ्न सक्छ। यसले सम्पूर्ण नेपालीले दुःख भोग्नुपर्ने अवस्था निम्त्याउन सक्छ।

त्यसैले अहिले रुपान्तरणको सही समय हो। कुनै पनि हालतमा भदौ २३ गते गरिएको हाम्रा बालबालिकाको हत्यालाई नबिसौं र मुलुकलाई भ्रष्टाचार र बेथितिको चंगुलबाट निकाल्न सामूहिक सहकार्य गरौं।

लेखक समाजशास्त्री हुन्।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **कृष्ण पोखरेल**लाई



पूर्वप्रधानमन्त्री केपी ओलीले भनेजस्तै वर्तमान सरकार असंवैधानिक हो ?

अहिलेको सरकार ओलीसमेतको सहमतिमा बनेको सरकार हो। उहाँले लेखेर दिएपछि बनेको सरकार हो। यो सरकारलाई आन्दोलनको बलमा संवैधानिक स्पिरिटअनुसार राष्ट्रपतिले संविधानको धारामा टेकेर बनाएका हुन्। यस्तोमा यसलाई असंवैधानिक भन्न मिल्दैन।

कार्यकारी प्रमुखका रूपमा ओलीलाई गुप्तचर विभागको नियमित रिपोर्ट हुन्थ्यो होला। तर, उनलाई त्यति ठुलो आन्दोलन हुँदै छ भन्ने भेउसमेत रहेनछ। जनताको आक्रोशबाट बचाउन अन्तिम समयमा उनलाई सेनाले रेस्क्यु गर्नुपरेको थियो। अहिले आएर यस्ता अभिव्यक्ति दिनु अराजकता निम्त्याउने प्रयास हो।

प्रमुख दलका नेतामध्ये वर्तमान सरकारप्रति ओली मात्र किन आक्रामक देखिइरहेका होलान् ?

त्यो त स्वाभाविक हो। कुर्सी उनकै गएको छ। उनकै हात युवाको रगतबाट रंगिएको छ। जेन-जी आन्दोलनमा जे-जति हत्या भएका छन्, त्यसको मुख्य जिम्मेवारी त उनले नै लिनुपर्छ। 'द बेस्ट अफेन्स इज गुड डिफेन्स' भन्छन् नि उनलाई त यस जिम्मेवारीलाई अन्यत्र मोड्नुपर्ने दबाब पनि होला। प्रधानमन्त्री भएर गोली प्रहरीबाट नभएर अन्य समूहबाट चलेको छ भन्नेजस्ता गैरजिम्मेवार टिप्पणी दिइरहेका छन्। त्यो त फोरेन्सिक जाँच गरे थाहा हुने कुरा हो।

ठुला दल र तिनका नेताको उग्र बोलीले राजनीतिक र चुनावी माहोलमा कस्तो असर पार्छ ?

ओलीले संसद् पुनर्स्थापनाको कुरालाई लिएर अदालत जाने भनिरहेका छन्। हरेक नाकरिकलाई जस्तै उनलाई पनि त्यो अधिकार छ। तर, यथार्थमा राजनीतिक रेल अघि बढिसक्यो। मुलुक अब संसद् पुनर्स्थापनाको उल्टो बाटोमा जानुभन्दा चुनावकै तयारीमा अघि बढ्दा ठिक हुन्छ। यस परिस्थितिमा एमालेजस्तो देशको ठुलो दलमध्ये एकका नेताबाट आएका अभिव्यक्तिले वातावरणलाई तिक्त बनाइहाल्छ। तर, फेरि सबै कुरा एउटा दललेमात्रै चाहेअनुरूप हुन्छ भन्ने पनि छैन।

प्रेरक प्रसंग

नाफाघाटाको हिसाबकिताब

धेरै वर्षअघि एक सहरमा एउटा भव्य होटेल थियो। होटेल मालिक निकै दयालु र सज्जन थिए। होटेलबाट राम्रै आम्दानी भइरहेको थियो। उनको जीवन सुखमा बितिरहेको थियो। तर, परिवारमा भने उनको कोही थिएन। मातापिताको मृत्यु भइसकेको थियो। विवाह पनि भएको थिएन र अन्य आफन्तजन पनि थिएनन्।



होटेल मालिकको एक विशेषता थियो। उनी आफ्नो होटेलमा आइपुग्ने कुनै पनि फरक क्षमतायुक्त मानिसलाई निःशुल्क पेटभरि मिठो खाना खुवाएर पठाउँथे। उनको यो कार्य निरन्तर वर्षौंसम्म चलिरह्यो। उनी हरेक बिहान होटेलनजिकैको एउटा चौरमा पुगेर चराचुरुंगीलाई दाना पनि दिने गर्थे। उनको यो कार्य पनि वर्षौंदेखि निरन्तर चलिरहेकै थियो।

एक दिन उनका एक मित्रले होटेल मालिकसित प्रश्न गरे- मित्र, तपाईं हरेक दिन होटेलमा आइपुग्ने फरक क्षमताका मानिसलाई निःशुल्क भोजन गराउनुहुन्छ। निःशुल्क खाना पाइने भएपछि त्यस्ता मानिसको संख्या पनि होटेलमा बढ्दै गएको छ। यसबाट त तपाईंलाई निकै ठुलो घाटा लाग्न सक्छ। कतिन्जेल यसरी धान्नुहुन्छ ?

मित्रको जिज्ञासा सुनेर होटेल मालिकले गम्भीर हुँदै भने- मित्र, म हरेक दिन चराचुरुंगीलाई दाना दिन जाँदा त्यहाँ कुनै विकलांग पक्षीको आहारा अर्को कुनै सबल पक्षीले खोसेर खाएको देखेको छैन। सबैले कमजोरलाई सघाइरहेका हुन्छन्। जब चराचुरुंगीले त यसरी कमजोरलाई खान सघाउँछन् भने हामी मान्छे भएर यत्ति पनि नगर्नु त ? हेर्दै जाऊँ, जहिलेसम्म सकिन्छ, त्यतिन्जेल त यसलाई निरन्तरता दिनैपर्छ। फेरि, मेरो मनले पनि यही कर्मबाट अपार शान्ति महसुस गर्छ भने म किन नाफाघाटाको हिसाबकिताब गरिरहूँ ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बजारको व्यापक अनुगमन आवश्यक

नेपालीको दोस्रो महान् चाड तिहार नजिकिँदै छ। फेरि पनि पर्वका लागि आवश्यक सामग्री, खाद्यान्न, लत्ताकपडाको किनमेलका लागि बजारमा भिड लाग्नेछ। तर, चाडबाडको बिचमा दैनिक उपभोग्य वस्तु र विशेषतः खाद्यान्नको भाउ निकै बढेको छ। बजारमा एउटै सामानको मूल्य पसलपिच्छे नै फरक-फरक पाइन्छ। उद्योगी र व्यापारीले अधिक नाफाको लोभमा बजारमा अत्यावश्यक सामग्रीको कृत्रिम अभाव सिर्जना गरेर महँगोमा सामन बेचिरहेका छन्। त्यसको प्रत्यक्ष असर आमउपभोक्ताले भोगिरहेका छन्। सर्वसाधारण जनतालाई दैनिक जीवनयापन गर्न निकै नै कठिनाइ उत्पन्न भएको छ। महँगीका अतिरिक्त बजारमा मिसावट सामग्री, नक्कली सामानको बिक्री पनि बढेको छ। सक्कली सामान नचिन्ने उपभोक्ता ठगिने त भइहाले। आमउपभोक्ताको स्वास्थ्यमा समेत खेलबाड भइरहेको छ। हुन त सरकारले समय-समयमा बजारको अनुगमन गरी कारबाही नगरेको होइन। तर, अनुगमन आक्कलझुक्कल मात्र हुने र सबै क्षेत्रमा नहुनाले गलत अभ्यास रोकिएको छैन। जनताको स्वास्थ्य र हितलाई सरकारले सर्वोपरि राख्दै सरकारले बढीभन्दा बढी स्थानीय निकाय तथा सुरक्षा निकायसँग समन्वय गरेर संयुक्त रूपमा बजारको नियमित अनुगमन गर्नु अत्यावश्यक भइसक्यो।

● **अच्युत 'उत्सुक'** प्रधान, काठमाडौं

अस्थिरता रोकौं

सामाजिक सञ्जालमा विभिन्न स्टन्टबाजी गरेर चर्चामा आएका डा. निकोलस भुसाल भनिने व्यक्ति हिजो माइतीघरमा पुनः अस्थिरता मच्चाउने प्रयास गर्दा पक्राउ परेछन्। प्रहरीले समयमै उनी र उनका सहयोगीले पक्राउ गरेपछि स्थिति साम्य भए। व्यक्ति अर्को स्टन्ट गर्ने प्रयासमा पक्राउ परेछन्। यस्तो अस्थिर अवस्थामा पनि थुप्रैले फाइदा उठाउने प्रयास गरिरहेका छन्। हजारौं कैदीबन्दी जेलबाहिर रहेको अधिल्लो आन्दोलनमा प्रहरीबाट लुटिएको ठुलो संख्यामा गोलीगठ्ठा र बन्दुक बरामद हुन नसकेको अवस्थामा हामी सबै संयमित हुनुपर्छ। जेन-जी समूहले पनि सरकारमाथि खबरदारी गर्ने तर अस्थिरता फैलिन नदिनमा होसियार हुनुपर्छ।

● **प्रवेश पौडेल**, रुकुम (पश्चिम)

हुलाकको उपयोग बढाऔं

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले हुलाक सेवालाई समायनुकूल सुधार गर्दै लैनानुपर्ने भनेको कुरा मलाई ठिकै लाग्यो। हुलाकको बहुआयामिक उपयोग गर्ने कुरामा नेपाल पछाडि परेको छ। पश्चिमका सम्पन्न देशमा जाने सबैले देखेभोगेको कुरा हो, त्यहाँ हुलाकबाट कति धेरै काम भइरहेको हुन्छ। नेपालले विदेशबाट राम्रो अभ्यास सिक्न सक्नुपर्छ। हुलाकको सही उपयोगले सरकारी कार्यालय धाउने अहिलेको अवस्था सहज बनाउन सकिन्छ। नेपालमा भने हुलाक भनेको चिठीपत्र बोक्ने संस्था मात्र हो भन्ने बुझाइ छ। हामीले यो मानसिकता सुधार्ने वेला भइसक्यो।

● **सिर्जना सुवेदी**, स्याङ्जा

नघटेको दम्भ

पूर्वप्रधानमन्त्री केपी ओलीले नेतृत्व हस्तान्तरण नगर्ने भनेका सुन्दा अचम्म लाग्यो। उनले आफ्नो नेतृत्वमा चुनावमा गए पार्टी धराशयी हुन्छ भन्ने किन नबुझेका होलान्। देशलाई खरानी बनाएर छाडे, अब पार्टीलाई पनि खरानी बनाउने भए केपीले। केपी ओलीको अरूको कुरा नसुन्ने बानीले देश र पार्टी दुवै गलायो। प्रधानमन्त्री हुँदा ओलीले भ्रष्टाचार, नातावाद र अविकास घटाउनेभन्दा बढाउनेमा भूमिका खेले। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग सबै क्षेत्रमा निराशा देखिन्थ्यो। यसले युवाहरू पलायन र निराशा बढायो। निराश युवाले गरेको आन्दोलन पुराना नेताविरुद्ध हो भन्ने किन नबुझेका होलान् ?

● **राजेन्द्र बुढाथोकी**, गोर्खा, हाल : दुबई

ट्रम्पको प्रमुख कूटनीतिक उपलब्धि हुन सक्छ गाजा सम्झौता

ट्रम्पको शान्ति योजनाअनुरूप भएको पछिल्लो युद्धविरामले युद्धको स्थायी अन्त्यका लागि वार्ता सुरु गर्ने बताएको छ



देश / विदेश

● एन्ड्रयु रोथ

एन्ड्रयु गार्जियनका विश्व मामिला संवाददाता हुन्

डोनाल्ड ट्रम्पका लागि इजरायल र हमासबिच दिगो युद्धविराम वा एक शान्ति सम्झौतामा पुग्नु उनको राष्ट्रपतित्वको सबैभन्दा ठुलो कूटनीतिक उपलब्धि हुन सक्छ। हुनत गाजामा इजरायलको युद्ध अन्त्य गर्ने सम्बन्धमा भएको सम्झौताको विवरण र अनुक्रम अझै अस्पष्ट छ, तर इजरायल र हमास दुवै यसप्रति समर्थन जनाउनु नै अहिलेको लागि अर्थपूर्ण छ।

अरब राज्यहरू र अन्य क्षेत्रीय शक्तिले समेत राजनीतिक समर्थन दिएको पछिल्लो सम्झौता मार्चमा युद्धविराम भंग भएदेखि सुरु भएको युद्ध रोक्ने उत्तम मौकाका रूपमा आएको छ। यस विध्वंसकारी युद्धमा गाजामा लगभग ६८ हजार मानिसको मृत्यु भएको छ, जसमध्ये प्रायः आमसर्वसाधारण छन्।

उसो त मार्चदेखि नै कुनै न कुनै खालको सम्झौता हुने हल्ला चल्दै आएको छ। तर, सम्झौताका लागि भित्र चलिरहेको सबै प्रयास हालसम्म खेर गए। ट्रम्पले बुधबार 'ट्रुथ सोसल'मा गरेको पोस्टमा भनेझैं गाजा शान्ति योजनाको पहिलो चरण एकदम सीधा छ, इजरायली सेना गाजाको सीमित क्षेत्रबाट पछाडि हटेको बदलामा हमासले बन्धक रिहा गर्नेछ। तर, यो पहिलो चरणको कार्यान्वयन तथा व्यवस्थापन आफैंमा जटिल हुन सक्छ।

ट्रम्पले अन्य विषयमा जस्तै यसमा पनि अलि बढाइचढाइ आशा व्यक्त गरेका छन्। उल्लिखित 'ट्रुथ सोसल'को पोस्टमा ट्रम्पले भनेका छन्, 'सबै बन्धक चाँडै रिहा गरिनेछन्, र बलियो, टिकाउ तथा स्थायी शान्ततर्फको पहिलो कदमको रूपमा इजरायलले सहमति भएको रेखासम्म आफ्ना सेना फिर्ता लैजानेछ। सबै पक्षलाई निष्पक्ष व्यवहार गरिनेछ।'

तर, अझै पनि छलफल गर्न धेरै बाँकी छ। ट्रम्प प्रशासनले प्रस्ताव गरेको '२०-बुँदे शान्ति योजना'ले युद्धविरामका लागि परिस्थिति सिर्जना गर्ने र युद्धको स्थायी अन्त्यका लागि वार्ता सुरु गर्ने भनेको छ। हमासको भविष्य के हुने र उक्त लडाकु समूह निःशस्त्र हुनेछ कि छैन भन्ने प्रश्न, गाजाको भविष्यका लागि इजरायलको दृष्टिकोण के हुने भन्नेजस्तो कठिन प्रश्न अझै पनि खुल्न बाँकी नै छ।

हामी पहिले पनि अहिलेकै जस्तो स्थितिमा पुगेका थियौं। ट्रम्प कार्यकाल सम्हाल्नुअघि नै गाजा युद्ध अन्त्यका लागि वार्ता गर्न हतारिएका थिए। ट्रम्पकै चाहनाअनुरूप जनवरीमा हतारमा युद्धविराम भएको थियो। त्यतिवेला पनि चरणबद्ध रूपमा बन्धकको रिहाइ हुँदाहुँदै युद्धविराम भंग भएको थियो। तथापि, पछिल्लो उपलब्धि महत्त्वपूर्ण क्षणका रूपमा आएको छ। यो खबर ट्रम्पलाई सुनाउन देखाइएको हतारोले पनि त्यही संकेत गर्छ। बुधबार दिउँसो ट्रम्प एक कार्यक्रममा बोलिरहँदा विदेशमन्त्री मार्को रुबियोले एउटा नोट हस्तान्तरण गरेका थिए, जसमा लेखिएको थियो, 'एकदम नजिक। तपाईंले सक्दो छिटो ट्रुथ सोसलको पोस्ट स्वीकृति गरिदिए सम्झौताबारे पहलो घोषणा गर्न सक्नुहुन्छ।'

कसैले पनि गाजामा इजरायलको युद्ध ओस्लो-शैलीको शान्ति सम्झौता वा राजनीतिक छलफलबाट समाप्त हुनुपर्छ भनेका छैनन्। अहिले समय फरक छ। तथापि,



अमेरिकी राष्ट्रपतिले तैपनि आफ्ना मित्रशक्ति र शत्रुशक्ति दुवैलाई सन्तुलनमा राखेर परिणाम दिएका छन्। बराक ओबामापछि नोबेल शान्ति पुरस्कार हासिल गर्ने अमेरिकी राष्ट्रपति बन्ने ट्रम्पको इच्छाबाट पनि यो प्रयास प्रेरित भएको बताइन्छ। नोबेल शान्ति पुरस्कार शुक्रबार घोषणा हुँदै छ। अमेरिकी राष्ट्रपतिलाई पुरस्कार दिलाउने इच्छाले वासिंटन र मध्यपूर्व निर्देशित छन्।

स्थायी शान्तिका तगारोहरू स्पष्ट छन्। हमासले ट्रम्प र अन्य पक्षलाई 'इजरायली अतिक्रमणकारी सरकारले सम्झौताका सर्तको पूर्ण पालना गरोस् भन्ने सुनिश्चित गर्न' आह्वान गरेको छ। बन्धकलाई फिर्ता गरेपछि इजरायलले आफ्नो आक्रमण पुनः सुरु गर्न सक्ने डर छ। 'हामी स्वतन्त्रता, स्वाधीनता र आत्मनिर्णयको अधिकार प्राप्त नभएसम्म हाम्रा जनताको राष्ट्रिय अधिकार कहिल्यै त्यागेछैनौं,' प्यालेस्टिनी राज्य स्वीकारोक्तिको चाहनालाई अप्रत्यक्ष रूपमा संकेत गर्दै हमासले भनेको छ। जुन मागलाई नेतन्याहुले अस्वीकार गरेका छन् भने ह्वाइट हाउसले धेरै हदसम्म त्यागिसकेको छ।

नेतन्याहुका पनि आफ्नै राजनीतिक जटिलता छन्। बिहीबार उनले 'सरकारबाट सम्झौता अनुमोदन गर्ने र सबै प्रिय बन्धकलाई घर ल्याउने' बताए। युद्धविरामको अवस्थामा उनले आफ्नो गठबन्धन सरकारभित्रका उग्रदक्षिणपन्थी सदस्यको मन बुझाउनुपर्ने हुन्छ। अर्थमन्त्री बेजालेल स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-गभिरलगायत दक्षिणपन्थी मन्त्रीहरूले युद्धविराम भए सरकार ढाल्नेसम्मको चेतावनी दिँदै आएका छन्।

ट्रम्पले यी विचारलाई क्रूर बल प्रयोगको भाषा प्रयोग गरेर साम्य बनाउने प्रयास गरेका छन्। शान्तिको चाहना पूरा नभए गाजामा हमासविरुद्ध 'नरक'को स्थिति सिर्जना गरिदिने उनले धम्की दिएका छन्। एक्सियोसका अनुसार नेतन्याहुले सम्झौतालाई लिएर शंका व्यक्त गर्दा ट्रम्पले उनलाई भनेका थिए, 'तपाईं किन सधैं यति नकारात्मक भन्या। यो त तपाईंहरूका लागि जित हो। यसलाई स्विकार्नुस्।'

अमेरिकी राष्ट्रपतिले यसै साता उक्त सम्झौतामा हस्ताक्षर गर्न मध्यपूर्वको भ्रमण गर्ने योजनासमेत रहेको बताइएको छ। हुन पनि यो उनको समय हो। वार्ता बिफल हुन रोक्न र पुनः युद्ध सुरु हुनबाट रोक्न ट्रम्पले आफ्नो सम्पूर्ण व्यक्तिगत ब्रान्ड र प्रभाव प्रयोग गर्नुपर्ने हुन सक्छ। अन्यथा, अहिलेको कूटनीतिक जित हारमा बदलिनेछ।

द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्वभर डरलाग्दो दरमा देशनिकाला गरिँदै छ आप्रवासीलाई

अमेरिका, अस्ट्रेलिया र बेलायतमा हिरासत र निर्वासन अभ्यासको द्रुत विस्तारले आप्रवासीलाई आतंकित बनाएको छ

- एन्डोनिया जोन डिक्सन
- सेट्टा मेनवारिङ
- थम टायरम्यान

डिक्सन एडिनबर्ग विश्वविद्यालयमा पोस्टडक्टरल रिसर्च फेलो, मेनवारिङ एडिनबर्ग विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धमा वरिष्ठ व्याख्याता र टायरम्यान एडिनबर्ग विश्वविद्यालयमा रिसर्च फेलो हुन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिकाले गैरनागरिकलाई हिरासतमा राख्ने र देशनिकाला गर्ने प्रयासलाई खतरनाक दरमा विस्तार गरिरहेको छ। हालैका महिनामा निर्वासित गैरनागरिकलाई देशनिकाला गर्न ट्रम्प प्रशासनले तेस्रो राज्यहरूसँग सम्झौता गरेको छ। अस्ट्रेलियामा लेबर सरकारले गैरनागरिकलाई तेस्रो राज्यमा निकाला गर्न नयाँ शक्ति स्थापित गरेको छ। सरकारले सेप्टेम्बरमा नाउरुसँग एक गोप्य सम्झौतामा हस्ताक्षर गर्‍यो, जसले गर्दा निर्वासितको पहिलो समूहलाई समायोजन गर्न आगामी तीन दशकमा सानो उक्त टापुलाई २.५ अर्ब अस्ट्रेलियाली डलरको सुनिश्चितता गरियो ।

दुवै देशमा आप्रवासीलाई अब ती राज्यमा निर्वासित गर्न सकिन्छ, जहाँ उनीहरूको पहिले कुनै सम्बन्ध थिएन। रुवान्डामा मानिसहरूलाई निर्वासित गर्ने अघिल्लो कन्जर्भेटिभ सरकारको योजना लगभग 'मृत' अवस्थामा रहेको गत वर्ष संयुक्त अधिराज्यका प्रधानमन्त्री केयर स्टारमरको लेबर पार्टीले जनाएको थियो। तैपनि, लेबरले २०२४ मा लगभग ३५ हजार मानिसलाई हटाएको छ, जुन अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि हो। स्टारमरले शरण दाबी अस्वीकार गरिएका मानिसका लागि तेस्रो देशमा 'फिर्ता केन्द्रहरू' स्थापना गर्ने प्रस्तावसमेत गरेका छन् ।

यसैबिच अति-दक्षिणपन्थी रिफर्म पार्टीले अर्को आमचुनावमा सत्तामा आएमा लाखौँ मानिसलाई हिरासतमा राख्न र देशनिकाला गर्न सैन्य अड्डाको प्रयोग गर्ने 'सामूहिक निर्वासन' योजना अगाडि सारेको छ। यस्तै नीति चाँडै युरोपमा पनि आउन सक्छ। मे महिनामा युरोपेली आयोगले एउटा प्रस्ताव प्रकाशित गर्‍यो, जसले इयु सदस्य राष्ट्रलाई शरण खोज्ने मानिसलाई तेस्रो देशमा देशनिकाला गर्न अनुमति दिनेछ (जहाँ उनीहरूको पहिले कुनै सम्बन्ध छैन।)



समस्याग्रस्त मानिने जनसंख्याको निर्वासन कुनै नयाँ अभ्यास होइन। शताब्दीयौँदेखि राज्यहरूले मानिसलाई जबर्जस्ती हटाउन निर्वासनको रूपहरू प्रयोग गर्दै आएका छन्, जसरी ब्रिटिस उपनिवेशको रूपमा अस्ट्रेलियाको आफ्नै इतिहासले देखाउँछ। आज, निर्वासन पक्रिया संसारभर आप्रवासन शासनको एक प्रमुख तत्त्व हो। यद्यपि, हिरासत र निर्वासनको हालैको विस्तारले गैरनागरिकको तीव्र अपराधीकरण र सजायलाई प्रतिबिम्बित गर्छ, जुन कथित रूपमा उदारवादी पश्चिमी देशमा बढ्दो अधिनायकवादसँग जोडिएको छ।

आप्रवासनलाई अपराधीकरण

निर्वासनको विस्तार र बाह्य आप्रवासनलाई अपराधीकरण गर्ने इतिहासले लामो आधार दिएको छ। विगत तीन दशकमा कानुनी अवरोध र सुरक्षित सीमाले युद्ध, उत्पीडन र असुरक्षाबाट भाग्नेहरूलाई शरण लिन अनधिकृत मार्गहरूमा भर पर्न बाध्य पारेको छ। सरकारहरूले एकै साथ शरण खोज्ने कार्यलाई मानव अधिकारबाट आपराधिक कार्यमा पुनः रूप दिएका छन्।

समुदायमा बसोवास गर्ने जातीय व्यक्तिलाई उनीहरूको बसाइँसराइ स्थितिको पर्वाह नगरी बढ्दो प्रहरी नियन्त्रणको सिकार बनाइएको छ। अमेरिका, बेलायत र अस्ट्रेलियामा यो अपराधीकरण गर्ने भाषा (जुन एक समय दक्षिणपन्थी प्रेसको संरक्षणमा थियो) अब राजनीतिक परिदृश्यका राजनीतिज्ञले प्रतिध्वनित गरेका छन्। यसले आप्रवासन विशेषज्ञ एलिसन माउन्ट्जले 'शरणको मृत्यु' भनेर वर्णन गरेको कुरालाई तीव्र बनाएको छ, र निर्वासनलाई सामान्य बनाएको छ। उदाहरणका लागि अस्ट्रेलियामा सरकारले २०१४ मा भिसा रद्द गर्ने सीमा घटायो, परिणामस्वरूप सानातिना अपराध गरेका मानिसलाई हिरासतमा लिइयो र देशनिकालाको मिति तय गरियो। सन् २०२३ को उच्च अदालतको फैसलाले उनीहरूको रिहाइलाई अनिवार्य नगरेसम्म आफ्नो देश फर्किन नसक्नेहरू हिरासतमा नै रहे। आफ्नो सजाय भुक्तान गरिसकेपछि पनि आप्रवासन हिरासतमा लामो समय बिताउनुका साथै मिडिया उन्मादले उनीहरूलाई समुदायका लागि ठुलो खतराको रूपमा प्रस्तुत गर्‍यो। त्यसपछि लेबर सरकारले उनीहरूलाई अनिश्चित भिसामा तेस्रो देशमा देशनिकाला गर्न कानुन बनायो।

धेरै वर्षदेखि अमेरिकी आप्रवासन प्रवर्तनको मुख्य लक्ष्य देशनिकाला रहेको छ। पूर्वराष्ट्रपति बाराक ओबामा पदमा रहँदा कीर्तिमानी संख्यामा (३० लाख) देशनिकाला गरेकाले 'देशनिकाला प्रमुख' भनेर चिनिन्थे। ओबामाको 'परिवार होइन, अपराधी'मा ध्यान केन्द्रित रहे पनि ट्रम्पले आप्रवासनलाई अपराध र असुरक्षासँग तुलना गरेका छन्। उनको प्रशासनले धेरै फराकिलो जाल हानेको छ, जसअन्तर्गत आपराधिक सजाय भएका-नभएका दुवै वर्गका मानिसलाई पक्राउ गरिएको छ।

गाजामा भएको नरसंहारजस्ता मुद्दामा राजनीतिक असहमतिलाई दबाउन पनि हिरासत र निर्वासन प्रयोग गरिएको छ। पहिलो वर्ष दश लाख मानिसलाई देशनिकाला गर्ने आफ्नो प्रतिबद्धतालाई तीव्र बनाउन ट्रम्प प्रशासनले ग्वान्टानामो खाडीसहित पूर्वजेल र सैन्य अड्डामा हतारमा हिरासत केन्द्र स्थापना गर्‍यो। सरकारले निर्वासित गैरनागरिकलाई स्वीकार गर्न ५८ तेस्रो देशसँग पनि सम्पर्क गरेको रिपोर्टले सुझाव दिएका छन्। धेरै अवस्थामा मानिसलाई होटेल, जेल र शिविरमा पुनः हिरासतमा राखिएको छ।

बढ्दो अधिनायकवाद

हालैका घटनाक्रमले स्पष्ट अधिनायकवाद प्रकट गर्छ, जसमा प्रक्रियागत निष्पक्षताको उन्मूलनमार्फत निर्वासन पक्रिया सञ्चालन गरिन्छ। सूचना अवधि घटाउने निर्णयमा अपिल गर्ने क्षमता र कानुनी सल्लाहकारको पहुँचले हतार र अपारदर्शी प्रक्रियाहरूलाई अनुमति दिएको छ। जुनमा, आठजनालाई अमेरिकाबाट दक्षिण सुडानमा निर्वासन गरिएको थियो। उनीहरूलाई आफ्ना भनाइसमेत राख्न नदिई निर्वासन गरिएको थियो। अदालतको असफल हस्तक्षेपपछि तीन उदारवादी अमेरिकी सर्वोच्च अदालतका न्यायाधीशले भने- सरकारले वचन र व्यवहारमा स्पष्ट पारेको छ कि सूचना वा सुनुवाइको अवसरविना जुनसुकै ठाउँमा जोकोहीलाई देशनिकाला गर्न स्वतन्त्र छ।

बेलायतमा लेबर पार्टीले अगस्टमा 'डिपोर्ट नाउ अपिल लेटर' योजनालाई विस्तार गर्‍यो। यससँगै अपिल अधिकारविना नै मानिसलाई निर्वासित गर्न सकिने देशको संख्या २३ पुग्यो। यस महिना अस्ट्रेलियामा निर्वासनका लागि तय गरिएका व्यक्तिहरूका लागि प्राकृतिक न्यायको नियम हटाउन आप्रवासन ऐनलाई संशोधन गरिएको थियो। तीनै देशमा हिरासत र निर्वासन अभ्यासको द्रुत विस्तारले लक्षित व्यक्तिलाई आतंकित बनाएको छ। अस्ट्रेलियाली मानव अधिकार वकिल एलिसन ब्याटिसनले निर्वासनलाई 'व्यक्ति र उनीहरूका परिवारका लागि एक घस्रने मृत्यु' भनेर वर्णन गरे।

यी नीतिले अति-दक्षिणपन्थी, नव-नाजी समूहलाई पनि वैधानिक र प्रोत्साहित गरेको छ। हालैका साता ती समूह बेलायत र अस्ट्रेलिया दुवैमा बसाइँसराइ अन्त्यका लागि आह्वान गर्दै सडकमा उत्रिएका छन्। दुवै देशमा किफायती आवास, रोजगारी र स्वास्थ्य सेवाको अभावजस्ता दशकौँदेखिका नवउदारवादी नीतिको प्रभावलाई बसाइँसराइको समस्याको रूपमा पुनः परिभाषित गरिएको छ।

द कन्भर्सेसनबाट

भियतनामको बाढीमा आठजनाको मृत्यु

हनोई/ भियतनाममा निरन्तरको वर्षापछिको बाढीमा परेर आठजनाको मृत्यु भएको छ। बाढीपहिरोमा परी केही बेपत्ता भएका छन्। बाढीले मुख्य सडक र घर डुबानमा पर्दा दसौँ हजार मानिस अलपत्र परेका छन्। राजधानी हनोईबाट लगभग ८० किलोमिटर उत्तरमा रहेको थाई न्युयेन सहरका क्षेत्रमा बाढीको पानी घरका छानासम्म पुगेको थियो। बाढीले दर्जनौँ बासिन्दा घरमै फसेका छन् भने कोही घर छोड्न बाध्य भएका छन्।

वातावरण मन्त्रालयले सोमबारदेखि भियतनामको उत्तरी क्षेत्रमा अचानक आएको र अन्य पाँचजना बेपत्ता भएको बताएको छ। '६० वर्षअघि जन्मिएदेखि मैले यस्तो भयानक बाढी कहिल्यै देखेको थिइनँ,' एक स्थानीय भान न्युयेनले भने। सेनाले उद्धार र राहत कार्यमा सामेल हुन ३० हजार कर्मचारी र हजारौँ डुंगा परिचालन गरेको बताएको छ। लाङ सोन प्रान्तको बाढीग्रस्त भागमा मानिसलाई चार टनभन्दा बढी पानी, चाउचाउ, सुक्खा केक, दुध र लाइफ ज्याकेट खसाल्न तीन हेलिकोप्टर प्रयोग गरिएको छ। बुधबारसम्म उत्तरी क्षेत्रका तीन नदीमा लगभग ४० वर्षमा सबैभन्दा उच्च बाढीको स्तर रेकर्ड गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

इतिहासमा आज

अक्टोबर १०



सन् १९७६ : माओत्सेतुङको निधनपछि उनकी श्रीमतीसहित 'ग्याङ अफ फोर'का सदस्य हिंसा फैलाएको आरोपमा बेइजिङमा पक्राउ परे।

सन् ६८० : कुफातर्फ जाँदै गरेका अल हुसेन र उनका समर्थक कारबालामा उमायद क्यालिफ याजिदका सैनिकबाट मारिए। मुस्लिम धर्मका प्रवर्तक मोहम्मदका नाति (छोरा फतिमाका छोरा) हुसेनलाई सियाहरूले पहिलो इमाम मान्छन् भने चौथो सुन्नी रसिदुन क्यालिफ मानिन्छन्।

सन् १८२४ : गुआडालुप भिक्टोरियाले संयुक्त मेक्सिकन राज्यको पहिलो (अन्तरिम) राष्ट्रपतिका रूपमा पद सम्हाले।

सन् १८६८ : क्युबाले स्वतन्त्रताका लागि स्पेनविरुद्ध विद्रोह सुरु गर्‍यो।

सन् १८७१ : सिकागो सहरमा लागेको 'ग्रेट सिकागो फायर' नाम दिइएको विशाल डढेलो तीन दिनपछि निभ्यो। सो विपत्मा ३०० को ज्यान गयो भने एक लाख घरबारविहीन भए।

सन् १९०० : बक्सर विद्रोहलाई दबाएपछि पश्चिम देश तथा जापानका विदेशमन्त्री चीनको राजधानीमा भेला भएर पराजित चीनमाथि कस्ता-कस्ता सर्त राख्ने भन्ने विषयमा बहस सुरु गरे।

सन् १९३८ : जर्मनीले चेकोस्लोभाकियाको हिस्सा रहेको सुडेटेनल्यान्डमाथि पूर्ण रूपमा कब्जा जमायो।

सन् १९५४ : फ्रान्सेली फौज बाहिरिएपछि हो ची मिन्ह हनोई प्रवेश गरे।


सन् १९५७ : अमेरिकाको भ्रमणमा रहेका घानाका वित्तमन्त्री कोम्ला अग्वेली ग्बदेमाहलाई अश्वेत भएका कारण डेलावार राज्यको एक रेस्टुराँमा खाना नदिइएपछि अमेरिकी राष्ट्रपति आइजनहावरले उनीसँग माफी मागे।

सन् १९६३ : अमेरिकी रसायनशास्त्री तथा आणविक अस्त्रविरोधी अभियानकर्मी लिनस पाउलिनले नोबेल शान्ति पुरस्कार पाए।

सन् २००२ : पार्टी गठन गरेको ६ वर्षपछि पूर्वक्रिकेटर इमरान खान पहिलोपटक पाकिस्तानी सांसद सदस्य बने।

हंगेरीका लेखकलाई साहित्यतर्फको नोबेल पुरस्कार

न्युयोर्क/ हंगेरीका लेखक लास्ज्लो क्रास्नाहोर्काईलाई यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ। ७१ वर्षीय लेखकलाई 'कलाको शक्ति पुनः पुष्टि गर्ने' उल्लेखनीय लेखनका लागि नोबेल पुरस्कार प्रदान गरिने भएको नोबेल समितिले बिहीबार जनाएको छ। 'उनको आकर्षक र दूरदर्शी रचनाका लागि सम्मानित गरिएको हो, जसले



सर्वनाशकारी आतंकबिचमा कलाको शक्तिलाई पुनः पुष्टि गर्छ,' समितिले एक विज्ञप्तिमा भनेको छ। पुरस्कार पाएपछि आफू धेरै खुसी भएको उनले बताएका छन्। 'सम्मानित भएको समाचार सुन्दा म धेरै खुसी र शान्त छु,' उनले स्विडेनी प्रसारक स्वेरिगेस रेडियोलाई भने।

क्रास्नाहोर्काईलाई फ्र्याङफर्टको भ्रमणमा रहेका वेला स्विडेनी एकेडेमीले फोनमार्फत पुरस्कृत भएको जानकारी दिएको थियो। उनका कैयौँ कृति हंगेरियन भाषामा प्रकाशित छन्। उनले विभिन्न चलचित्रका लागि कथा पनि लेखेका छन्। उनका कृति अंग्रेजी, फ्रेन्च, जर्मन र स्विडिस भाषामा पनि छापिएका छन्। उनले सन् २०१५ को म्यान बुकर अन्तर्राष्ट्रिय पुरस्कारसहित अन्य साहित्यिक पुरस्कार जितेका छन्।

डिसेम्बरमा स्कटहोममा एक समारोहबिच उनलाई पुरस्कार हस्तान्तरण गरिनेछ। २००२ मा स्व. इम्रे केर्टेजपछि यो पुरस्कार पाउने उनी दोस्रो हंगेरियन लेखक हुन्। स्विडिस एकेडेमीले उनको पहिलो उपन्यासलाई 'साहित्यिक अनुभूति' बतायो। उनको जन्म सन् १९५४ मा दक्षिणपूर्वी हंगेरीको एउटा सानो सहरमा भएको थियो। उक्त स्थान रुमेनियाको सीमानजिकै पर्छ। सन् १९०१ देखि अहिलेसम्म साहित्यतर्फ ११८ पटक नोबेल पुरस्कार प्रदान गरिएको छ भने १२२ साहित्यकार पुरस्कृत भएका छन्। यस वर्षका लागि हालसम्म चिकित्साशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र र साहित्यतर्फको नोबेल पुरस्कार घोषणा भइसकेको छ।

नबिल बैंक लिमिटेडको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०६/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (बौद्ध शाखा, काठमाडौं)**
	प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा मिति २०६४/०९/१८ मा प्रा.फ.नं. २७७७३/६६२ अन्तर्गत दर्ता भएको **एम एस टी कार्पेट**। ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, नयाबस्ती। **ऋणी फर्मका प्रोप्राइटरः** दमाई शेर्पाकी छोरी शेरबहादुर तामाङकी बुहारी यमबहादुर तामाङकी श्रीमती सोलुखुम्बु जिल्ला, टाप्टिङ गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ९१७४/२४१ (जारी मिति ०६३/५/२९, स्थान सोलुखुम्बु) भएकी **दिकु शेर्पा**।
	व्यक्तिगत जमानतकर्ताको विवरण
	धनजीत तामाङको नाति शेरबहादुर तामाङको छोरा सिन्धुपाल्चोक जिल्ला, सिन्धुकोट गा.वि.स. वडा नं. ८ बस्ने, ना.प्र.नं. २४२०३७/६-३५७२ (जारी मिति २०४५/०१/०६, स्थान सिन्धुपाल्चोक) भएका **यमबहादुर तामाङ**।
२	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (बौद्ध शाखा, काठमाडौं)**
	प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम बागमती प्रदेश सरकार, पर्यटन, उद्योग, तथा सहकारी मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौं नेपालमा मिति २०८०/०१/२७ मा प्राइभेट फर्म दर्ता नं. ४२२३/०७९/०८० अन्तर्गत दर्ता भएको **धुसेनी कार्पेट उद्योग**। ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५, जोरपाटी, बाहुनधारा। **ऋणी फर्मका प्रोप्राइटरः** धनजीत तामाङको नाति शेरबहादुर तामाङको छोरा सिन्धुपाल्चोक जिल्ला, सिन्धुकोट गा.वि.स. वडा नं. ८ बस्ने, ना.प्र.नं. २४२०३७/६-३५७२ (जारी मिति २०४५/०१/०६, स्थान सिन्धुपाल्चोक) भएका **यमबहादुर तामाङ**।
	व्यक्तिगत जमानतकर्ताको विवरण
	दमाई शेर्पाकी छोरी शेरबहादुर तामाङकी बुहारी यमबहादुर तामाङकी श्रीमती सोलुखुम्बु जिल्ला, टाप्टिङ गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ९१७४/२४१ (जारी मिति २०६३/०५/२९, स्थान सोलुखुम्बु) भएकी **दिकु शेर्पा**।
	एम एस टी कार्पेट र धुसेनी कार्पेट उद्योगको संयुक्त धितोको विवरण
	धितोमा रहेको घर/जग्गाको विवरणः सोलुखुम्बु जिल्ला, टाप्टिङ गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने, **दिकु शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, लप्सीफेदी गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६च मा अवस्थित कि.नं. ७१ को क्षेत्रफल २-९-०-० रोपनीको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (अत्तरखेल शाखा, काठमाडौं)**
	प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७८/०६/१० मा प्राइभेट फर्म दर्ता नं. ८५८/०७८/०७९ अन्तर्गत दर्ता भएको **हाम्रो किचन**। ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९ मैतीदेवी। **ऋणी फर्मका प्रोप्राइटरः** खड्ग बहादुर खड्काकी नातीनी पदम बहादुर खड्काकी छोरी ताप्लेजुङ जिल्ला, फुङलिङ न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने, ना.प्र.नं. ०१-०१-७५-०१०३३ (जारी मितिः २०७५/०५/०८, स्थान ताप्लेजुङ) भएकी **कोपिला खड्का**।
	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
	खड्ग बहादुर खड्काको नाति पदम बहादुर खड्काको छोरा ताप्लेजुङ जिल्ला, ताप्लेजुङ न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९ बस्ने, ना.प्र.नं. ०११०५१/६९ (जारी मिति २०७१/३/१८, स्थान ताप्लेजुङ) भएका **कमल खड्का**।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असोज महिना २४ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय भुमहीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) ऋणीको विवरण

बानु प्रसाद राईको बुहारी सुक बहादुर राई मगरको पत्नी स्याङ्जा जिल्ला आलमदेवी वडा नं. ८ हाल, नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. १२ बस्ने **दल कुमारी राई मगर** (ना.प्र.नं. : ४२३०२४/६०३ जारी मिति र जिल्ला : २०६३/१०/१२, स्याङ्जा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) लाल बहादुर बयम्बु मगरको नाति मन बहादुर बैम्बु मगरको छोरा नवलपरासी (ब.सु.पू.) जिल्ला मध्यबिन्दु न.पा. वडा नं. १४ ,हाल नवलपरासी (ब.सु.प.) जिल्ला सुनवल न.पा. वडा नं. १२ बस्ने **जग बहादुर बयम्बु मगर** (ना.प्र.नं. : ७७-०१-७८-०३४८४ जारी मिति र जिल्ला : २०७८/०६/२०, नवलपरासी (ब.सु.पू.))

२) साहेव थारुको बुहारी परमेधर प्रसाद थारुको पत्नी नवलपरासी जिल्ला दाउन्नेदेवी गा.वि.स. वडा नं. ५ हाल, सुनवल न.पा. वडा नं. १२ बस्ने **लिला थारु** (ना.प्र.नं. :८२२५३ जारी मिति र जिल्ला : २०६२/०५/१४, नवलपरासी)

२) ऋणीको विवरण

भेष राज पंगेनीको छोरी मोहर नाथ कवर योगीको बुहारी श्रीनाथ कवरको पत्नी नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. १ हाल, सुनवल न.पा. वडा नं. १ बस्ने **किरण कवर** (ना.प्र.नं. : ३६-०१-७०-१५४२८ जारी मिति र जिल्ला : २०७०/११/२६, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

चिनक नाथ कवरको नाति मोहर नाथ कवर योगीको छोरा नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. १ हाल, सुनवल न.पा. वडा नं. १ बस्ने **श्रीनाथ कवर** (ना.प्र.नं. : ३६१०३८/२१८ जारी मिति र जिल्ला : २०६४/०२/२७, नवलपरासी)

३) ऋणीको विवरण

कृष्ण कोईरीको छोरी ढेसर कोईरीको बुहारी त्रिलोकी कोईरीको पत्नी नवलपरासी जिल्ला रामग्राम वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प) जिल्ला रामग्राम न.पा. वडा नं. ८ बस्ने **धनमती कोईरी** (ना.प्र.नं. : ३६३०६९/१५९४ जारी मिति र जिल्ला : २०६३/११/३०, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

बोडे कोईरीको नाति ढेसर कोईरीको छोरा नवलपरासी उनवच वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प) जिल्ला रामग्राम न.पा. वडा नं. ८ बस्ने **त्रिलोकी कोईरी** (ना.प्र.नं. : ३६५३० जारी मिति र जिल्ला : २०४०/०२/२०, नवलपरासी)

४) ऋणीको विवरण

रामधारी पासीको छोरी नाटे पासीको बुहारी रामवृक्ष पासीको पत्नी नवलपरासी जिल्ला मंझरीया वडा नं. ४ हाल, नवलपरासी (ब.सु.प) जिल्ला रामग्राम न.पा. वडा नं. ९ बस्ने **सोनमती पासी** (ना.प्र.नं. : १९५९७ जारी मिति र जिल्ला : २०५१/१०/२०, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) जिउत पासीको नाति नाटे पासीको छोरा नवलपरासी .जिल्ला मंझरीया वडा नं. ४ हाल, नवलपरासी (ब.सु.प) जिल्ला रामगग्रम न.पा. वडा नं. ९ बस्ने **रामवृक्ष पासी** (ना.प्र.नं. : ९८८४ जारी मिति र जिल्ला : २०४८/१०/१०, नवलपरासी)

२) नाटे पासीको नाति रामवृक्ष पासीको छोरा नवलपरासी जिल्ला रामग्राम वडा नं. ९ हाल, नवलपरासी (ब.सु.प) जिल्ला रामग्राम न.पा. वडा नं. ९ बस्ने **मुकेश कुमार पासी** (ना.प्र.नं. : ३६३०६९/६२१ जारी मिति र जिल्ला : २०६३ /११/१६, नवलपरासी)

५) ऋणीको विवरण

भिखु थारुको छोरी मोहन राज थारुको बुहारी संजय चौधरी थारुको पत्नी नवलपरासी जिल्ला मनरी गा.बि.स. वडा नं. ६ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सरावल गा.पा. वडा न. २ बस्ने **गुलाव कली थारु** (ना.प्र.नं. : ३६-०१-७२-०६०६६ जारी मिति र जिल्ला : २०७२/१०/०३, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

ग्रहण चौधरीको नाति मोहन राज थारुको छोरा नवलपरासी जिल्ला मनरी वडा न. ६ हाल, नवलपरासी (ब.सु.प) जिल्ला सरावल गा.पा. वडा न. २ बस्ने **संजय चौधरी थारु** (ना.प्र.नं. : ३६३०६०/२३९ जारी मिति र जिल्ला : २०६३/११/२७, नवलपरासी)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २४ असोज ०८२

बिपी राजमार्ग आज साँझबाट अस्थायी सञ्चालनमा आउने



बाढीले बगाएको बिपी राजमार्गमा डाइभर्सन तयार गरिँदै । तस्बिर : संजित परियार/नयाँ पत्रिका

नयाँ पत्रिका

एक साताअघिको बाढीले बगाएको बिपी राजमार्ग शुक्रबार साँझबाट अस्थायी रूपले सञ्चालनमा आउने भएको छ । भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले बिहीबार साँझदेखि चौकीडाँडाको अवरोध हटेको र शुक्रबार साँझदेखि नेपालथोकसम्मको अवरोध पनि हटाएर बिपी राजमार्ग सञ्चालनमा ल्याइने बताएका हन् ।

मन्त्री घिसिङले सरकारी अधिकारीसहित बिहीबार दिउँसो चौकीडाँडालगायतका क्षेत्रमा स्थलगत अनुगमन गरेका थिए । बाढीले क्षतिग्रस्त बनाएको चौकीडाँडादेखि नेपालथोकसम्मका करिब चार किलोमिटर सडक तत्कालै डाइभर्सन तयार गरी अस्थायी रूपले सञ्चालनमा ल्याउन लागिएको उनले जानकारी दिए । साताअघिको बाढीले भकुन्डे-नेपालथोक खण्डमा क्षति पुगेको थियो ।

सो सडकखण्डमा गत वर्षको १२ असोजमा आएको बाढीले पनि बगाएको थियो । तर, एक वर्षसम्म पनि सामान्य डाइभर्सन तयार गर्नेबोहक पुनर्निर्माणका अन्य काम हुन नसक्दा साताअघिको बाढीले पुरानै ठाउँमा क्षति गरेको हो । जसकारण सिन्धुली हुँदै काठमाडौं आउने राजमार्ग अवरुद्ध हुन पुगेको छ ।

यसैबिच सडक डिभिजन कार्यालय, खाल्टेले बिपी राजमार्गको सिन्धुलीभित्रको नेपालथोक खण्ड, बालुवा खण्ड तथा आँपघारी (देवीथान फाँट)मा अस्थायी सडक निर्माणकार्य सकिएको जानकारी गराएको छ । सो खण्डको मर्मत सकिएसँगै बर्दीबास-सिन्धुली-खुर्कोट-बर्खे खोलासम्मको सडकखण्डमा सहज रूपमा सवारी आवागमन सञ्चालन गर्न सकिने कार्यालयले जनाएको छ ।

पाँच दिनपछि सञ्चालनमा आयो तमोर करिडोर



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

लगातारको वर्षापछि अवरुद्ध भएको तमोर करिडोर पाँच दिनपछि बिहीबारबाट सञ्चालनमा आएको छ । धनकुटा र पाँचथरलाई तराईसँग जोड्ने मुख्य मार्गका डाइभर्सनहरू बगाउनुका साथै विभिन्न स्थानमा पहिरो खसेपछि सडक अवरुद्ध भएको थियो । धनकुटा जिल्लाको छरुवा खोला र धनकुटा-पाँचथर सीमाको नावा खोलामा बाढीले डाइभर्सन बगाएको थियो ।

वर्षा रोकिएपछि सोमबारबाट अवरोध हटाउने काम सुरु गरिए पनि, बुधबार साँझ मात्र पूर्ण रूपमा सडक खुलाउन सकिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका डिएसपी राजन कार्कीले जानकारी दिए । सडक सञ्चालनमा आए पनि बिहीबार बिहानदेखि मात्र पूर्ण रूपमा सवारीसाधन चल्न थालेका छन् । सडक सञ्चालनमा आएसँगै धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ साथै झापाबाट समेत सवारीसाधन सोही बाटो आउन थालेका छन् । तमोर करिडोर र मेची राजमार्ग बाढीले अवरुद्ध हुँदा यी क्षेत्रको तराईसँगको सम्पर्क पूर्ण रूपमा विच्छेद भएको थियो ।

तमोर करिडोरका खोलाहरूमा स्थायी पुल नहुँदा बारम्बार सडक अवरुद्ध हुने समस्या रहेको धनकुटा चौबिसेका स्थानीय महेन्द्र न्यौपानेले बताए । 'अलिकति पानी पर्दा पनि सडक बन्द हुन्छ, यो समस्या दीर्घकालीन समाधान हुनुपर्छ,' उनले भने । यस करिडोर हुँदै दैनिक दुई सयभन्दा बढी सवारीसाधन सञ्चालन हुने गरेका छन् ।

जेन–जी आन्दोलनमा भएको क्षतिबापत सवा २३ अर्बको बिमा दाबी

बिमा दाबीयोग्य क्षति निर्क्योल गर्न फिल्डमा खटिए २७ सय ६ सर्भेयर, पुनर्बिमाबापतको भुक्तानी दिन नेपाल रिको ढिलाइ



नेपाल बिमक संघका अध्यक्ष वीरेन्द्र वैदवार क्षेत्री भन्छन्- हामीले अग्रिम दाबी भुक्तानी दिन सुरु गरिसकेका छौं । तर, नेपाल रिबाट पुनर्बिमाबापतको भुक्तानी पाएका छैनौं, भुक्तानी पाउने भएको भए हामीलाई दाबी भुक्तानीमा सहज हुने थियो ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण भएको क्षतिबापत २३ अर्ब २२ करोड ८७ लाख रुपैयाँको बिमा दाबी परेको छ । बुधबारसम्म प्राप्त तथ्यांकअनुसार दोहोरोपनलगायतको समायोजनपछि आन्दोलनका कारण आएको दाबी रकम सोबराबर देखिएको हो ।

संख्याका आधारमा भने तीन हजार ९९ वटा दाबी परेको नेपाल बिमा प्राधिकरणबाट प्राप्त तथ्यांकले देखाएको छ । नेपालमा सञ्चालित १४ निर्जीवन र चार लघु निर्जीवन बिमा कम्पनीमै दाबी परेको छ । यो हकवालाहरूले गरेको दाबी मात्रै हो । अब सर्भेयरले बिमा दाबीयोग्य क्षतिको मूल्यांकन गर्नेछन् । त्यसका आधारमा अन्तिम दाबी रकम निर्क्योल गरिनेछ । त्यस्तो गर्दा प्रक्रिया केही लामो हुन सक्नेछ । यद्यपि, अग्रिम दाबी भुक्तानी दिन भने सुरु गरिएको नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्रीले जानकारी दिए । 'आन्दोलनका कारण आउने दाबी करिब यही नै अन्तिम हो । सर्भेयरको अन्तिम प्रतिवेदन आउँदा दाबीयोग्य रकम तलमाथि हुन सक्छ । संख्याका आधारमा करिब यही नै अन्तिम दाबी हो । केही छुटपुट भएको अवस्थामा दाबी भने पर्न सक्छ,' उनले भने, 'हामीले ३०-३५ अर्ब रुपैयाँबराबरको दाबी आउने अनुमान गरेका थियौं । तर, त्यसअनुसार दाबी परेन । क्षति भएको सम्पत्ति बिमाको दायरामा कम थिए । त्यही भएर दाबी पनि कम पऱ्यो ।'

आन्दोलनबाट कति क्षति भयो भनेर अन्तिम तथ्यांक आइसकेको छैन । नेपाल उद्योग वाणिज्य महासंघका अनुसार निजी व्यापार-व्यवसायमा मात्रै ८० अर्ब रुपैयाँ हाराहारी भएको छ । यीलगायत सरकारी, व्यक्तिगत तथा गैरसकारी सम्पत्तिमा पनि ठुलो क्षति भएको छ । तर, दाबी भने २३ अर्ब २२ करोड रुपैयाँमा सीमित भएको छ । बिमाको दायरा व्यापक नहुँदा यस्तो अवस्था आएको सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ)समेत रहेका क्षेत्रीले बताए ।

■ सवा एक अर्ब अग्रिम दाबी भुक्तानी

घटना भएको झन्डै एक महिनामा बिमा कम्पनीहरूले अग्रिम दाबी भुक्तानी दिन सुरु गरेका छन् । बुधबारसम्मको तथ्यांकअनुसार कम्पनीहरूले एक अर्ब २९ करोड १९ लाख रुपैयाँ अग्रिम भुक्तानी दिएका छन् ।

कम्पनीहरूले अन्तिम दाबी भुक्तानी भने सर्भेयर प्रतिवेदन आएपछि दिनेछन् । सर्भे प्रतिवेदन तयारीका लागि बुधबारसम्ममा दुई हजार सात सय ६ को संख्यामा सर्भेयर फिल्डमा खटिएका छन् । हालसम्ममा सर्भेयरहरूले तीन सय ७४ को संख्यामा सर्भे प्रतिवेदन पेस गरेको प्राधिकरणको भनाइ छ ।

■ ५० प्रतिशत अग्रिम दाबी दिनुपर्ने

कम्पनीहरूले ५० प्रतिशत रकम अग्रिम रूपमा दाबी दिनुपर्नेछ । गत ५ असोजको मन्त्रिपरिषद्को निर्णयका आधारमा ८ असोजमा प्राधिकरणले कम्पनीहरूलाई ५० प्रतिशत रकम अग्रिम दाबी भुक्तानी दिन परिपत्र जारी गरेको थियो ।

'क्षतिको प्रारम्भिक मूल्यांकन प्रतिवेदनका आधारमा बिमाबापत अनुमानित दायित्वको बढीमा ५० प्रतिशतले हुन आउने रकम अग्रिम रूपमा यथाशीघ्र भुक्तानी गर्ने व्यवस्था गर्ने,' प्राधिकरणको परिपत्रमा भनिएको छ, 'बिमकले बिमितलाई दाबी भुक्तानी गर्न सम्बन्धित पुनर्बिमा कम्पनीसँग रकम माग गरेको अवस्थामा यथाशीघ्र अग्रिम भुक्तानीका रूपमा अनुमानित पुनर्बिमा दायित्वको बढीमा ५० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था गर्ने ।' तर, यसअनुसार दाबी भएको देखिएन ।



■ नेपाल रिले दिएन अग्रिम दाबी भुक्तानी

बिमा कम्पनीहरूले बिमितहरूलाई अग्रिम दाबी भुक्तानी दिन सुरु गरे पनि नेपाल पुनर्बिमा कम्पनी (नेपाल रि)ले भने पुनर्बिमाबापतको अग्रिम दाबी भुक्तानी दिएको छैन । हुलदंगा बिमाको जोखिममा ६५ प्रतिशत दायित्व नेपाल रिले लिएको छ । त्यसमा प्रतिपोलिसी १० करोडमाथिको दाबीमा नेपाल रिको शतप्रतिशत दायित्व हुनेछ । सोहीअनुसार बिमा कम्पनीहरूले नेपाल रिमा दाबी पेस गरिसकेका छन् । तर, अहिलेसम्म भुक्तानी नपाएको नेपाल बिमक संघका अध्यक्ष वीरेन्द्र वैदवार क्षेत्रीले बताए ।

'हामीले अग्रिम दाबी भुक्तानी दिन सुरु गरिसकेका छौं । तर, नेपाल रिबाट पुनर्बिमाबापतको भुक्तानी पाएका छैनौं,' उनले भने, 'त्यो भुक्तानी पाउने भएको भए हामीलाई दाबी भुक्तानीमा सहज हुने थियो ।'

सरकारले पुनर्बिमा कम्पनीलाई पनि ५० प्रतिशत अग्रिम दाबी भुक्तानी दिन भनेको थियो । तर, सरकारी स्वामित्वकै नेपाल रिले त्यो निर्देशक अवज्ञा गर्दै यस्तो भुक्तानी दिएको छैन । यसबारे बुझ्न खोज्दा नेपालका रिका अधिकारी सम्पर्कमा आएनन् ।

■ भुक्तानी गर्न नेपाल रिको बोर्डबाट बल्ल भयो निर्णय

नेपाल रिको सञ्चालक समितिले आन्दोलनको क्षतिबापतको भुक्तानी दिने निर्णय गरेको छ । बिहीबार बसेको सञ्चालक समितिको बैठकले यसअन्तर्गत आउने दाबीको भुक्तानी दिने निर्णय गरेको हो ।

सम्भवतः अर्को साता यसबापतको रकम निकासा हुने स्रोतको भनाइ छ ।

■ दाबी भुक्तानीमा समस्या हुँदैन

संघका निवर्तमान अध्यक्ष क्षेत्रीले दाबी भुक्तानीमा कुनै पनि समस्या नहुने बताए । आवश्यक प्रक्रिया पूरा गरेर समयमै दाबी भुक्तानी गर्ने उनको भनाइ छ ।

'यो बिमा कम्पनीहरू आफैंले गरेको बिमा हो । सरकारको ब्याकमा भएको कोरोना बिमाजस्तो होइन । बिमाका प्राविधिक प्रक्रिया पूरा गरेर भएका बिमा हुन् । पुनर्बिमाको दाबी छ । यसबराबरको बिमा दाबी रकम सहजै भुक्तानी गर्न सकिन्छ,' उनले भने, 'आवश्यक प्रक्रिया पूरा गरेर समयमै दाबी भुक्तानी दिन्छौं ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०६/२४)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४९२
फोन नं: ४३२८२२९, ४३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचविखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/०७/०९

बोलपत्र खोलिने मिति
२०८२/०७/११ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : जय श्री कंक्रिट उद्योग (विविध कर्जा) -शाखा कार्यालय मेघौली,** प्रा.फा.द.नं. : १८५२/०७७/०७८, ठेगाना : भरतपुर म.न.पा. ०९, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. जिवन सापकोटा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३५१०३६/४२५, मिति २०६७/११/२९ मा जि.प्र.का.चितवनबाट जारी भएको), बाबु : चक्रपाणी सापकोटा, बाजे : जगुपती सापकोटा **२. डण्डपानी सापकोटा -जमानीकर्ता** (ना.प्र.नं. ३५५८९०/०५६, मिति २०५०/०५/०२ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : चक्रपाणी सापकोटा, बाजे : जगुपती सापकोटा **३. नन्दकली सापकोटा -जमानीकर्ता** (ना.प्र.न.१९१, मिति २०३६/११/१६ मा जि.प्र.का. चितवनबाट जारी भएको), पति : चक्रपाणी सापकोटा, ससुरा : जगुपती सापकोटा **४.गिता सापकोटा -जमानीकर्ता** (ना.प्र.न.०३७८२४, मिति २०६४/१०/०६ मा जि.प्र.का. चितवनबाट जारी भएको), पति : डण्डपानी सापकोटा, ससुरा : चक्रपाणी सापकोटा **५. पुनम आचार्य -जमानीकर्ता** (ना.प्र.नं. ३५-०१-७३-०३८२५, मिति २०७३/०३/०७ मा जि.प्र.का. चितवनबाट जारी भएको), पति: जिवन सापकोटा, ससुरा : चक्रपाणी सापकोटा	जिवन सापकोटाको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, मेघौली गा.वि.स./न.पा. वडा नं. १(ग) स्थित कि.न.२७९ (०-५-०-० बिगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय मेघौली, चितवन
२.	**ऋणीहरु : (क) गुरुङ्ग कन्स्ट्रक्सन (विविध कर्जा) -शाखा कार्यालय वालिङ्ग** प्रा.फ.न.घ.उ.का. पाल्पा : १५२९/०६४/६५, ठेगाना : तानसेन ०३, पाल्पा **(ख) रिनु गुरुङ्ग** (ना.प्र.न. ३०४५/६०७, मिति २०६३/१०/२६ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), ठेगाना : वालिङ्ग ०१ हाल वालिङ्ग ०९, स्याङ्जा, पति: परविन गुरुङ्ग, ससुरा: पोष्टराज गुरुङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. परविन गुरुङ्ग -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३५१०, मिति २०४८/०२/२० मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : पोष्टराज गुरुङ्ग, बाजे : छविलाल गुरुङ्ग **२. रिनु गुरुङ्ग (ऐ.ऐ.) -जमानीकर्ता** **३. दिल बहादुर गुरुङ्ग -जमानीकर्ता** (ना.प्र.न. ५१९९७३, मिति २०५४/१२/२० मा जि.प्र.का.पर्वतबाट जारी भएको), बाबु : पोष्टराज गुरुङ्ग, बाजे : छविलाल गुरुङ्ग **४. चोप नारायण श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.न. १००२७, मिति २०४७/०१/१० मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : प्रेम कुमार श्रेष्ठ, बाजे : शेरमान श्रेष्ठ	परविन गुरुङ्गको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय वालिङ्ग, स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, वालिङ्ग गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कि.न.५६१० (०-४-०-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय वालिङ्ग, स्याङ्जा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुंदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत साविकमा बैकबाट भएको मूल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

नोट :
क) **बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/(तिरी लिन सकिने छ ।**
ख) **बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुने छ ।**

कर्मचारीको सवारी सुविधा व्यवस्थापन मापदण्ड तर्जुमा गर्दै अर्थ मन्त्रालय

नयाँ पत्रिका

सार्वजनिक पद धारण गर्ने पदाधिकारी तथा कर्मचारीको सवारी सुविधा व्यवस्थापन गर्न अर्थ मन्त्रालयले मापदण्ड तर्जुमाको तयारी सुरु गरेको छ । यसका लागि मन्त्रालयले सबै मन्त्रालय तथा मातहतका निकायसँग सवारी सुविधा लिएका पदाधिकारी तथा कर्मचारीको विवरण संकलन गरिरहेको छ ।

५ असोजमा भएको मन्त्रिपरिषद्को निर्णयबमोजिम सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरूलाई सवारी सुविधा व्यवस्थापनसम्बन्धी मापदण्ड बनाउने तयारी गरेको अर्थ मन्त्रालयले जनाएको छ । पदाधिकारी, कर्मचारी तथा सवारी सुविधासम्बन्धी विवरण पठाउन मन्त्रालयले सबै निकायलाई सात दिनभित्र उपलब्ध गराउन पत्राचार गरेको छ । मन्त्रिपरिषद्ले सवारी सुविधासम्बन्धी कानुनमा संख्या किटान भएकोमा बाहेक बढी सवारीसाधन उपलब्ध नगराउने र प्रयोग नगर्ने निर्णय पनि सरकारले गरेको थियो । त्यस्तै, नयाँ सवारीसाधन किन्न पनि निरुत्साहित गरिएको थियो । मन्त्रालयले सवारी सुविधा पाउने पदाधिकारीको नाम, थर, दर्जा, हाल प्रयोग भएको सवारीको मोडेल, निर्माण वर्ष, सवारीको किसिम, सवारीचालकको विवरण, दरबन्दी प्रकृति (स्थायी वा अस्थायी), संख्या र सुझाव माग गरिएको छ । त्यसो त अर्थ मन्त्रालयले यसअघि नै कार्य सञ्चालन निर्देशिका, ०८१ मार्फत सवारीसाधन तथा इन्धन सुविधासम्बन्धी मापदण्ड लागू गरिसकेको छ । सवारीसाधन (सञ्चालन तथा मर्मत)सम्बन्धी निर्देशिका, ०७२ ले पनि यसको व्यवस्था गरेको थियो । जसमा सरकारी सवारीसाधन सुविधा पाउने कर्मचारीलाई त्यस्तो सुविधाबापतको रकम उपलब्ध गराइसकेपछि थप इन्धन तथा मर्मतको रकम नदिइने उल्लेख छ ।

नयाँ तर्जुमा हुने मापदण्डले सवारी सुविधालाई थप व्यवस्थित बनाउन खोजेका अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए । उनले भने, 'मापदण्ड तर्जुमा गर्नका लागि राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्रीको संयोजकत्वमा बजेट महाशाखाका उपसचिव कमल भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरूको प्रतिनिधित्व रहने गरी गठित कार्यदललले काम गरिरहेको छ । कार्यदललाई ४५ दिनको समय दिइएको छ ।'

■ यस्तो छ अहिलेको मापदण्ड

विशिष्ट श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १३ सय सिसी वा जिप भए कम्तीमा दुई हजार सिसी र राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा एक हजार सिसी वा जिप भए कम्तीमा दुई हजार सिसी क्षमताको सवारीसाधन उपलब्ध गराउने व्यवस्था छ ।

सवारीसाधनको सुविधा पाएका पदाधिकारीलाई सवारीचालकको पारिश्रमिक, सवारीसाधन मर्मत, इन्धन एवं अन्य सञ्चालन खर्च मासिक पारिश्रमिक भुक्तानी हुँदाका बखत एकमुस्ट दिने व्यवस्था छ ।

राजपत्रांकित विशिष्ट र प्रथम श्रेणीका पदाधिकारीलाई तृतीय तहका हलुका सवारीचालकले प्राप्त गर्ने सुरु तलब स्केलको रकम उपलब्ध गराउने उल्लेख छ । स्थायी सवारीचालकको दरबन्दी जुनसुकै तरिकाले रिक्त भएमा त्यस्तो रिक्त पद स्वतः खारेज हुने उल्लेख छ । केन्द्रीयस्तरका निकायहरूका सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले सवारीचालकको प्रबन्ध आफैंले गर्नुपर्ने र यसरी प्रबन्ध गर्दा सरकारबाट प्राप्त भएको रकमभन्दा कम पारिश्रमिकमा काम लगाउन नपाइने व्यवस्था छ ।

प्राधिकरणले २० अर्बको ऊर्जा बन्ड निष्कासन गर्ने

माथिल्लो अरुण, चैनपुर सेती, मोदी र तामाकोशी-५ जलविद्युत् आयोजनामा खर्च गरिने

नयाँ पत्रिका

सरकारले नेपाल विद्युत् प्राधिकरणलाई २० अर्बबराबरको ऊर्जा बन्ड निकाष्सन गर्न अनुमति दिएको छ । बिहीबारको मन्त्रिपरिषद् बैठकले प्राधिकरणलाई चरणबद्ध रूपमा कुल २० अर्ब रुपैयाँबराबरको ऋणपत्र जारी गर्न स्वीकृति दिएको नेपाल सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।



यसअघि सरकार, विदेशी तथा स्वदेशी दातृ निकाय तथा बैंकबाट सोझै वा प्रतिस्पर्धाबाट ऋण उठाउँदै आएको प्राधिकरणले पहिलोपटक ऋणपत्र जारी गर्न लागेको हो । यो ऋणपत्र नेपाली बजारको सबैभन्दा ठुलो ऋणपत्रमध्येको एक हुनेछ । यसअघि नेपाल राष्ट्र बैंकले पनि २० अर्ब रुपैयाँबराबरको विकास ऋणपत्र जारी गरेको थियो । प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले गत वैशाखमा जारी गरेको श्वेतपत्रमा ऊर्जा बन्ड जारी गर्ने विषय उल्लेख थियो । उनकै पालामा यो प्रस्ताव ऊर्जा मन्त्रालय हुँदै मन्त्रिपरिषद् पेस भएको थियो । अहिलेको अन्तरिम सरकारले त्यसलाई स्वीकृत गरेको हो । अहिले प्राधिकरणको कार्यकारी निर्देशकमा मनोज सिलवाल छन् ।

कार्यकारी निर्देशक सिलवालले यो रकम ऊर्जा परियोजनामा खर्च हुने बताए । पुँजीगत प्रयोजनकै लागि यो रकम खर्च हुने उनको भनाइ छ । उनका अनुसार १०६१ मेगावाटको माथिल्लो अरुण, २१० मेगावाटको चैनपुर सेती, १८ मेगावाटको मोदी जलविद्युत् र ९९.५ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनामा बन्डको पैसा खर्च हुनेछ । अपर अरुण र चैनपुर सेती निर्माण पूर्वतयारीको अवस्थामा छन् । मोदी र माथिल्लो तामाकोशी भने निर्माणको चरणमा छन् ।

दुधपोखरी चेपे हाइड्रोको आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल

काठमाडौं/ दुधपोखरी चेपे हाइड्रोपावरको साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धकको काम मुक्तिनाथ क्यापिटलले गर्ने भएको छ। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिका लागि दुवै पक्षबिच सम्झौता भएको छ।

सम्झौतापत्रमा मुक्तिनाथ क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र दुधपोखरी चेपे हाइड्रोपावरका तर्फबाट अध्यक्ष सबिन प्रधानांगले हस्ताक्षर गरेका



हुन्। यस सम्झौताले आयोजना तथा लगानीकर्ताबिचको सम्बन्ध सुदृढ गर्दै पुँजी बजारमा जलविद्युत् क्षेत्रको लगानी विस्तारमा सहयोग पुग्ने बताइएको छ।

कम्पनीले जारी पुँजीको २० प्रतिशत २० करोड २० लाख रुपैयाँबराबरको एक सय अंकित दरका २० लाख २० हजार कित्ता सेयर सर्वसाधारणमा निष्कासन गर्नेछ। कम्पनीले गोरखा र लमजुङ जिल्लाको सिमानामा पर्ने चेपे खोलामा ११ मेगावाट क्षमताको आयोजना निर्माण गरिरहेको छ। आयोजनाको ७८ प्रतिशत काम सम्पन्न भइसकेको छ भने बाँकी काम आगामी चैतसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

एनआइसीका ग्राहकलाई किरण आँखा अस्पतालमा छुट

काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकले आँखा उपचार गर्दा विशेष छुट पाउने भएका छन्। छुट उपलब्ध गराउनेबारे वीरगन्जस्थित किरण आँखा अस्पताल र बैंकबिच सम्झौता भएको छ। सम्झौतासँगै बैंकका ग्राहकले उक्त हस्पिटलमा आँखा उपचार गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यस्तो छुट ओपिडी, डायग्नोस्टिक्स, सर्जरीका साथै



ब्रान्डेड र ननब्रान्डेड अप्टिकल सेवामा पाइनेछ। छुट सुविधाको उपयोग गर्न ग्राहकले बैंकको डेबिट, क्रेडिट, प्रिपेड कार्ड वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। उक्त हस्पिटलसँगको यस सहकार्यले ग्राहकलाई आँखा उपचारमा सहयोग हुनुका साथै डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

काभ्रेको ट्राफिक प्रहरीलाई सिन्धु विकास बैंकको सहयोग



काठमाडौं/ सिन्धु विकास बैंकले बनेपा, काभ्रेस्थित ट्राफिक प्रहरी कार्यालयलाई सहयोग गरेको छ। बैंकको कर्पोरेट कार्यालय बनेपाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यालयलाई आवश्यक उपकरण तथा सरसामान सहयोग गरेको हो। २३-२४ भदौमा जेन-जी आन्दोलनका क्रममा कार्यालयमा तोडफोड, आगजनी र लुटपाट भएको थियो। साथै, विभिन्न कार्यालय सञ्चालनका सामान र उपकरण पूर्ण रूपमा क्षतिग्रस्त भई दैनिक कार्यमा अवरोध उत्पन्न भएको थियो। सोही समस्यालाई समाधान गर्न बैंकले कार्यालयलाई आवश्यक दुई-दुई थान टेबल, कुर्सी, कम्प्युटर, युपिएसका साथै एक थान प्रिन्टर सहयोग गरेको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेश देवकोटाले यी सामग्रीहरू जिल्ला ट्राफिक प्रहरी कार्यालय बनेपाका कार्यालय प्रमुख प्रहरी निरीक्षक सुनील धाँजूलाई हस्तान्तरण गरे। बैंकले २५ वटा शाखा कार्यालय र एक एक्स्टेन्सन काउन्टरमार्फत सेवा दिँदै आएको छ।

'निर्माण क्षेत्रको विकासमा शरदकुमार गौचनको भूमिका महत्त्वपूर्ण'

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण क्षेत्रमा स्व. शरदकुमार गौचनको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन्। पूर्वअध्यक्ष स्व. गौचनको आठौं स्मृतिका अवसरमा बिहीबार आयोजना गरिएको श्रद्धाञ्जली सभामा सिंहले स्व. गौचनले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाको स्मरण गरेका हुन्। 'निर्माण क्षेत्रमा गौचनको अभाव सधैं महसुस भइरहन्छ,' उनले भने, 'निर्माण उद्योग अझै समस्यामुक्त हुन सकेको छैन।'



विगतमा संघका रूपमा रहेको नेपाल निर्माण व्यवसायी संघलाई महासंघमा रूपान्तरण गर्न गौचनले दिएको योगदान प्रशंसनीय भएको वक्ताहरूको भनाइ थियो। त्यसैगरी महासंघ परिसरमा रहेको स्व. गौचनको अर्धकदको सालिकमा गौचनकी श्रीमती आशा गौचन, महासंघका सल्लाहकार तथा पदाधिकारीहरू, कार्य समिति सदस्यलगायतले माल्यार्पण गरेका थिए। गौचनको आठौं स्मृति दिवसको अवसरमा आज सातै प्रदेशमा रहेका निर्माण व्यवसायी महासंघ तथा ७७ जिल्ला निर्माण व्यवसायी संघहरूमा पनि विविध कार्यक्रम गरिएको छ। ०७४ असोज २३ गते नयाँ बानेश्वरस्थित निवासबाट अनामनगरस्थित महासंघ कार्यालय आउने क्रममा गोली हानी गौचनको हत्या गरिएको थियो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
काठमाण्डौ उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय
अनामनगर, काठमाडौं

अबैध प्लटिङ गरेका जग्गा धनीहरुलाई योजना अनुमति (Planning Permit) को दायरामा आउने बारेको सूचना

मिति : २०८२/०६/२४

प्रस्तुत विषयमा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५, काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८, बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र काठमाडौं उपत्यका विकास प्राधिकरण, संचालक समितिको मिति २०८० माघ १० गते बसेको बैठकको निर्णय विपरित काठमाण्डौ जिल्ला भित्र अबैध रुपमा भएका प्लटिङ(घडेरी)हरू योजना अनुमति (Planning Permit) को दायरामा ल्याउन यस कार्यालयबाट विभिन्न मितिमा काठमाडौं जिल्लाका मालपोत कार्यालयहरूलाई पत्राचार गरी अबैध कित्ताकाट रोक्का राखिएको छ। उक्त रोक्का रहेका प्लटिङ (घडेरी) जग्गाहरूको विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको र कार्यालयको वेभसाईट https://ktm.kvda.gov.np/ मा समेत प्रकाशित गरिएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरण, संचालक समितिको मिति २०८२ श्रावण १६ गते बसेको ५१ औं बैठकको निर्णयानुसार रोक्का जग्गाहरू योजना अनुमति (Planning Permit) को दायरामा ल्याउनको लागी यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त रोक्का उपर चित्त नबुझेमा यस प्राधिकरण परिसरमा रहेको न्यायीक निकाय पुनरावेदन समितिमा उजुरी दिनुहुन समेत जानकारी गराइन्छ।

जिल्ला आयुक्त

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय: सखुवा महेन्द्रनगर, धनुषा
फोन नं.: ०४१-५४०३३१

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०६/२४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०६६/०९/२० मा दर्ता नं. ६९२०७/०६६/०६७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, काठेश्वरी मनहरा न.पा. वडा नं. ८ मुलपानी स्थित प्रसिद्ध समृद्ध इन्भेष्टमेन्ट एण्ड विल्डर्स प्रा.लि.
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. गणेश बहादुर थापाको नाति, टंक बहादुर थापाको छोरा, काठमाण्डौ जिल्ला, काठेश्वरी मनहरा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको दयाराम थापा (ना.प्र.प.नं. ८८७९, काठमाण्डौ)
२. टंक बहादुर थापाको बुहारी, दयाराम थापाको पत्नी, काठमाण्डौ जिल्ला, मुलपानी गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठेश्वरी मनहरा गा.वि.स./न.पा. वडा नं. ७ बस्ने शर्मिला कार्की थापा (ना.प्र.प.नं. २७१०१४/३८०५२, काठमाण्डौ)
धितोमा रहेको सम्पत्तिको विवरण
१. शर्मिला कार्की थापाको नाममा मालपोत कार्यालय, चावहिल काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं १०२१०७०२३) स्थित कित्ता नं. ९२, १२७ र १४३ को क्रमशः क्षेत्रफल ७९.४९, २१.८६ र १४३.०८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिलालगापात समेत।
२. प्रसिद्ध समृद्ध इन्भेष्टमेन्ट एण्ड विल्डर्स प्रा.लि. को नाममा मालपोत कार्यालय, चावहिल काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. १०२१०७०२३) स्थित कित्ता नं. १६२ को क्षेत्रफल १९०.७५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिलालगापात समेत
३. प्रसिद्ध समृद्ध इनभेष्टमेन्ट एण्ड विलडर्स प्रा.लि. को नाममा भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, लवठोली गा.वि.स/न.पा. वडा नं. २ (नक्सा सिट नं २/ख) स्थित कित्ता नं. २०५ को क्षेत्रफल २-११-१२.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिलालगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/०६/२४ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सखुवा महेन्द्रनगर, धनुषाबाट प्राप्त गर्न सकिनेछ।
२. खुद्दाखुद्दै धितोको लागि खुद्दाखुद्दै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०६/३० बिहिबार कार्यालय समय भित्र धितोमा रहेको सम्पत्तिको विवरण नं. ३ को हकमा यस बैंकको शाखा कार्यालय सखुवा महेन्द्रनगर, धनुषामा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित कार्यालयमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०६/३१ गते शुक्रबार दिउँसो १:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा खुद्दाखुद्दै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सखुवा महेन्द्रनगर, धनुषामा सम्पर्क राखी बुझ्न सकिनेछ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आषनो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**ऋणी फर्म : जय शंकर किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : जय शंकर दास** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. १०१३४/९५४, दर्ता मिति २०७७/०९/०१, ठेगाना : जिल्ला रौतहट, धरहरी गा.वि.स. वडा नं. ३ (हाल देवाही गोनाही न.पा. वडा नं. ९)
२	**ऋणी फर्म : आरती ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : किशुन्दर प्रसाद कुशवाहा** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं ६६००/४००/५६/३५ मौलापुर, दर्ता मिति २०७५/०७/०८, ठेगाना : जिल्ला रौतहट, पतौरा गा.वि.स. वडा नं. ६ (हाल मौलापुर न.पा. वडा नं. ३)
३	**ऋणी : तेतरी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, गाम्हरिया विर्ता गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८, बाबु : महादेव हजरा, ससुरा : समल हजरा, पति : जोखु हजरा
४	**ऋणी फर्म : बौधिमाई शक्तिकृत कृषि पशु फर्म, संचालक तथा जमानीकर्ता : हरिभजन साह** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. ११५९७/५८६/४५७/६९ (कठहरिया), दर्ता मिति २०७९/११/१०, ठेगाना : जिल्ला रौतहट, कठहरिया न.पा. वडा नं. ६
५	**१) ऋणी फर्म : सुप्रिया श्रेचा पोल्ट्री तथा कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : बेबी सुनार** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.नं.घ.उ.वि: ८८७७/०६९/०७०, दर्ता मिति : २०६९/१०/१८, ठेगाना : जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. ३२ **२) ऋणी : अर्जुन सुनार** स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ उ.म.न.पा. वडा नं.१३, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.३२, बाबु : चन्द्र बहादुर सुनार, बाजे : विक्रम सुनार
६	**१. ऋणी फर्म : चुन देवी सप्लायर्स, प्रोप्राइटर तथा जमानीकर्ता : लक्ष्मी रुपाखेती** दर्ता नं. : वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं. १५४७२३/०७६/७७, दर्ता मिति: २०७७/०४/०१, ठेगाना : जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं.९ **२. ऋणी: लक्ष्मी रुपाखेती** स्थायी ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. ५, हालको ठेगाना : काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, बाबु : तिलक बहादुर खत्री, ससुरा : बद्री बहादुर रुपाखेती, पति : माधव रुपाखेती **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **३. ऋणी : सुजन रुपाखेती** स्थायी ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. ५, हालको ठेगाना : काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, बाबु : माधव रुपाखेती, बाजे: बद्री बहादुर रुपाखेती **जमानीकर्ता : राधिका नगरकोटी**, स्थायी ठेगाना : ललितपुर जिल्ला, दलचोकी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९, बाबु : विर बहादुर नगरकोटी, ससुरा : माधव रुपाखेती, पति : सुजन रुपाखेती
७	**ऋणी फर्म : अनुस्का पशुपंक्षी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : अमित सुनार** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, महेन्द्रनगार कञ्चनपुरमा उद्योग दर्ता नं. : १०४३९/०७९/०८०, मिति : २०७९/११/०५, ठेगाना : जिल्ला कञ्चनपुर, दोधारा चाँदनी न.पा. वडा नं. ६
८	**ऋणी : दीपक नाथ** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, म.न.पा. वडा नं. ४, हालको ठेगाना : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १०, बाबु : नैन नाथ, बाजे : कालु नाथ
९	**१) ऋणी फर्म : सदिक्षा ट्रेड एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : गणेश प्रसाद बोहरा** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कञ्चनपुरमा प्रा.फ.र.नं. ३/०७०/०७१, मिति : २०७०/०४/०३, ठेगाना : जिल्ला कञ्चनपुर, दैजी गा.वि.स. वडा नं. ९ **२) ऋणी : गणेश प्रसाद बोहरा** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८, हाल ठेगाना : कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १, बाबु : हरि प्रसाद बोहरा, बाजे : धर्म राज बोहरा
१०	**१) ऋणी फर्म : नमोबुद्ध अटो पार्टस प्रा.लि., संचालक : अशोक तामाङ** दर्ता नं. : कम्पनि रजिष्ट्राको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं. २७१००५/०७८/०७९, दर्ता मिति: २०७८/०५/२२, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, नमोबुद्ध न.पा. वडा नं. ७ **२) ऋणी : अशोक तामाङ** ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. २, बाबु : जित काजी तामाङ, बाजे : चन्द्रलाल तामाङ
११	**ऋणी : सुजिन कुमार लामा** स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, मेच्छे गा.वि.स. वडा नं. ८, हालको ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ६, बाबु : सिद्धिमान तामाङ, बाजे : कामी सिं
१२	**ऋणी: ज्ञान बहादुर तामाङ** स्थायी ठेगाना : काभ्रे जिल्ला, दाप्चा छत्रेबाँझ गा.वि.स. वडा नं. ५, हालको ठेगाना : काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ७, बाबु : मान बहादुर तामाङ, बाजे : दान बहादुर तामाङ
१३	**ऋणी : अकाश साह तेली** स्थायी ठेगाना : बारा जिल्ला, हरैया गा.वि.स. वडा नं. ७, हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ३, बाबु : जादो साह तेली, बाजे : माहावीर साह तेली
१४	**ऋणी : नरेश कुमार राउत कुर्मी** स्थायी ठेगाना : बारा जिल्ला, भलुही भरवलीया गा.वि.स. वडा नं १, हालको ठेगाना : बारा जिल्ला, फेटा गा.पा. वडा नं १, बाबु : शिवदत राउत कुर्मी, बाजे : मुनी राउत
१५	**ऋणी फर्म : शेषनाथ गाल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता : शेषनाथ यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं. १२९७२/०७९/८०, दर्ता मिति २०७९/०९/०५, ठेगाना : जिल्ला बारा, फेटा गा.पा. वडा नं. ७

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ एसियन टी-२० विश्वकप छनोट

नेपाल र जापान सुपर सिक्समा

समूह 'बी'मा कुवेतलाई पाँच विकेटले हराएर जापानले आफूसँगै नेपालको समेत एक खेलअगाडि नै सुपर सिक्सको स्थान पक्का पाऱ्यो

नयाँ पत्रिका

नेपाल र जापान आइसिसी विश्वकप टी-२० अन्तर्गत एसियन छनोटको सुपर सिक्समा पुगेका छन् । ओमानमा चलिरहेको छनोटको समूह 'बी' दुवै टोलीले एक खेलअगाडि नै सुपर सिक्समा स्थान पक्का गरेका हुन् । जापानले बिहीबार भएको प्रतिस्पर्धामा कुवेतमाथि सानसनी रूपमा पाँच विकेट जित निकाल्दै आफूसँगै नेपाललाई अघिल्लो चरणामा पुऱ्यायो । कुवेत लगातार दुई खेलमा पराजित भएपछि समूह 'बी'बाट सुपर सिक्समा पुग्ने टोलीको छिनोफानो भएको हो । अब शुक्रबार नेपाल र जापानबिचको विजेता नै समूहको शीर्ष स्थानमा रहनेछ ।

दुई खेलमै पराजित कुवेत छनोट चरणबाट बाहिरिएको छ । यसअघि पहिलो खेलमा नेपालसँग कुवेत ५८ रनले पराजित भएको थियो । सुपर सिक्सको आशा जीवितै बनाउन कुवेतले जापानलाई हराउनुपर्ने समीकरण बनेको थियो । तर, हारसँगै कुवेतको सबै आशा समाप्त भयो । नेपालले एक खेलबाट दुई अंक र जापानले पनि दुई अंक बटुलेको छ । रनरेटमा नेपाल शीर्ष स्थानमा छ ।

अन्तिम ओभरमा जापानको जित

पहिलो ब्याटिङ गरेको कुवेतले २० ओभरमा ६ विकेट गुमाएर एक सय ७७ रनको बलियो योगफल खडा गरेको थियो । नेपालविरुद्ध ब्याटिङमा संघर्ष गरेको कुवेतले जापानविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो । विश्वकप छनोटमा नवप्रवेशी जापानविरुद्धको बलियो योगफल राख्दा कुवेत सहजै विजयी हुने अनुमान थियो । तर, जापानले ब्याटिङमा दमदार प्रदर्शन गरी कुवेतविरुद्ध १९.३ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ७८ रन जोड्दै सनसनी जित निकाल्न सफल भयो । कुवेतले जापानविरुद्ध कमजोर बलिङ तथा फिल्डिङ देखाएको थियो । बलियो नेपालसँग भने कुवेतको फिल्डिङ र बलिङ तारिफयोग्य थियो । यही प्रदर्शनलाई निरन्तरता दिन नसक्दा कुवेत छनोट चरणको दोस्रो खेलबाटै बाहिरिएको हो ।



जापानको राष्ट्रिय क्रिकेट टिम ।

वरीयतामा नेपाल १८ र जापान ४३औँ स्थानमा

नेपालले इतिहासमै पहिलोपटक टी-२० आईमा जापानको सामना शुक्रबार गर्दै छ । आइसिसी वरीयतामा नेपाल जापानभन्दा माथि रहेको छ । पछिल्लो वरीयताअनुसार नेपाल १८ र जापान ४३औँ स्थानमा रहेको छ । नेपालले दुईपटक टी-२० विश्वकप खेलिसकेको छ । सन् २०१४ मा नेपालले पहिलो टी-२० आई खेल खेलेको थियो ।

जापानले सन् २०२२ मा इन्डोनेसियाविरुद्ध खेल्यो । जापानले अहिलेसम्म ४६ टी-२० आईमा ३२ जित र १३ हारको सामना गरेको छ । नेपाल आइसिसीको एकदिवसीय मान्यताप्राप्त राष्ट्र हो । नेपालले अहिलेसम्म एक सय सात टी-२० आईमा ६० जित निकाल्दा ४१ खेलमा हारको सामना गरेको छ । यस वर्ष नेपालले १२ टी-२० आईमा सात जित र तीन हार निकालेको छ ।

अंकतालिका

समूह 'ए'

टोली	खेल	जित	हार	अंक	रनरेट
युएई	१	१	०	२	०.५३
कतार	२	१	१	२	०.२२
मलेसिया	१	०	१	०	-१.०७

समूह 'बी'

टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	१	१	०	२	२.९०
जापान	१	१	०	२	०.२८
कुवेत	२	०	२	०	-१.५७

समूह 'सी'

टोली	खेल	जित	हार	अंक	रनरेट
ओमान	१	१	०	२	१.०४
सामोआ	१	०	१	०	-१.०४
पिएनजी	०	०	०	०	०

रहमानको उत्कृष्ट अर्धशतक

एक सय ७८ लक्ष्य पछ्याएको जापानका लागि तेस्रो क्रमका ब्याट्सम्यान इसाम रहमानले आक्रामक अर्धशतकीय योगदान दिए । रहमानले केवल ३९ बलमा नौ चौका र दुई छक्का प्रहार गरी ६४ रन बनाए । जापानले जित हात पार्नुको पछाडि नै बलियो साझेदारी हो । पहिलो विकेटका लागि २.४ ओभरमा २७ रन बनेको थियो । ओपनर तथा कप्तान कन्डेल फलेमिङले १९ बलमा पाँच चौका प्रहार गरी २८ रन बटुले । साबारोष रविचन्द्रनले २९ बलमा एक छक्का र तीन चौका प्रहार गरी ३९ रन जोडे । इब्राहिम ताकासाहीले १५ बलमा तीन छक्काको सहयोगमा २६ रनको योगदान दिए ।

यसअघि कुवेतविरुद्ध ताकासाहीले तीन ओभरमा ३० रन खर्चेर तीन विकेट लिएका थिए । कुवेतको ब्याटिङमा दोस्रो ओपनर क्लिन्टो अन्टाले २८ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३४ रनको योगदान दिए । यसैगरी मित भास्करले २४ बलमा तीन चौका र एक छक्काको सहयोगमा २९ रन जोडे । अली जाहिर र यासिन पटेलले चौथो विकेटका लागि ६६ रनको साझेदारी गरेका थिए । जाहिरले ३१ बलमा चार चौका र एक छक्का प्रहार गरी ४१ रन बटुले । यासिनले २८ बलमा तीन छक्का र एक चौकाको मद्दतमा ४० रन बटुले । समग्रमा कुवेत र जापानका ब्याट्सम्यानले १२ छक्का प्रहार गरेका थिए ।

कतारसँग मलेसिया स्तब्ध

छनोटको 'ए' समूहमा कतारले बलियो मलेसियामाथि आठ विकेटको जित निकाली महत्त्वपूर्ण दुई अंक जोडेको छ । पहिलो ब्याटिङ गरेको मलेसियाले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय २३ रन बनाएको थियो । कतारले १७.१ ओभरमा दुई विकेट गुमाएर एक सय २४ रन जोडेको थियो । कतारको जितमा जुवेर अलीले ४४ बलमा ६५ रनको योगदान दिए । मिर्जा मोहमेदले १९ बलमा ३९ रन बटुले । मलेसियाका लागि भिरन्दीप सिंहले ५४ बलमा ६२ रन जोडे ।

■ एसियन कप छनोट

नेपाल लगातार तेस्रो खेलमा पराजित

७५ प्रतिशत बल पोसेसन बनाएको भियतनामले १० खेलाडीमा प्रतिस्पर्धा गरेको नेपाललाई ३-१ ले हरायो



नेपालका कप्तान तथा गोलरक्षक किरण चेम्जोङ बल क्लियर गर्ने क्रममा । तस्बिर सौजन्य : एनएसजेएफ

नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल पुरुष टोली २०२७ एएफसी एसियन कप छनोटको तेस्रो चरणमा लगातार तेस्रो खेलमा पराजित भएको छ । छनोटअन्तर्गत समूह 'एफ'मा नेपाललाई बिहीबार घरेलु टोली भियतनामले ३-१ ले हराएको हो । हारसँग नेपाल एसियन कप छनोटबाट बाहिरिएको छ । छनोटमा नेपाल अंकविहीन छ । यसअघि नेपाल समूहको पहिलो खेलमा मलेसियासँग २-० ले पराजित भएको थियो । दोस्रो खेलमा नेपाल पहिलोपटक लाओसँग २-१ ले स्तब्ध भयो । भियतनामविरुद्ध १४ अक्टोबरमा नेपाललले घरेलु मैदानका रूपमा प्रतिस्पर्धा गर्नेछ ।

प्रतिस्पर्धामा भियतनामले ७५ प्रतिशत बल पोसेसन आफ्नो पकडमा राखेको थियो । भियतनामले नेपालको पोस्टमा २४ वटा सट प्रहार गर्दा १० वटा अनटार्गेटमा रहेका थिए । नेपालले केवल दुईपटक सट अवसर मात्र सिर्जना गर्न सक्यो । नेपालाई हराउँदै दोस्रो जित निकालेको भियतनामले आफ्नो समूहमा तीन खेलबाट ६ अंकसहित दोस्रो स्थान रक्षा गरेको छ । मलेसिया लगातार तेस्रो खेल जित्दै नौ अंक जोडेर शीर्षमा छ । मलेसियाले लाओसलाई ३-० ले हराएको छ । लाओसको तीन खेलमा ३ अंक छ । पहिलो हाफको अन्त्यतिर नेपाल १० खेलाडीमा सीमित भएको थियो । डी-बक्समा नेपालका स्ट्राइकर लाकेन लिम्बूले भियतनामका खेलाडीलाई सीधै फल गरे । रेफ्रीले उनलाई सीधै रातो कार्ड देखाए । त्यसपछि बाँकी समयमा नेपालले भियतनामविरुद्ध १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो ।

दोस्रो हाफमा नेपाल कमजोर

दोस्रो हाफको तुलनामा पहिलोमा नेपालले राम्रो खेल खेलेको थियो । खेलको नवौं मिनेटमा थिन लिनले भियतनामलाई १-० को अग्रता दिलाए । तर, भियतनामको अग्रता लामो समयसम्म रहेन । खेलको १७औँ मिनेटमा सनिश श्रेष्ठले हेडिङ गोल गर्दै भियतनामलाई १-१ को बराबरीमा रोक्यो । २३ वर्षपछि भियतनामविरुद्ध प्रतिस्पर्धा गरेको नेपालले मध्यान्तरअघि बराबरीकै टक्कर दिएको थियो । फिनिसिङ र मिडफिल्डमा बलियो पकड बनाउन नसक्दा नेपाल दोस्रो हाफमा चुक्यो ।

खेलको ६७औँ मिनेटमा छन मानले भियतनामलाई २-१ को अग्रता दिलाए । खेलको ७२औँ मिनेटमा भान भीले भियतनामलाई ३-१ को स्थितिमा राखे । यसअघि नेपाल र भियतनामबिच सन् २००३ मा दुईपटक प्रतिस्पर्धा भएको थियो । दक्षिण कोरियामा सन् २००३ को सेप्टेम्बरमा एसियन कप छनोटको समूह 'ई'अन्तर्गतको दुवै खेलमा नेपाल भियतनामसँग पराजित भएको थियो । इन्चेनमा भएको पहिलो खेलमा २-० गोलले पराजित भएको नेपाललले दोस्रो खेलमा भियतनामसँग ५ गोल व्यहोरेको थियो ।

१० खेलाडीमा रहँदा गाह्रो भयो



■ म्याट रोस, प्रशिक्षक, नेपाल

भियतनामजस्तो बलियो टोलीविरुद्ध हामीले उत्कृष्ट पुनरागमन गरेका थियौं । तर, पहिलो हाफअगाडि नै हामी १० खेलाडीमा सीमित भयौं । यस कारण खेलमा पछि परेको जस्तो लाग्छ । भियतनामले सुरुवातमै अग्रता लियो । नेपालले त्यसको प्रत्युत्तर पनि छिट्टै दियो । दोस्रो हाफको १५ मिनेटसम्म विपक्षीलाई हामीले रोकेका थियौं । तर, त्यसपछि भियतनामले खेलमा पकड बनायो । प्रतिस्पर्धामा नेपालले केही मौका गुमाएको थियो । डिफेन्स रणनीति राम्रो नै थियो । मुख्यतः राम्रो टोलीविरुद्ध प्रतिस्पर्धा गर्दा केही कमजोरी हुने गर्छ । अब दोस्रो खेलअगाडि हामीलाई समय छ ।

एनपिएलअगाडि नै त्रिवि मैदान तयार हुने

नयाँ पत्रिका

दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) सुरु हुनुअगाडि नै कीर्तिपुरमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निर्माणकार्य पूरा हुने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले बिहीबार ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङलाई निर्माणाधीन क्रिकेट रंगशालाको निर्माणकार्य अनुगमन क्रममा एनपिएलअगाडि निर्माण सम्पन्न हुने जानकारी दिएका हुन् । मन्त्री घिसिङले बिहीबार निर्माणाधीन क्रिकेट मैदानको अनुगमन गरेका हुन् ।

१-२७ मंसिरसम्म एनपिएल हुँदै छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश त्रिवि क्रिकेट मैदानमा सिट राख्ने काम सकिएको छ । अहिले फ्लर्ड लाइट जडानकार्य भइरहेको क्यानका सचिव खड्काले बताए । 'विभिन्न फेजमा यहाँ काम भइरहेका छन् । सिट जडानकार्य पूरा भइसकेको छ, अब महत्त्वपूर्ण काम भनेको यहाँ फ्लर्ड लाइट राख्ने काम हो,' मन्त्री घिसिङलाई जानकारी दिँदै खड्काले भने ।

मन्त्री घिसिङले अनुगमनपछि काम अन्तिम चरणमा पुगेको बताउँदै एक महिनाभित्र निर्माण सकिने बताएका छन् । 'पहिलो फेजको काम अन्तिम चरणमा पुगेको छ । ६ वटा फ्लर्ड लाइट एक महिनाभित्र राखिसक्ने भनेर प्रतिबद्धता गर्नुभएको छ,' उनले भने, 'प्यारापिटको काम लगभग सकिएको छ । ठेक्का पाएको कम्पनीले प्यारापिट एक हप्ताभित्रमै हस्तान्तरण गर्ने भन्नुभएको छ ।'

१० हजार क्षमताको प्यारापिट

मैदानको पहिलो चरणमा दर्शक बस्ने नम्बरसहितको प्यारापिट बनाउने थियो । निर्माण कम्पनीले पहिलो चरणको काम पूरा गरेको छ । 'एनपिएलअगाडि काम सम्पन्न हुनेछ । अहिले १० हजार दर्शकलाई अटाउन सक्ने प्यारापिट बनेको छ,' मन्त्री घिसिङले भने, 'यो हाम्रो एकदमै महत्त्वपूर्ण रंगशाला हो । त्यसैले अब दोस्रो फेजको काम एकैपटक गर्नुपर्छ भनेर हामीले भनेका छौं ।' उनका अनुसार सबै काम सक्दा त्रिवि क्रिकेट मैदानमा ३० हजार दर्शक अट्ने रंगशाला बन्नेछ । अन्तर्राष्ट्रियस्तरमा क्रिकेटमा ख्याति कमाएको खेलका लागि क्रिकेट मैदान बनाउन उच्च प्राथमिकतामा राखेर अगाडि बढाउनुपर्ने उनले बताए । 'निर्माणकार्यलाई अगाडि बढाउन बजेटका लागि अर्थ मन्त्रालयले पनि सहयोग गर्छ । अब दोस्रो चरणको पनि हामी चाँडै नै टेन्डर प्रक्रियामा जान्छौं,' मन्त्री घिसिङले भने ।

गत वर्षको फागुनदेखि मैदानमा प्यारापिटमा कुर्सी जडान र फ्लडलाइट निर्माणकार्य सुरु भएको थियो । २४ वैशाखभित्र निर्माणकार्य सक्ने योजना भए पनि निर्धारित समयमा पूरा हुन सकेन । अहिले समय थप गरेर निर्माण कार्यलाई तीव्रता दिइएको छ । मैदानमा चोभार एन्डतर्फ प्यारापिट निर्माणको काम सकिएको छ । चोभार एन्डतर्फको क्यामरा बक्सको दायाँ र बायाँ भागमा निर्माण भएको प्यारापिटमा अहिले सिट हाल्ने काम पनि सकिएको छ ।

खेलाडीका नाममा हुलाक टिकट प्रकाशन

काठमाडौं/ हुलाक सेवा विभागले बिहीबार नेपाली क्रिकेट खेलाडीको तस्बिर अंकित हुलाक टिकट प्रकाशन गरेको छ । नेपाली क्रिकेट खेलाडीको तस्बिर अंकित हुलाक टिकटमा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले हुलाक सेवा विभागमा आयोजित एक कार्यक्रममा सार्वजनिक गरेका हुन् । विश्व हुलाक दिवस २०२५ का अवसरमा आइसिसी पुरुष विश्वकप र आइसिसी महिला यू-१९ विश्वकप प्रतियोगितामा सहभागी खेलाडीको तस्बिर अंकित हुलाक टिकटमा टाँचा लगाउनुका साथै प्रदर्शनी गरिएको छ । खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेका क्रिकेट खेलाडीको सम्मानका लागि हुलाक टिकट प्रकाशन गरिएको हुलाक सेवा विभागले जनाएको छ । विभागले ०८१ चैत १७ को निर्णयअनुसार १० रुपैयाँ दरको पाँच लाख प्रति हुलाक टिकट प्रकाशन गरेको हो । नेपालले सन् २०२४ को १ देखि २९ जुनसम्म अमेरिका र वेस्ट इन्डिजमा भएको नवौं टी-२० विश्वकप खेलेको थियो । यू- १९ विश्वकप क्रिकेटमा महिला खेलाडीले प्रतिस्पर्धा गरेको थियो ।

■ भुजी लिग आजदेखि

काठमाडौं/ रामेछाप जिल्लाकै सर्वाधिक पुरस्कार धनराशि भएको भुजी लिग रनिङ सिल्ड फुटबल प्रतियोगिता शुक्रबारबाट सुरु हुँदै छ । भुजी खेल मैदानमा हुने फुटबलमा नौ टोलीले भाग लिने बिहीबार आयोजक फुटबल क्लबले जानकारी दिएको छ । आयोजकका अनुसार पिआइसी खिजी, जिवाइसी गुप्तेश्वर, हेल्पिङ ह्यान्ड भुजी, जिरी, सिआइसी प्रीति, बाम्ती, लिखु भुजी, एबिसी मन्थली र एफसिबीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताको फाइनल २९ असोजमा हुनेछ । विजेताले एक लाख २७ हजार र उपविजेताले ६७ हजार सात सय रुपैयाँ हात पार्नेछन् । प्रतियोगिताका उत्कृष्ट खेलाडी, गोलरक्षक र सर्वाधिक गोलकर्ताले पनि पुरस्कार पाउनेछन् ।



इजिप्ट विश्वकपमा छनोट हुने १९औँ राष्ट्र

अफ्रिकी महादेशमा भएको छनोट खेलमा डिबाउटीमाथि ३-० को जित निकाली इजिप्ट चौथोपटक विश्वकपमा

एजेन्सी/ सन् २०२६ को फिफा विश्वकप फुटबल प्रतियोगितामा इजिप्टले स्थान सुरक्षित गरेको छ । विश्वकपमा छनोट हुने इजिप्ट १९औँ राष्ट्र बनेको हो । अर्को वर्ष अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् । अफ्रिकी महादेशबाट इजिप्टसँगै मोरोक्को र ट्युनिसियाले स्थान पक्का गरेका छन् । अहिले एसियाबाट दुई तथा अफ्रिकाबाट ६ टोली छनोट हुन बाँकी छन् ।

अफ्रिकी महादेशको बुधबार भएको छनोटमा इजिप्टले डिबाउटीमाथि ३-० को जित निकाली चौथोपटक विश्वकपको टिकट पक्का गरेको हो । इजिप्टलाई विश्वकपसम्म पुऱ्याउन मोहमद सलाहले दुई गोल गरेका थिए । खेलको आठौँ मिनेटमा इब्राहिमले इजिप्टलाई अग्रता दिलाएका थिए । इब्राहिमले जिजोको सटीक पासमा डी-बक्सभित्रबाट गोल गर्दै इजिप्टलाई १-० को स्थितिमा राखे । खेलको १४औँ मिनेटमा सलाहले टेजेगुइटको पासमा व्यक्तिगत पहिलो गोल गर्दा इजिप्ट २-० ले अघि रह्यो ।

कमजोर प्रतिद्वन्द्वी मानेको डिबाउटीले इजिप्टविरुद्ध रक्षात्मक रणनीति अपनाएको थियो । दोस्रो हाफमा डिबाउटीको दरिलो रक्षापंक्तिमा इजिप्टले गोल गर्न संघर्ष गरेको देखिन्थ्यो ।

खेलको ८४औँ मिनेटमा इजिप्टले ३-० को अग्रता लियो । यसपटक सलाहले नै गोल गरे । उनले मार्वानको पासमा गोल गरेका हुन् । सिएएफ विश्वकप छनोटको समूह 'ए'मा इजिप्टले नौ खेलबाट सर्वाधिक २३ अंक जोडेको छ । इजिप्टले सात जित र दुई बराबरी नतिजा निकालेको छ । दोस्रो स्थानमा बुर्किना फासोले १८ अंक जोडेको छ । १२ अंकका साथ सेरेरा लिओने तेस्रो स्थानमा छ ।

चौथोपटक विश्वकपमा

अफ्रिकी महादेशमा इजिप्ट बलियो फुटबल राष्ट्र हो । तर, इजिप्टले विश्वकपमा दरिलो उपस्थित बनाउन सकेको छैन । समग्रमा इजिप्टले चौथोपटक विश्वकप खेल्न लागेको हो । सन् २०१८ मा इजिप्ट अन्तिमपटक विश्वकपमा पुगेको थियो । जसमा पहिलो अफ्रिकी राष्ट्र पहिलो चरणबाटै बाहिरियो । विश्वकपको दोस्रो संस्करण खेलेको इजिप्टले सन् १९९० को इटालीमा प्रतिस्पर्धामा दोस्रोपटक स्थान रक्षा गरेको थियो । अहिलेसम्म इजिप्टले सन् १९३४, १९९० र २०१८ मा विश्वकप खेलेको रेकर्ड छ । अफ्रिकी महादेशबाट अल्जेरियाको सम्भावना बलियो छ ।



विश्वकपमा पुगेका राष्ट्रहरू

आयोजक : क्यानडा, मेक्सिको, अमेरिका

एसिया : अस्ट्रेलिया, इरान, जापान, जोर्डन, दक्षिण कोरिया, उज्बेकिस्तान

ओसिएना : न्युजिल्यान्ड

दक्षिण अमेरिका : अर्जेन्टिना, ब्राजिल, इक्वेडर, उरुग्वे, पाराग्वे, कोलम्बिया

अफ्रिका : मोरोक्को, ट्युनिसिया, इजिप्ट

इंग्ल्यान्डलाई एक जित आवश्यक

एसियाबाट उज्बेकिस्तान र जोर्डनले पहिलोपटक विश्वकपमा स्थान बनाएका हुन् । युरोपियन छनोटमा इंग्ल्यान्डको सम्भावना बलियो छ । इंग्ल्यान्डले आगामी युरोपियन छनोटमा एक जित निकाल्दा विश्वकपमा स्थान बनाउनेछ । इंग्ल्यान्डले आगामी मंगलबार लात्भियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ । लात्भियालाई हराउँदा इंग्ल्यान्ड विश्वकपमा पुग्नेछ । क्यानडा, मेक्सिको र अमेरिका आयोजकका रूपमा विश्वकपमा पुगिसकेका छन् । एसियाबाट इरान, अस्ट्रेलिया र जापानले लगातार विश्वकप खेल्ने पक्का गरेका छन् । यसैगरी, ओसियाना क्षेत्रबाट न्युजिल्यान्डको टिकट पक्का भएको छ । यसैगरी, दक्षिण अमेरिकी महादेशबाट साबिक विजेता अर्जेन्टिना, ब्राजिल, इक्वेडर, उरुग्वे, पाराग्वे तथा कोलम्बियाले स्थान पक्का गरेका छन् ।

खेल संक्षेप

विराटनगर किंग्सले 'ड्रिम टु प्ले' क्रिकेट गर्ने

काठमाडौं/ नेपाल प्रिमियर लिग (एनपिएल) टोली विराटनगर किंग्सले कोशी प्रदेश क्रिकेट संघको सहकार्यमा उदीयमान खेलाडीको प्रतिभा प्रदर्शनका लागि 'ड्रिम टु प्ले' क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ । कोशीका पाँच जिल्ला झापा, मोरङ, सुनसरी, उदयपुर र इलामका यू-२३ टोली सहभागी हुने विराटनगर किंग्सले जनाएको छ । टी-२० फर्म्याटमा हुने प्रतियोगिता २५-३० असोजसम्म झापास्थित मेची बहुमुखी क्याम्पसको खेलमैदानमा आयोजना हुनेछ ।

केभिआर च्यालेन्ज शनिबार

काठमाडौं/ ट्रेलमान्डु नेपालको आयोजनामा केभिआर समिट च्यालेन्ज शनिबार सुरु हुने भएको छ । च्यालेन्ज हरेक महिना हुने ट्रेल रनिङ प्रतियोगिता हो । काठमाडौं उपत्यकालाई घेर्ने पाँच प्रमुख हिमाल फुलचोकी, शिवपुरी, भस्मासुर, चन्द्रागिरि र जामाचोमध्ये एउटाको शिखरमा पुग्ने कठिन २० देखि ३० किलोमिटरको परिक्रमा केभिआर रनमा समावेश हुने गर्छ । आयोजकले यसपटक परिवारमैत्री वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ ।

न्यु डायमन्डलाई सहयोग

काठमाडौं/ न्यु डायमन्ड युथ स्पोर्टस् क्लबलाई बेलायतमा बसोवास गर्ने संखुवासभाको टोलीले आर्थिक सहयोग गरेको छ । संखुवासभाको टोलीले न्यु डायमन्डलाई दुई लाख ६० हजार रुपैयाँ सहयोग गरेको हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका महिला खेलाडी उत्पादन गर्दै आइरहेका प्रशिक्षक कुमार राईले आफूहरूलाई आर्थिक सहयोग प्राप्त भएको बताए । बेलायतमा रहेका मणि गुरुङले श्रीलंकाको कोलोम्बोमा ३ देखि ९ नोभेम्बरसम्म हुने काभा यू-२० महिला भलिबल च्याम्पियनसिपमा नेपाली टोलीलाई सफलताको शुभकामना दिएका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com